क्रमसंख्या-६५

# गृही-विनय



गौतम बुद्धले सिगालपुत्रलाई उपदेश दिइ रहनु भएको

- भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital

# आनन्दकुटी विहार गुठीको प्रकाशन:

| | | | | |
|---|---|---|---|---|
| १. | बुद्धकालीन ब्राह्मण | भाग-१ | (अप्राप्य) | रू. ७/- |
| २. | बुद्धकालीन ब्राह्मण | भाग-२ | | रू. १५/- |
| ३. | बुद्धकालीन ब्राह्मण | भाग-३ | | रू. १७/- |
| ४. | बुद्धकालीन गृहस्थीहरू | भाग-१ | (अप्राप्य) | रू. ८/- |
| ५. | बुद्धकालीन गृहस्थीहरू | भाग-२ | | रू. १५/- |
| ६. | बुद्धकालीन गृहस्थीहरू | भाग-३ | | रू. १५/- |
| ७. | बुद्धकालीन महिलाहरू | भाग-१ | (अप्राप्य) | रू. ८/- |
| ८. | बुद्धकालीन महिलाहरू | भाग-२ | | रू. १४/- |
| ९. | बुद्धकालीन राजपरिवार | भाग-१ | (अप्राप्य) | रू. १०/- |
| १०. | बुद्धकालीन राजपरिवार | भाग-२ | | रू. १६/- |
| ११. | बुद्धकालीन राजपरिवार | भाग-३ | | रू. १८/- |
| १२. | बुद्धकालीन परिव्राजकहरू | भाग-१ | | रू. १६/- |
| १३. | बुद्धकालीन परिव्राजकहरू | भाग-२ | | रू. १५/- |
| १४. | बुद्धकालीन परिव्राजकहरू | भाग-३ | | रू. २३/- |
| १५. | बुद्धकालीन श्रावक-चरित | भाग-१ | (अप्राप्य) | रू ९/- |
| १६. | बुद्धकालीन श्रावक-चरित | भाग-२ | | रू. १७/- |
| १७. | बुद्धकालीन श्रावक-चरित | भाग-३ | | रू. २०/- |
| १८. | बुद्धकालीन श्रावक-चरित | भाग-४ | | रू. १४/- |
| १९. | बुद्धकालीन श्रावक चरित | भाग-५ | | रू. १४/- |
| २०. | बुद्धकालीन श्रावक चरित (५५) | भाग-६ | | रू. ३०/- |
| २१. | बुद्धकालीन श्राविका-चरित | भाग-१ | (अप्राप्य) | रू. २२/- |
| २२. | बुद्धकालीन ब्रह्मादिदेव | भाग-१ | (अप्राप्य) | रू. १८/- |
| २३. | बुद्धकालीन ब्रह्मादिदेव | भाग-२ | | रू. १८/- |
| २४. | बुद्धकालीन ब्रह्मादिदेव | भाग-३ | | रू. १४/- |

Downloaded from http://dhamma.digital

क्रमसंख्या-६५

# गृही-विनय

(तेस्रो संस्करण)

भिक्षु अमृतानन्द

अनुवादक
केशवलाल कर्माचार्य

बु. सं. २५३९
बि. सं. २०५२

ने. रू. २०/-

Downloaded from http://dhamma.digital

*प्रकाशक :*
**"आनन्द कुटी विहार गुठी"**
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू,
पोष्ट बक्स : ३००७
काठमाडौं, नेपाल ।

फोन : २७१४२०

**(सर्वाधिकार सुरक्षित)**

बु. सं. २५३९
ने. सं. १११५
वि. सं. २०५२
ई. सं. १९९५

प्रथम संस्करण : ३,०००
दोस्रो संस्करण : २,०००
तेस्रो संस्करण : ७,०००

*कम्प्यूटर टाइप सेटिङ्ग :*
**सुरेन्द्र राजथला र सुरेश श्रेष्ठ**
नेपाल, प्रेस, शुक्रपथ

*मुद्रक :*
**नेपाल प्रेस**
शुक्रपथ, काठमाडौं ।
फोन : २२ १० ३२

Downloaded from http://dhamma.digital



दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविर

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

समाजलाई सुचारू रूपले सञ्चालन गर्न समाजका प्रत्येक सदस्यहरूले पुरा गर्नु पर्ने दायित्व इमान्दारीका साथ पुरा गर्नु पर्दछ । यदि कुनै पनि सदस्यले आफ्नो दायित्व या कर्तव्य पालन गर्नुबाट वञ्चित भै रहेमा त्यहाँ नैतिकताको पतन हुनाका साथ-साथै कलह तथा अशान्तिको वातावरण सृजना हुन जानेमा कसैको दुईमत नहोला । तसर्थ गौतम बुद्धले सिगाल गृहपतिलाई देशना गर्नु भएको गृही-विनय तत्कालीन समाजलाई मात्र नभै आधुनिक समाजलाई पनि अत्यन्त उपकारी देखिन्छ ।

बुद्ध धर्म सिद्धान्तवादी धर्म नभै व्यावहारीक धर्म भन्नु मा कसैको दुईमत नहोला । यदि कसैले आफ्नो दायित्वलाई इमान्दारीका साथ पुरा गरेका खण्डमा त्यहाँ अवश्यम्भावि शान्तिको सृजना हुनेछ । यस कृतिले समाजमा आ-आफ्नो दायित्व या कर्तव्य कसरी बहन गर्नु पर्दछ भन्ने कुरा सिकाउँदछ । गौतम बुद्धले देशना गर्नु भए अनुसार आफ्नो दायित्व बहन गर्न सकेमा हाम्रो जीवन सफल हुने नै छ । यदि सकेको छैन भने प्रयास गर्न सबै पाठक वृन्दहरूलाई हौसला मिलोस् ।

यो अमूल्य ग्रन्थ दिवंगत श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले लेख्नु भएकोमा अनुवाद केशवलाल कर्माचार्यले गर्नु भएको छ । तेस्रो पल्ट छपाई हुन लागेको यो अमूल्य ग्रन्थ आनन्द कुटी विहार गुठीबाट ३,००० प्रति धर्मकीर्ति अध्ययन गोष्ठीबाट ३,००० प्रति र कयो मय्जु शाक्य, चाकुपात, पाटनबाट १,००० प्रति गरी जम्मा ७,००० प्रति छपाई गर्न पाएकोमा दिवंगत श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महास्थवीरज्यूलाई निर्वाण कामनाका साथै धन्यवाद ज्ञापन गर्दछु । साथै कयो मय्जु शाक्यलाई यस ग्रन्थ १,००० प्रति छपाई गर्न हौसला प्रदान गर्नु भएका श्री हेराकाजी सुईका पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्तमा प्रेसका कर्मचारीवर्गलाई र सम्बन्धित हुनु भई काम गरीदिनु भएका सबैलाई पनि साधुवाद छ। प्रुफ हेरीदिनु भई सहयोग गर्नु भएका भिक्षु कुमार काश्यप पनि धन्यवादका पात्र हुनुहुन्छ ।


**भिक्षु पञ्ञा मूर्ति**
*सदस्य-सचिव*
**आनन्द कुटी विहार गुठी**
पोष्ट बक्स नं. ३००७, काठमाडौं ।


Downloaded from http://dhamma.digital

# ग्रन्थ-परिचय

भगवान् बुद्धको मूल उपदेश संग्रह गरिराखेको ग्रन्थलाई 'त्रिपिटक' भन्दछन्-

त्रिपिटकमा जम्मा तीन अंग छन्-

(१) सुत्त-पिटक (सूत्र-पिटक)

(२) विनय-पिटक (विनय-पिटक)

(३) अभिधम्म-पिटक (अभिधर्म-पिटक)

यी तीन ग्रन्थको समूहलाई नै 'त्रिपिटक' (तीनटोकरी) भन्दछन् ।

सुत्त-पिटकमा पाँच ग्रन्थ छन्-

(१) दीघनिकाय-यसमा ३४ सूत्र छन् ।

(२) मज्झिमनिकाय-यसमा १५२ सूत्र छन् ।

(३) संयुत्तनिकाय-यसमा ५६ संयुक्त छन् ।

(४) अंगुत्तरनिकाय-यसमा ११ निपात छन् ।

(५) खुद्दकनिकाय-यसमा १५ ग्रन्थ छन् ।

खुद्दकनिकायको १५ ग्रन्थ यी हुन्-

(१) खुद्दकपाठ (२) धम्मपद

(३) उदान (४) इतिवुत्तक

(५) सुत्तनिपात (६) विमानवत्थु

(७) पेतवत्थु (८) थेर-गाथा

(९) थेरी-गाथा (१०) जातक

(११) निद्देस (महानिद्देस र चूलनिद्देस)

Downloaded from http://dhamma.digital

(१२) पटिसम्भिदामग्ग (१३) अपदान
(१४) बुद्धवंस (१५) चरियापिटक ।

विनय पिटकमा पाँच ग्रन्थ छन्-

(१) पाराजिका पालि अथवा भिक्खु विभंग ।

(२) पाचित्तिय पालि अथवा भिक्खुनी विभंग ।

(३) महावग्ग ।

(४) चूलवग्ग ।

(५) परिवार पालि ।

यी पाँचवटा ग्रन्थमध्येमा पनि १, २ ग्रन्थलाई 'सुत्तविभंग' पनि भन्दछन् । ३, ४ लाई 'खन्धक' पनि भन्दछन् ।

अभिधम्म पिटकमा सातवटा ग्रन्थ छन्-

(१) धम्मसंगनी (२) विभंग
(३) कथावत्थु (४) पुग्गल पञ्ञत्ति
(५) धातुकथा (६) यमक
७) पट्ठान ।

'सिगालोवाद-सूत्र'-सूत्र-पिटकको दीघनिकाय नामक ग्रन्थको एकतीसवाँ सूत्र हो ।

❀

Downloaded from http://dhamma.digital

# अनुवादकको तर्फबाट

गृही-विनयको अर्थ हो, गृहस्थीले पालन गर्नुपर्ने नियम अर्थात् अनुशासन । बुद्धले आफ्नो शासनमा अनुशासनलाई ठूलो महत्व दिएका छन् । मानवजातिलाई नैतिक पतनबाट बचाउन बुद्धले आफ्नो धर्म-प्रचार कार्यमा गृहस्थीको कर्तव्या-कर्तव्यलाई समेत् स्थान दिन बिर्सेका थिएनन् । त्यसैको फलस्वरूप यो 'गृही-विनय' जस्तो अमूल्य शिक्षा हाम्रो सामूमा आएको छ ।

अनुशासन बिना शान्ति हुँदैन, शान्ति विना सुख प्राप्तिको आशा गर्नु ब्यर्थ छ । शन्तिनायक बुद्ध, शुद्ध दार्शनिक मात्रै थिएनन्, विचारक तथा सुधारक पनि थिए । दर्शनतिर उनले जति विचार पुऱ्याएका थिए, व्यावहारिक जीवनमा पनि उनले उत्तिकै दृष्टि दिएका थिए । बुद्धको धेरैजसो शिक्षा र.व्याख्यान हामी 'सुत्त-पिटक' मा नै पाउँछौं । उनको दार्शनिक उपदेश पनि मुख्यत: यसैमा छ । सिगालपुत्रलाई दिएको उपदेश पनि यो 'गृही-विनय' पनि त्यही सुत्त-पिटकको एक अंश हो ।

के गृहस्थी, के गृहत्यागी, जोसुकैको निंति पनि अनुशासन (नीति ज्ञान) ठूलो आवश्यक कुरो हो । अनुशासनको अभावमा मानव-जीवन बन्द छ । चरित्रको सुधार र चित्तको शुद्धि गर्नुमा नै वास्तविक कल्याण छ, बुद्धको विश्वास पनि यसैमा थियो ।

भिक्षु अमृतानन्द स्थविरको आज्ञाले यस्तो महान् ग्रन्थ (गृही-विनय) अनुवाद गर्न पाउँदा आफूलाई ठूलो भाग्यशाली सम्झेका

Downloaded from http://dhamma.digital

छु। जनहित-कल्याणकार्यमा यसरी आंशिकै रूपमा भएपनि हात बटाउन पाउँदा बुद्धप्रति आफ्नो पनि कर्तव्य (आंशिक रूपमा नै किन नहोस्) पालन गरेको अनुभव गर्दछु । अस्तु ।

**- केशवलाल कर्माचार्य**

केलटोल, काठमाण्डू ।
भाद्र पूर्णिमा २०१३

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# दोस्रो संस्करणबारे

प्रस्तुत "गृही-विनय" चतुर्थ विश्व बौद्ध सम्मेलनको सुअवसरमा श्री केशवलाल कर्माचार्यज्यूले नेवारीबाट पहिलो पटक नेपालीमा अनुवाद गरी धर्मोदय सभाले तीनहजार प्रति छापेको थियो ।

अहिले यसको दोस्रो संस्करण आनन्दकुटी विहार गुठीको तर्फबाट दुइहजार प्रति छापिएको छ । यो बिहार गुठीको ६५औं प्रकाशन हो ।

हालको संस्करणमा गृही-विनयको अन्त्यमा केही सूत्रहरूका कुराहरू थपिदिएको छु । जो गृहस्थीहरूले जानिराख्नु आवश्यक भएको कुरा मैले सम्झेको छु ।

आयुष्मान् कुमार काश्यपले बडो ध्यान दिइ प्रुफ हेरी दिनु भएकोमा र प्रुफ ल्याउन लैजानमा श्री राजेन्द्र भट्ट र श्री खड्ग बहादुर उपासकले गरेको सेवाको लागि धेरै धेरै धन्यवाद गरेको छु ।

- भिक्षु अमृतानन्द
कार्तिक २१, २०४६

आनन्दकुटी बिहार
स्वयम्भू, काठमाडौं ।
फोन नं. २७१४२०

Downloaded from http://dhamma.digital

# विषय-सूची


पृष्ठ :

| | | |
|---|---|---|
| १. | गृहस्थीले के गर्नु पर्दछ ? | १ |
| २. | सिगालोवाद-सूत्र | ८ |
| ३. | चार प्रकारको कर्मक्लेश | ११ |
| ४. | चार प्रकारको पाप | १२ |
| ५. | सम्पत्ति नाश हुने छ:वटा कारण | १३ |
| ६. | सुरापान गर्नुमा छ:वटा दोष | १४ |
| ७. | कुबेलामा घुम्न जानुमा छ:वटा दोष | १६ |
| ८. | नाच आदि हेर्न जानुमा छ:वटा दोष | १८ |
| ९. | जुवा आदि खेल्नुमा छ:वटा दोष | १९ |
| १०. | कुमित्र संगत गर्नुमा छ:वटा दोष | २१ |
| ११. | अल्सी भएर रहनुमा छ:वटा दोष | २२ |
| १२. | चार प्रकारका असत् मित्रहरू | २७ |
| १३. | परवस्तु मात्रै लिने मित्र | २८ |
| १४. | वचनले मात्रै मित्रभाव देखाउने मित्र | ३० |
| १५. | मुखको अगिल्तिर मात्रै प्रशंसा गर्ने मित्र | ३२ |
| १६. | कुकर्ममा मात्रै सहायता दिने मित्र | ३४ |
| १७. | चार प्रकारका सत्मित्रहरू | ३६ |
| १८. | उपकार गर्ने मित्र | ३७ |
| १९. | सुख-दु:खमा उपकार गर्ने मित्र | ३९ |
| २०. | बुद्धिहुने अर्तिदिने मित्र | ४१ |


Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| २१. | चूल सुभद्राको कथा | ४३ |
| २२. | अनुकम्पा राख्ने मित्र | ५३ |
| २३. | नमस्कार गर्नुपर्ने छ:वटा दिशा | ५७ |
| २४. | आमाबाबु प्रति छोराछोरीको कर्तव्य | ६० |
| २५. | छोराहरूप्रति आमाबाबुको कर्तव्य | ६४ |
| २६. | अनाथपिण्डिक पुत्र | ६५ |
| २७. | आचार्यप्रति शिष्यको कर्तव्य | ७२ |
| २८. | शिष्यप्रति आचार्यको कर्तव्य | ७४ |
| २९. | स्त्रीप्रति पुरुषको कर्तव्य | ७७ |
| ३०. | पुरुषप्रति स्त्रीको कर्तव्य | ७९ |
| ३१. | बोधिसत्वकी स्त्रीको कथा | ८० |
| ३२. | मित्रप्रति कुलपुत्रको कर्तव्य | ८५ |
| ३३. | कुलपुत्रप्रति मित्रको कर्तव्य | ८६ |
| ३४. | नोकर-चाकरप्रति मालिकको कर्तव्य | ८७ |
| ३५. | मांलिकप्रति नोकरको कर्तव्य | ८९ |
| ३६. | श्रमण-ब्राह्मणप्रति कुलपुत्रको कर्तव्य | ९१ |
| ३७. | कुलपुत्रप्रति श्रमण-ब्राह्मणको कर्तव्य | ९४ |
| ३८. | चारवटा लोकसंग्रह वस्तु | ९७ |
| ३९. | गृही सुख हुने उपदेश | १०१ |
| ४०. | चार सम्पदा | १०३ |
| ४१. | विनाशका चार कारणहरू | १०६ |
| ४२. | गृहस्थीहरूले विशेष ध्यानमा राख्नुपर्ने कारणहरू | १०९ |
| ४३. | उपासकले गर्न नहुने व्यापार | ११० |
| ४४. | प्रज्ञा वृद्धि हुने कारण | १११ |


Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# गृही-विनय

## गृहस्थीले के गर्नु पर्दछ ?

उपासक-नमस्ते !

भिक्षु-मंगल होस् ! कता पाल्नु भो ?

उपासक-कता जाऊँ, यहाँहरूकै दर्शन गर्न घरैबाट सरासर आउँदै छु ।

भिक्षु-असल कुरा हो । श्रमण, भिक्षुहरूको बराबर दर्शन गर्नु साह्रै उत्तम हो भनी भगवान बुद्धले पनि मंगलसूत्रमा भन्नु भएको छ ।

उपासक-के गरूँ भन्ते ! हामी भने गृहस्थाश्रममा भुलिरहेका व्यक्ति, गर्न सकेको पनि केही होइन । कहिलेकाहीं गृहस्थीले गर्नु पर्ने कर्तव्य त गर्नै पर्ने हो भन्ने विचार पनि मनमा आउँछ, तर आएरै पो के गर्नु र, आफूलाई थाहा भएको केही होइन ।

भिक्षु-यही बानी त हाम्रो राम्रो नभएको । जानेको छैन, थाहा छैन मात्रै भनेर चूपलाएर बसि दिन्छौं । आफूलाई न भै नहुने ज्ञान बुद्धिसम्म पनि प्राप्त गर्ने हामी कोशिश गर्दैनौं । साँचै भनूँ भने जान्न नसकिने, गर्न नसकिने कुरै पो के छ र ! हामी मिहेनतै गर्दैनौं, 'जानूँ-गरूँ'-भनेर आफूले मनमा उत्साह लिई कोशिश गर्‍यौं भने नहुने कुरा नै के छ र ! विना यत्नले संसारमा पाइने वस्तु केही छैन । तिर्खा लाग्दैमा पानी, यसलाई

Downloaded from http://dhamma.digital

त पानी चाहियो भनी, हाम्रो सामुन्ने आएर बस्न आउँछ कि आफूले खोज्न जानु पर्छ ? हरेक कुरा त्यस्तै हो। श्रमण, ब्राह्मण भिक्षुहरूकहाँ बराबर गएर 'के गर्नु पर्दछ कसो गर्नु पर्दछ'-भनी बराबर सोध्ने काम भए पो हरेक कुरो थाहा भएर आउँछ। अल्सी भएर त्यसै बसि रहेर पनि कुनै काम हुन्छ र !

उपासक-त्यो त हो, जान्न खोजे पो जानिन्छ, त्यसै बसिरहेर के जानिन्छ ! यहाँले आज्ञा गर्नुभएको साँचो हो। म आज यहाँ आएको पनि त्यही आशाले हो। हामी गृहस्थीहरूले गर्नु पर्ने कर्तव्य के कति छ आज्ञा गर्नु भए बेस हुने थियो।

भिक्षु-गृहस्थीहरूले गर्नु पर्ने कर्तव्य त धेरै छन्। दान दिनु, शील पालन गर्नु, भावना गर्नु, श्रद्धा गर्नु, प्रज्ञा प्राप्त गर्नु, बहुश्रुत हुनु, सबैसित मित्र भाव राखी बस्न सिक्नु र धन उपार्जन गर्नु इत्यादि गृहस्थीले पालन गर्नु पर्ने नियमहरू हुन्।

उपासक-यसमा शीलपालन गर्ने नियम के के छ त ?

भिक्षु-शीलपालन गर्ने विधि पनि धेरै छन्। ती जम्मै बुझ्नलाई त विशुद्धिमार्ग नामक ग्रन्थ हेर्नु पर्दछ। तर एक ठाउँमा भगवानले गृहस्थीहरूले पालन गर्नु पर्ने विशेष कर्तव्य विषयमा उल्लेख गर्नु भएको छ। त्यो बमोजिम राम्ररी विधि पालन गऱ्यौ भने यस लोक र परलोक दुबैमा गृहस्थीहरूको सुख-वृद्धि हुने छन्। भगवान्‌को त्यस उपदेशलाई त्रिपिटकमा 'सिगालोवाद-सूत्र' को नामले उल्लिखित भएको छ। तर हामी यहाँ 'गृही-विनय' नामले व्यवहार गरौं।

उपासक- 'सिगालोवाद-सूत्र'को साधारण अर्थ के हो त ?

भिक्षु-'सिगाल' एक व्यक्तिको नाम हो। 'ओवाद'-भनेको अर्ति उपदेश हो। यी दुइ पद सन्धि भएर (सिगाल+ओवाद) सिगालोवाद भएको

Downloaded from http://dhamma.digital

हो। अर्थात् सिगाल भन्ने व्यक्तिलाई दिएको उपदेश। उपदेशहरू जम्मै एकै ठाउँमा जम्मा गरिराखेको हुनाले 'सूत्र' भनेको हो। हुन त सूत्र (सुत्त) शब्दको साधारण अर्थ 'धागो' हो। तर, यहाँ त्यस अर्थले प्रयोग भएको होइन। 'धागो' अर्थले प्रयोग नभएको भए तापनि 'धागोले गर्ने काम'को अर्थमा यो 'सूत्र' प्रयोग भएको छ। धागोको काम हो अलग-अलग भैरहेका वस्तुलाई एकैं ठाउँमा उनिदिनु अर्थात् लहरै गाँसेर माला बनाइ दिनु। यही मतलबको आधारमा भगवान् बुद्धले दिनु भएको, त्रिपिटक धर्मको सूत्रपिटक अन्तर्गत जम्मै धर्मस्कन्धको उपदेशलाई 'सूत्र' भनेको हो। त्यसमा विभिन्न स्थानमा भगवानले दिनुभएको उपदेशलाई फूल उन्ने जस्तो ऊनी एकै ठाउँमा संग्रह गरिराखेका छन्।

उपासक-ती सिगाल भन्ने व्यक्ति को हुन् ? कहाँका बासिन्दा हुन् ? भगवान्ले उनलाई 'गृही-विनय' को उपदेश कहिले दिनु भएको थियो ?

भिक्षु-ती जम्मै कुरा म सविस्तार भनेर ल्याउँछु; ध्यान दिएर सुन्नुहोस् त !

Dhamma.Digital

उपासक-हवस्, आज्ञा गर्नु होस्।

भिक्षु-उसबेला मगधदेशको राजधानी राजगृह भन्ने एउटा प्रसिद्ध नगर थियो। यो करीब २५०० वर्ष जति अघिको कुरा हो। त्यो राजगृह नगरमा अत्यन्त धनी, कुलीन, श्रद्धा भक्तिवान् तथा बुद्ध शासनमा सुप्रसन्न गृहपति महाजन एकजना थिए। उनी भगवान् बुद्धका उपासक थिए। चालीस करोड धन त उनले भूमिमा मात्रै गाडिराखेका थिए। भगवानउपर उनको ठूलो श्रद्धा-भक्ति थियो। चित्त पनि उनको साह्रै परिशुद्ध थियो। उनको मनमा बुद्ध, धर्म र संघप्रति कुनै किसिमको शंका थिएन। शंसयबाट पर भई स्रोतापन्न पनि भैसकेका थिए। उनकी धर्मपत्नी पनि उस्तै

Downloaded from http://dhamma.digital

थिइन् । तिनीहरूका सिगाल (=श्रृगाल) नाम गरेका एकजना छोरा थिए । धर्म तथा कर्तव्यप्रति त्यस सिगालको श्रद्धा र भक्ति रत्तिभर पनि थिएन । जतिसुकै उपदेश दिए पनि, शिक्षा दिए पनि, भालुलाई पुराण सुनाउनु जत्तिकै हुन्थ्यो । बारंबार त्यो महाजनले छोरा सिगाललाई यस्तो भन्ने गर्दथे-

"प्रिय पुत्र, भगवान् बुद्ध कहाँ जाऊ । त्यहाँ जाने तेरो इच्छा नभए धर्मसेनापति हुनुभएका सारिपुत्र महास्थविर कहाँ जाऊ । कि हैन भने मौद्गल्यायन महास्थविर कहाँ जाऊ । वहाँहरू कहाँ पनि तेरो जाने इच्छा नभए महाकाश्यप महास्थविर कहाँ जाऊ । अझ वहांकहाँ पनि तँ जान्नस् भने अस्सीजना महाश्रावकहरू कहाँ त तैंले जानु हुन्छ ! त्यहाँ गएर भिक्षुगुरुहरूलाई पचाङ्ग दण्डवत् गर्नू, धर्मकथा सुन्नू, शील पालन गर्नू ।"

यस्तो उपदेश सुनी सिगालपुत्रले यस्तो जवाफ दिए- "न कराऊ, चूपलाग । तिमीहरूका ती श्रमण ब्राह्मणहरूको अगिल्तिरै जान मलाई निको लाग्दैन । अगिल्तिर पुग्नासाथ घुडा धसी दण्डवत् गर्नु पर्दछ, के यो पनि कायदा हो । दण्डवत् गर्दा ढाड दुख्ने, गर्दन दुख्ने, घुडा दुःख्ने त छँदैछ, सुरूवालसमेत् च्यातिन्छ । फेरि दण्डवत् मात्रै गरेर पुग्ने हो र ! हेर्दैमा दरिद्र जस्तो भएर एक कुनातिर गएर बसिरहनु पर्दछ । बाँधिएको बोका झैं चल्दै नचलिकन रहनु पर्दछ । भैगो त्यति बसि मात्रै रहेर पुग्ने हो र फेरि बस्यो कि त धर्म-कथा सुन्नु परि हाल्ने । धर्मकथा सुन्यो भने त्यसमा विश्वास उत्पन्न नभई छोड्दैन । विश्वास उत्पन्न भयो कि तिनीहरूलाई आदर मान गरी घरमा डाक, भोजन गराऊ, चीवर परिष्कार आदि दान गर । यो पनि कुनै राम्रो कायदा हो ! यसो भयो भने भएको धनसम्पत्ति पनि केही बाँकी रहन्न त्यसकारण म त त्यहाँ जान्न । तिमीहरू जान्छौ भने जाऊ ।"

Downloaded from http://dhamma.digital

तर आमा बाबुले सिगाललाई बोध गर्न छाडेका होइनन् । जे गरेर भए पनि आफ्नो छोराको मन धर्मतिर लगाउने तिनीहरूको अभिलाषा थियो। सिगालले भने धर्मतिर मन दिएकै होइन। आमाबाबुले कति संझाउँदा पनि उनलाई त्रिरत्नको शरणमा ल्याउन सकेकै होइन। सिगाल दिनप्रतिदिन बरालिँदै गैरहेका थिए।

एक दिन गृहपति महाजन बिरामी परे। वैद्यहरूको प्रयत्न निष्फल हुँदै आयो। अब त अन्तिम शय्यामा परे, भन्ने थाहा पाएका गृहपतिको मनमा यस्तो विचार उठ्‌यो 'मेरो छोरालाई मैले केही गरेर पनि बोध गराउन सकिन । एउटा उपाय त नगरी भएन । म मर्न लागिरहेको छु, के उपाय गरूँ। त्यसलाई केही गरेर पठाउनसकिन भने त त्यो महापापी भएर मिथ्या दृष्टि ब्यक्ति भएर दुर्गतिमा पतन हुनेछ !'

यस्तो कल्पनामा डुबेका गृहपतिलाई एकाएक यस्तो विचार उत्पन्न भयो- "छोरालाई अरू केही नभएपनि छवटा दिशा नमस्कार गर्ने बिधि त सिकाई राखूँ। यो कुरा त त्यसले अवश्य सुन्ने छ यसमा श्रमण भिक्षुहरूलाई मान्नु पर्ने कुरा पनि केही छैन । त्यसले यो कुरा त सुनी तदनुसार चर्य्या पनि गर्ला । चर्य्या गरिरह्‌यो भने एक न एकदिन भगवान अथवा श्रावकहरूले अवश्य पनि देख्ने छन्। देखे भने 'के गरिरहेको ?' भनी नसोधी छाड्ने छैनन्। सोधे भने सिगालले, मेरा पिताले मरणावस्थामा मलाई छवटा दिशा दिन्हौं नमस्कार गर्नू भनी भनेर गएका थिए, त्यही अन्तिम वचन पालन गरिरहेको हुँ भन्ने छ । अनि भगवान्‌ले तँलाई तेरो पिताले किन छवटा दिशाको नमस्कार गर्नू भनेको हो ?' भनी सोध्नु हुनेछ। सिगालले त्यसबेला कुनै जवाफ दिन सक्ने छैन । त्यो देखेर भगवान्‌ले 'आर्य्यविनयमा दिशा नमस्कार गर्ने विधि त्यसरी होइन' भनी आर्य्य-विनयको धर्मोपदेश गर्नु हुनेछ। त्यसबेला यसलाई अवश्य ज्ञान प्राप्त हुनेछ। ज्ञान प्राप्त भएपछि

Downloaded from http://dhamma.digital

बुद्ध, धर्म र संघप्रति यसको श्रद्धा पनि उत्पन्न हुन थाल्ने छ । अनि मात्रै यसको जीवन सार्थक हुनेछ । दुर्गतिमा पर्नु पर्ने छैन, पुण्यको प्रभावले सुगति पाई स्वर्गलोकमा जन्म हुन जान सक्ने छ !'

यस्तो कल्पनासागरमा डुबेका गृहपतिले छोरोलाई डाकी भने- "प्रिय पुत्र ! तिमीलाई मैले धेरै उपदेश गरिसकें, तर यो कुरा एउटा त बाले भनेको ठीक हो भनी ग्रहण गरेनौं । आज पनि एउटा उपदेश म तिमीलाई दिन लागेको छु । ध्यान दिएर सुन: । यस कुरालाई त तिमीले 'बाको अन्तिम वचन' भनी ग्रहण गर । मेरो अन्त्य अवस्था आइपुगिसकेको छ । त्यसकारण यो मेरो अन्त्य अवस्थाको अन्तिम उपदेश संझी ग्रहण गरिलिने छौ भन्ने मलाई विश्वास छ । बाबु ! यो मेरो अन्तिम वचन पनि तिमीले मानेनौ भने तिम्रो जीवन झन धिक्कारको हुन्छ । तिमी जस्तो छोरोलाई जन्म दिने भएको म बाबुको जीवनलाई पनि धिक्कारै हुनेछ । तिमी मेरो यो अन्तिम उपदेशलाई स्वीकार गऱ्यौ भने तेरो जीवन सफल पनि हुनेछ, तेरो भलो पनि यसैमा छ ।"

त्यसबेला सिगाललाई, बाबुको अन्तिम अवस्था देखेर तथा करुणा-चित्तले दिएको उपदेश सुनी पश्चात्ताप भयो, मनमा ठूलो शोक पैदा भयो । बाबुको अगिल्तिर हात जोडी बिन्ति गर्दै भने- "पिताजी ! मैले जानिन, मलाई क्षमा गर्नू होस् ! मैले के गर्नु पर्दछ आज्ञा होस् म अवश्य गर्ने छु ।"

गृहपतिले भने- "पुत्र ! त्यसो हो भने, विहान सबेरै उठी गंगामा स्नान गर्न जाऊ । अनि भिजेकै शरीरले पूर्वदिशा, दक्षिण दिशा, पश्चिम दिशा, उत्तर दिशा र माथिको दिशा तथा तलको दिशा- यी छ दिशालाई प्रतिदिन नमस्कार गर्ने गर !"

Downloaded from http://dhamma.digital

मरणावस्थामा भनेको कुरा जसको पनि हृदयमा छुँदो रहेछ । सिगालपुत्रले पनि बाबुको बचनलाई कहिल्यै अवहेलना गर्ने विचार गरेन । प्रतिदिन गंगामा गई स्नान गरी भिजेकै केश तथा वस्त्रसहितले छः दिशा नमस्कार गर्ने चर्य्या गर्न थाले ।

यसप्रकारले बाबुको बचनअनुसार चर्य्या गरिरहेका सिगाल पुत्रलाई साँच्चै एकदिन भगवान् बुद्धले देखिहाले । त्यसैबेला उनलाई भगवान्ले, गृहस्थीहरूले गर्नु पर्ने 'गृही-विनय' को शिक्षा दिए ।

उपासक ! तपाईंको प्रश्नको उत्तर त यों भयो । तर, म तपाईंलाई भगवान्ले सिगालपुत्रलाई दिनु भएको उपदेश सविस्तार वर्णन गर्ने छु । अलि श्रद्धा तथा ध्यान दिएर सुन्नुहोस् ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सिगालोवाद-सूत्र

अर्थात्

# सिगाललाई दिएको उपदेश

**यस्तो मैले सुनेको छु-**

एकपटक तथागत सम्यक्सम्बुद्ध राजगृह नगरमा कलन्दकनिवाप नामक प्रदेशमा बाँसबारीमा बसिरहनु भएको थियो । त्यसबेला गृहपति-पुत्र सिगाल प्रतिदिन नदीमा गई स्नान गरी भिजेकै केश र भिजेकै वस्त्र सहितले हात जोडेर नाना दिशा नमस्कार गर्ने गरिरहेका थिए ।

नानादिशा भनेको- पूर्व दिशा, दक्षिण दिशा, पश्चिम दिशा, उत्तर दिशा, माथिको दिशा तथा तलको दिशा हुन् ।

एकदिन भगवात् बुद्ध चीवर र पिण्डपात्र धारणगरी भिक्षाटन्को निंति राज-गृह नगरमा जानुभएको थियो । त्यहाँ नदीको किनारमा भिजेकै केश र भिजेकै वस्त्रले हात जोडी नाना दिशा नमस्कार गरिरहेका गृहपतिपुत्र एकजनालाई देख्नु भयो ।

(हुन त भगवान्ले उनलाई रातको चर्तुथ प्रहरमा अर्थात् विहानको प्रहरमा नै ध्यानले देख्नु भएको थियो । प्रत्येक प्रात:को चतुर्थ प्रहरमा महाकरुणासमापत्ति नामक ध्यानमा बसेर 'आज कसको उद्धार गरूँ' भनी ध्यान दृष्टिले हेर्ने नियम त तथागतहरूको एउटा नित्य चर्य्या नै थियो । भगवान् बुद्धले पनि त्यही ध्यानमा बस्नु भएर "आज कसको उद्धार गरूँ" भनी हेर्नु भएको बेलामा सिगालपुत्रलाई देख्नु भयो । अनि यसलाई

Downloaded from http://dhamma.digital

गृहस्थीहरूले गर्नु पर्ने विनय-विधिको उपदेश गरी स्वर्गपरायण गरी उद्धार गर्ने छु भन्ने विचार पनि गर्नुभयो। त्यसैकारण भगवान् बिहान विहारबाट भिक्षाटन्को निंति, सिगालपुत्र भएको स्थान राजगृह नगरतिर जानु भएको हो ।)

भगवान्ले त्यस सिगालपुत्रको अगिल्तिर गई यस्तो आज्ञा गर्नुभयो- "हे गृहपतिपुत्र ! तिमी किन यसरी बिहान सबेरै यस ठाउँमा आई नाना दिशा नमस्कार गरिरहेको ?"

सिगालपुत्रले भने- "भन्ते ! म मेरो पिताको अन्तिम वचन पालन गरिरहेको हुँ । वहाँले मरणावस्थामा मलाई 'प्रतिदिन दिशा नमस्कार गर्न नछोड्नू' भनेर जानु भएको थियो। त्यही वचन शिरोधार्य्य गरी बिहान सबेरै गंगामा स्नान गरी नाना दिशा नमस्कार गरेको हुँ ।"

भगवान्- "गृहपतिपुत्र ! आर्य विनियमा[१] छवटा दिशा नमस्कार गर्ने विधि त्यसरी होइन ।"

सिगाल- "भन्ते ! त्यसो हो भने, कृपाराखी, आर्य्य-विनयमा दिशा नमस्कार गर्ने कसरी हो त, आज्ञा गर्नुहोस् मलाई धर्मोपदेश दिई उद्धार गर्नुहोस् ।"

भगवान्- "गृहपति पुत्र ! त्यसो भए एक चित्त भएर सुन ।"

"हवस् आज्ञा होस्" भनी सिगालपुत्रले जवाफ दिए। अनि भगवान्ले निम्नोपदेश गर्नुभयो:-

गृहपति पुत्र ! भगवान्को आर्य्यविनय पालना गरेका श्रावकहरूले प्रथमोप्रथम (अ) चार प्रकारको कर्म-क्लेश[२] त्याग गर्दछन् (आ) चार प्रकारको पाप कर्म गर्दैनन्,र (इ) सम्पत्ति विनाश हुने छवटा कारण पनि सेवन गर्दैनन्। यति चौधवटा पाप अर्थात् अकुशल कार्य्य छाडेपछि मात्र

१. बुद्धशासनमा उत्तम विनयलाई 'आर्य्य विनय' भन्दछन् ।
२. कर्मक्लेश=क्लेशयुक्त काम । पाप=अकुशल ।

Downloaded from http://dhamma.digital

छ वटा दिशालाई नमस्कार गरी नाना दिशाबाट आउने निन्दादिभय नआउने गरी-समाधान गरी यस लोक र परलोक दुबैमा विजय प्राप्त गर्दछन् । यी यति नियमपालन गर्ने व्यक्तिले यस लोकमा सफलता प्राप्त गर्दछ, निर्भय, शान्ति र संतोष पाउँछ र परलोकमा पनि सुगति स्वर्ग लाभ गर्दछ ।

(सुख ऐश्वर्यले परिपूर्ण मनुष्यलोकलाई 'सुगति' भन्दछन् । उत्तमोत्तम रूपादि श्रीसम्पत्तिले परिपूर्ण दिव्यलोकलाई 'स्वर्ग' भन्दछन् । अर्थात् मनुष्यलोकलाई 'सुगति' र आनन्द सुख प्राप्त हुने भुवनलाई 'स्वर्ग' भन्दछन् ।)

❁

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (अ) चार प्रकारको कर्मक्लेश

आर्यश्रावकहरूले त्याग गर्ने कर्मक्लेश चार वटा यी नै हुन्-

(१) प्राणीघात गर्नु, (२) परवस्तु चोरेर लिनु, (३) परस्त्री गमन गर्नु, (४) झुठो कुरा बोल्नु ।

यी चारवटा अकुशल कर्मलाई 'कर्मक्लेश' भन्दछन् ।

यी चारवटा कर्मलाई 'कर्मक्लेश' भनेको पनि कारण छ :-

यी चारवटा कर्म गर्दा मनमा क्लेश उत्पन्न हुने हुनाले यी चार वटा कर्मलाई 'कर्मक्लेश' भन्ने नाम दिएका हुन् ।

गृहपति पुत्र ! उक्त चार प्रकारका कर्मक्लेशलाई आर्य्यश्रावकहरूले त्यागदछन् ।

यसरी उपदेश दिई भगवान्ले पुनः निम्न श्लोक आज्ञा गर्नुभयो-

**"पाणातिपातं अदिन्नादानं मुसावादो च बुच्चति ।**
**परदार गमनञ्चेव नप्पसंसन्ति पण्डिता ॥"**

अर्थ- प्राणीघात गर्नु, चोरेर लिनु, झूठो बोल्नु र व्यभिचार गर्नुलाई क्लेशयुक्त काम भन्दछन् । यी चारैवटा कामलाई पण्डितहरू (विद्वानहरू) प्रशंसा गर्दैनन् ।

*

Downloaded from http://dhamma.digital

# (आ) चार प्रकारको पाप

आर्य्यश्रावकहरूले त्याग गर्ने चार प्रकारका पाप अर्थात् अकुशल कर्म यी नै हुन्-

यस लोकमा, कत्तिले (१) छन्द (=राग वा स्नेह)को वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् । कत्तिले (२) द्वेषको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् । कत्तिले (३) मोहको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् । कत्तिले (४) भयको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दछन् ।

गृहपतिपुत्र ! आर्य्यश्रावकहरूले उक्त छन्द, द्वेष, मोह र भयको वशमा परेर गर्न नहुने पाप-कर्म गर्दैनन् ।

यसरी उपदेश दिई भगवान्ले पुनः निम्न श्लोक आज्ञा गर्नुभयोः-

**छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति ।**
**आपुरति तस्स यसो, सुक्क पक्खेव चन्दिमाति ॥**

अर्थ- जो व्यक्ति छन्द, द्वेष, मोह र भयको बशमा पर्दैन, त्यसको यश-कीर्ति शुक्लपक्षको चन्द्रमा झैं दिनदुगुना रात चौगुना बढ्दछ ।

(द्रष्टव्यः- छन्दको अर्थ राग वा इच्छा वा प्रेम हो । राग, इच्छा तथा प्रेमको वशमा परेर गर्ने पापलाई 'छन्दागति' भन्दछन् । अर्थात् छन्दको वशमा परी कुमार्गमा जाने । त्यस्तै, द्वेषको वशमा परेर गर्ने पापलाई 'दोषागति' भन्दछन् । भयको वशमा परेर गर्ने पापलाई 'भयागति' भन्दछन् । मोहको वशमा परेर गर्ने पापलाई 'मोहागति' भन्दछन् ।)

Downloaded from http://dhamma.digital

## (ङ) सम्पत्ति नाश हुने छवटा कारण

सम्पत्ति नाश हुने भएकोले आर्य्यपुरुषहरूले सेवन नगर्ने छ वटा कारण यी नै हुन्-

(क) सुरापान (जाँड, रक्सी आदि मादक पदार्थ) सेवन गर्नाले सम्पत्तिको विनाश हुन थाल्दछ ।

(ख) कुबेलामा घुम्न जानाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(ग) नाच (सिनेमा, थियेटर, टि. भी. आदि) हेर्ने गर्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(घ) चित्त प्रमाद हुने, जूवा, तास, त्रिपासा आदि खेल्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(ङ) कुमित्र (कुसंगत) को संगत गर्नाले पनि सम्पत्तिको विनाश हुन थाल्दछ ।

(च) अल्छी भएर बस्नु पनि सम्पत्ति विनाश हुनुको लक्षण हो ।

गृहपतिपुत्र ! यति सम्पत्ति नाश हुने छ वटा कारण आर्य्यपुरुष (सज्जन) हरूले सेवन गर्दैनन् ।

*

Downloaded from http://dhamma.digital

# (क) सुरापान गर्नुमा छवटा दोष

गृहपति ! सुरापान गर्नुमा छवटा दोष छन् ।

(१) यसबाट अहिलेको धन-द्रव्य तथा घरखेत, गहना आदि विनाश भएर जान्छ ।

(२) आफ्नै परिवारका-आमा बाबु, दाजुभाइ, दिदी-बहिनी, नोकर चाकर घरछिमेकी तथा नाताकुटुम्ब इष्टमित्रहरूसित कलह अर्थात् लडाई झगडा हुन थाल्दछ ।

(३) आफ्नो शरीरमा रोग उत्पन्न हुन थाल्दछ, शरीरको विभिन्न अंगादि दुख्न शुरू गर्दछ, नाना प्रकारको दुःख पीडा भई चाँडै बूढो जस्तो देखिन थाल्दछ ।

(४) बदनामी फैलिन थाल्दछ । सबैले धिक्कार्न शुरू गर्दछ । अपमान सहनु पर्ने हुन्छ । अरूले भर-पत्यार गर्न छोड्दछ । विधि व्यवहार गर्न गाह्रो हुन्छ ।

(५) बेशर्मी भएर लाज छोड्दछ । अर्थात् सुरापान गरी कर्तव्य-अकर्तव्य गरी, भोलिपल्ट हिजो आफू कराएर चलेर हिंडेको कुरा सम्झी पश्चात्ताप गर्नुपर्ने ठाउँमा पश्चात्ताप नगरी, अरूले आफूलाई के भन्दा हुनन् भन्ने भय केही नलिई, इष्टमित्रहरूको मुखै म कसरी हेरूँ भन्ने कुनै किसिमको चिन्ता नलिई निर्लज्ज भएर हिंड्दछ ।

(६) सुरापानले प्रज्ञा बुद्धिहीन भएर जान्छ । सुरापान गर्नु मात्रले शरीरका नशाहरू दुर्वल भएर जान्छन् नशाहरू दुर्बल भएपछि चिन्तनशक्ति

Downloaded from http://dhamma.digital

शिथिल भएर कमजोर हुन थाल्दछ । चिन्तनशक्ति कम भएपछि यथार्थ कुरा केही पनि बुझ्नसक्तैन । स्मृति ठीक रहदैन । स्मृति ठीक रहेन भने आँखा भएपनि अन्धो हुन्छ ज्ञान भएपनि मूर्ख बनिन्छ । प्रज्ञा भएपनि असिद्धि हुनुपर्ने हुन्छ ।

गृहपतिपुत्र ! सुरापानमा यी छ वटा दोष विद्यमान छन् ।

*

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (ख) कुबेलामा घुम्न जानुमा छवटा दोष

गृहपतिपुत्र ! कुबेलामा गल्ली-गल्ली घुम्न जानुमा छवटा दोष छन्-

(१) शरीरको रक्षा हुन्न । कुबेलामा घुम्न जाने व्यक्ति ढल, नाल खाल्टो-साल्टो आदिमा खस्न सक्दछ । सर्पादि प्राणीद्वारा हानी हुन सक्दछ ।

(२) कुबेलामा घुम्न जाने व्यक्तिका स्त्री पुत्र-पुत्रादिहरू पनि सुरक्षित रहन्दैनन् । 'तिनीहरू जान हुन्छन्, हामी किन हुन्न' भनी उनीहरू पनि घर छाडेर कुबेलामा यताउति घुम्न जान्छन् नाच आदि हेर्न जान्छन् । अथवा व्यभिचारादि कुमार्गमा लाग्न सक्दछन् ।

(३) धन सम्पत्तिको पनि रक्षा हुँदैन । रातको बेलामा घरमा कोही नभएको मौका पारी चोर तथा बदमाश आई चोरेर लान्छन् ।

(४) कुबेलामा घुम्ने व्यक्तिलाई परजनले शंकाको दृष्टिले हेर्दछ । यो मानिस त ठीक छैन भन्दछन् । कसैको घरमा छोरी बुहारी हरायो या धनमालको चोरी भयो भने कुबेलामा घुम्न आउने त्यही व्यक्तिलाई संदेह गर्दछन् । यस प्रकारले निन्दाका पात्र हुनुपर्ने हुन्छन् ।

(५) कुबेलामा घुम्न जाने व्यक्ति, यदि त्यो सज्जनै भएपनि दुर्जन ठहरिन्छ । कसैको घरमा चोरआई कुनै मालताल चोरेर लगे पनि 'चोर त्यही हो' भनी कुबेलामा घुमिरहने व्यक्तिलाई समात्न आउँछन् ।

Downloaded from http://dhamma.digital

(६) यी बाहेक, कुबेलामा घुम्न गइरहने व्यक्तिमा अनेक प्रकारको दोष लाञ्छना आइरहन्छ। दोषी भन्ने भनाइ खानु परिरह्यो भने जीवनमा अनेक प्रकारको दु:ख, कष्ट, भय, पीढा उत्पन्न भइरहन्छ।

गृहपतिपुत्र! कुबेलामा घुम्न जानुमा यी छ वटा दोष छन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (ग) नाच आदि हेर्न जानुमा छवटा दोष

गृहपतिपुत्र ! गीत नृत्य आदि हेर्न जानुमा छवटा दोष छन् -

(१) हेर्ने बानी परेपछि 'आज नाच, सिनेमा, गीत, कहाँ कहाँ छ, के के छ' भनी मन त्यतैतिर मात्रै लागिरहन्छ । यसले गर्दा घरको काम-काज जम्मै बिग्रन्छ । अथवा निद्रालाई मारेकोले गर्नुपर्ने काम ठीकसित गर्न सकिँदैन । अनि धन सम्पत्तिको नाश हुन थाल्दछ ।

(२) मन संधै नाचतिर मात्रै डुलिरहन्छ ।

(३) कतै बाजा बजिरहेको छ कि भनी कान त्यतैतिर मात्रै लागिरहन्छ ।

(४) कतै अद्भुतादि अनेक वार्ता भैरहेको छ कि भनी मन उतैतिर मात्रै दौडिरहन्छ । यहाँ अद्भुत वार्ताको मतलब सारहीन भूतप्रेत तथा देवी देवतादिका कथा (Legends) हुन् ।

(५) मृदंग, बाँसुरी आदि बाजा कतै बजिरहेको छ कि भनी मन त्यतैतिर दौडिरहन्छ ।

(६) कहीं ढोलक, मृदंग आदि ठूलठूला बाजा बजाइरहेका छन् कि भनी चित्त चञ्चल भई गर्नुपर्ने कामकाज जम्मै छाड्छन् । अनि समयमा गर्नुपर्ने काम गर्न नसकी सम्पत्तिको हानी हुन थाल्दछ ।

गृहपतिपुत्र । नाच आदि हेर्न जाने गर्नाले उत्पन्न हुने छ वटा दोष यिनै हुन् ।

☆

Downloaded from http://dhamma.digital

# (घ) जुवा आदि खेल्नुमा छवटा दोष

गृहपतिपुत्र ! प्रमाद उत्पन्न हुने-जुवा, तास, त्रिपासा आदि खेल्नुमा छ वटा दोष छन्-

(१) जुवा खेल्दा जीत भयो भने शत्रु बढ्दछन् । जित्नेले, म जितें भन्ने भावनाले अभिमान गर्न थाल्दछ । परजनलाई अपमानजनक शब्द प्रयोग गर्दछ । अनि परजनको मनमा रीस उठ्न थाल्दछ, जित्नेप्रति शत्रुभाव गर्न थाल्दछ । अझ अलि दुर्जन पुरुष भयो भनेत पिटपाट पारी जितिराखेको धन जम्मै लुट्ने विचार गर्दछ, या लुटि पनि हाल्दछ ।

(२) जुवा खेल्दा हार भयो भनेपनि आफ्नो धन परजनको हातमा गएको हेरी, आफ्नै धन मात्रै सम्झी लामो सास फेरेर अपशोच गरिरहनु पर्ने हुन्छ ।

(३) धनी व्यक्ति पनि जुवामा हारेर निर्धनी हुनुपर्ने हुन्छ ।

(४) कहीं सभा सोसाइटीमा गएपनि 'जुवाडे' भनी विश्वास-पत्यार गर्दैन ।

(५) नाता कुटुम्ब इष्टमित्रहरूले हेला गर्न थाल्दछन् । त्यस्ताको छोरा भएर पनि त्यस्तो कुलतमा लागेर हिंड्नु हो ? भनी आफ्नै हितचिन्तकहरूले पनि हप्काउन थाल्दछन् । जुवाडे भएपछि कसैको अर्ति बुद्धि पनि मनमा पस्दैन । अनि उनै हितचिन्तकहरूले पनि, हामीले भनेको अर्ति नसुन्ने भनी, कहीं बाटैमा भेट भएपनि नदेखेको जस्तो गरी एकातिर बाट हिंडिदिन्छन् । जुवाडेको विषयमा कसैले केही कुरो भन्न तथा सोध्न

Downloaded from http://dhamma.digital

आएपनि आफ्नै दाजुभाईहरूले 'समेत त्यस्ताको कुरा हामीलाई थाहा छैन' भनी भनिदिन्छन् । यस प्रकारले आफ्नै मान्छेहरूको दुष्टिबाट पनि खस्नु पर्ने हुन्छ ।

(६) आवाह-विवाह पनि जुवाडेले गर्न सक्दैन । जुवाडेको छोरी कसैले लिन्दैनन् । छोरालाई पनि कसैले आफ्नो कन्या दिन्दैनन् । किनभने जुवाडेको सम्पत्ति स्थीर रहँदैन, चाँडै नाश हुन्छ । तसर्थ जुवाडेले विधि व्यवहार हत्तिपति गर्न सक्तैन ।

गृहपतिपुत्र ! जुवा जस्तो कुव्यसनमा हुने छ वटा दोष यिनै हन् ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (ङ) कुमित्र संगत गर्नुमा छवटा दोष

गृहपतिपुत्र ! कुमित्र संगत गर्नुमा छवटा दोष छन्-

(१) त्यस्तो व्यक्तिलाई त्यस्तै व्यक्तिहरू मात्रै भेटिन आउँछन्, जो बाह्रमासे, रक्सीबाज, व्यभिचारी, बदमास हुन्छन् ।

(२) त्यस्तो व्यक्तिको साथीहरू, रण्डीबाजीमा हिंड्ने होटल-होटल, भट्टी मात्रै चहारी पैसा उडाएर हिंड्ने हुन आउँछन् ।

(३) जाँड-रक्सी, गाँजा, भाँग, अफीम आदि मादक पदार्थ सेवन गरेर हिंड्ने मानिससंग त्यस्तै व्यक्ति साथी हुन आइपुग्छन् ।

(४) त्यस्ता व्यक्तिले परजनले आफुलाई गरिराखेको गुण विर्सि दिन्छन् । गुण नचिन्न, अकृतज्ञहरू खालि छलकपट धोका-बाजी मात्रै गरेर हिंड्ने मानिस त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।

(५) त्यस्ता व्यक्तिका साथीहरू छट्टू, लुच्चा, ढंटुवा, देखादेखी ठगेर लगी जीविका गर्ने ठग बदमाशहरू हुन आउँछन् ।

(६) लुटाहा, डाँकू, चोर, फटाहा यस्तै यस्ता मात्रै त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।

गृहपतिपुत्र ! कुमित्र संगत गर्नाले उत्पन्न हुने दोष यीनै छवटा हुन् ।

★

Downloaded from http://dhamma.digital

## (च) अल्सी भएर रहनुमा छवटा दोष

गृहपतिपुत्र ! अल्सी भएर रहनुमा छवटा दोष छन्-

(१) अल्सी व्यक्ति जाडो भएपनि 'आज त सान्है जाडो छ' भनी गर्नुपर्ने काम नगरी बस्दछ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फाइदा कदापि हुँदैन ।

(२) अल्सी व्यक्ति अलिकति मात्रै गर्मी भएपनि 'आज अति गर्मी छ' भनी गर्नुपर्ने काम समेत नगरी बस्दछ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(३) त्यस्तै 'समय छँदै छ, के को हतारो' भनी गर्नुपर्ने काम पनि नगरी अल्सी मानिस हात बाँधी बस्दछ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(४) त्यस्तै अलि अबेर भएपनि अल्सी मानिस 'सान्है अबेर भैसक्यो' भनी गर्नुपर्ने काम नगरी बसिदिन्छ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(५) अल्सी व्यक्ति 'सान्है भोकलाग्यो' भनी गर्नुपर्ने काम नगरी बस्दछ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

(६) 'आज मेरो पेट सान्है ढुस्सिएको छ' भनी अल्सी व्यक्ति गर्नुपर्ने काम नगरी बस्दछ । कर्तव्य कार्य्य नगरी बसेपछि गृहस्थीहरूलाई हानी सिवाय फायदा कदापि हुँदैन ।

Downloaded from http://dhamma.digital

यस प्रकारले अल्सी व्यक्ति एउटा न एउटा निहुँथापी गर्नुपर्ने काम नगरी अवसर गुमाएर बस्दछ। त्यस्ता अल्सी व्यक्तिलाई लाभ हुने धन सम्पत्ति तथा कीर्तिसमेत लाभ हुँदैन। उल्टो लाभ भइरहेको धन तथा कीर्ति समेत क्रमशः विनाश भएर जान्छ।

गृहपतिपुत्र ! अल्सी भएर बस्नुमा यी छवटा दोष छन्।

आर्य्य अर्थात् सज्जनहरूले त्याग गर्नुपर्ने उपर्युक्त चौध प्रकारका शिक्षा-उपदेश सिगाल पुत्रलाई दिएर भगवान्ले पुनः निम्न गाथा आज्ञा गर्नुभयो:-

**"होति पान सखा नाम,**
**होति सम्पिय सम्पिय ।**
**यो च अत्थेसु जातेसु,**
**सहायो होति सो सखा ॥**
**उस्सुर सेय्या परदार सेवना,**
**वेरप्पसवो च अनत्थता च ।**
**पापमित्तो च सुकदरियता च,**
**एते छ ठाना पुरिसं धंसयन्ति ।"**

अर्थ- यस लोकमा धेरै मानिस यस्ता छन् जसलाई ख्वाउन सकुञ्जेल अर्थात् होटेल, भट्टीमा लगी मान गर्न सकुञ्जेलसम्म मात्रै साथी भएर बस्दछन्। फेरी कति साथी यस्ता हुन्छन्, जो मुखिञ्जेल मात्रै 'प्रिय साथी, भो मित्र !' भनी प्रिय वचन बोल्दछन्; पछितिर पऱ्यो कि त निन्दा गर्न थालि हाल्दछन्।

जुन साथीले आफ्नो साथीको आपतपर्दाखेरि धनले सके धनले, जीउले सके जीउले, बचनले सके बचनले उपकार गर्दछ, त्यही सच्चा मित्र हो।

Downloaded from http://dhamma.digital

आफ्नो विनाश तथा नोक्सान हुने अरू छवटा मूल कारण पनि छ- (१) सूर्योदय भैसकेपछि पनि सुतिरहनु, (२) व्यभिचार अर्थात् पर स्त्री गमन गर्नु, (३) अरू मानिससित शत्रुभाव गरेर हिंड्नु, (४) कर्तव्याकर्तव्यको विचार नगरी हिंड्नु, (५) कुसंगत गर्नु, (६) सान्है कपटी लोभी हुनु । आफ्नो वस्तु अलिकति पनि त्याग गर्न नचाहनु, तर अर्काको मात्रै लिने इच्छा गर्नु ।

यी छवटा कारणले पनि लोकजनको अवश्य विनाश हुन्छ ।

**"पापमित्तो पापसखो, पाप आचार गोचरो**
**अस्मा लोका परम्हा च उभया धंसते नरो ॥**

**अक्खित्थियो बारुणी नच्चगीतं,**
**दिवासेय्यं पारिचरिया अकाले ।**

**पापा च मित्ता सुकदरियता च,**
**एते छ ठाना पुरिसं धंसयन्ति ॥**

**अक्खेहि दिब्बन्ति सुरा पिवन्ति**
**यन्तित्थियो पाणसमा परेसं ।**

**निहीन सेवी न च वुड्ढ सेवी,**
**निहीयते कालपक्खेव चंदो ॥"**

अर्थ- जो कुसंगत गरेर हिंड्दछ, जो मिथ्याचरणमा लागी अनुचित स्थानमा जाने बानी गर्दछ, त्यस्तोको यो लोक र परलोक दुवैमा विनाश हानी हुन्छ ।

(१) जुवा खेल्नु, रण्डीबाजीमा लाग्नु तथा अर्काले प्राणसमान प्रेम गरेर राखेकी स्त्रीको गमन गर्नु, (२) सुरापान अर्थात् जाँड, रक्सीको सेवन गर्नु, (३) नाच, गान आदिमा भुल्नु, (४) बेला न कुबेला गरी यताउति घुम्न

Downloaded from http://dhamma.digital

तथा डुल्न जानु, (५) कुमित्रको संगत गर्नु, (६) अल्सी र अत्यन्त मात्सर्य्य हुनु । यी छवटा कारणले पनि मनुष्यको विनाश अवश्यम्भावी छ ।

जो व्यक्ति जुवा खेल्नमा रमाउँछ, जाँड-रक्सी सेवन गर्नमा दत्तचित्त रहन्छ, अर्काको प्राणसमानकी पत्नीलाई बिगार्दछ, अयोग्य काम गरेर हिड्ने मानिस साथी तुल्याउँछ, श्रेष्ठकर्म गर्ने व्यक्ति मित्र बनाउँदैन, त्यसको यश, कीर्तिलाभ, प्रसिद्धि जम्मै कृष्णपक्षको चन्द्रमाको तेज जस्तै दिनप्रतिदिन क्षीण हुँदै जान्छ ।

**"यो वारुणी अधनो अकिंचनो,**
**पिपासो पिवं पपागतो ।**
**उदकमिव इणं विगाहति,**
**आकुलं कारयि खिप्पमत्तनो ॥"**

अर्थ- जो व्यक्ति धनहीन दरिद्र भएर पनि सुरापान गरेर हिंड्छ, त्यसले आफ्नो कुबानी छोड्न नसकी, गंगाजीमा गई पानी लिएर आउनु झैं जोसुकैसित धन सापट लिई सुरापान गर्दछ र पछि ऋण तिर्न नसकेर चित्त दाह गरेर बस्नुपर्दछ ।

**"न दिव सोप्पसीलेन, रत्तिं उट्ठान देस्सिना ।**
**निच्चं मत्तेन सोण्डेन, सक्का आवसितुं घरं ॥**
**अतिसीतं अतिउण्हं, अतिसायमिदं अहु !**
**इति विस्सट्ठ कम्मन्ते, अत्था अच्चेन्ति माणवे ॥**
**यो'ध सीतं च उण्हं च, तिण भिय्यो न मञ्ञति ।**
**करं पुरिस किच्चानि, न सो सुख विहायति ॥"**

अर्थ- सदा सूर्य्योदयसम्म पनि सुतिरहने, स्वभावका दिउँसो पनि सुत्ने बानी भएका, बेलुका सुत्ने समयमा भने आधीरातसम्म नचाहिने पाप तर्कना

Downloaded from http://dhamma.digital

मनमा कल्पना गरी ननिदाइरहने, सदासर्वदा सुरापानगरी जुवा खेल्नेबानी भएका त्यस्ता ज्ञानहीन व्यक्तिहरूले गृहस्थाश्रममा बसेरपनि वृद्धि अर्थात् कुनै किसिमको उन्नति गर्न सक्तैनन् ।

जुन मानिसले 'अति जाडो छ, अति गर्मी छ, साह्रै अबेर भइसक्यो, अझ समय बाँकी छ, साह्रै भोक लागेको छ, अथवा भरखर खाएको पेट दुस्सिएको छ आदि निहुँथापी आलश्यको वशमा परी गर्नुपर्ने काम नगरी, समय गुमाउँछ, त्यस मानिसलाई लाभ हुने कुरोपनि लाभ हुँदैन ।

जुन मानिसले 'जाडो छ पख, अति गर्मी छ, एकछिन पछि गरूँला' इत्यादि नभनी, आलश्यको बशमा नरही उत्साही भएर गर्नुपर्ने काम तुरून्त गर्दछ, त्यसको यश, कीर्ति, लाभादि सबै शुक्लपक्षको चन्द्रमा झैं क्रमश: वृद्धि हुन थाल्दछ । यस्तै व्यक्तिले मात्रै गृहस्थाश्रममा रही उन्नति गर्न सक्तछ ।

*

Downloaded from http://dhamma.digital

## (ई) चार प्रकारका असत् मित्रहरू

गृहपतिपुत्र ! यी निम्न चार प्रकारका व्यक्तिहरूलाई, मित्र स्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

(क) अर्काको वस्तु भने लिने इच्छा गर्दछ, तर आफ्नो वस्तु भने दिने इच्छा गर्दैन- यस्तो व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

(ख) वचनले मात्रै मित्रभाव देखाई कामले भने केही नगर्ने व्यक्तिलाई पनि 'अमित्र' भनेर जान्नू ।

(ग) मुखको अगिल्तिर प्रशंसा गरी पछिल्तिर निन्दा गरेर हिंड्ने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

(घ) नचाहिने-नचाहिने काममा अर्थात् धन नाश हुने काममा मात्रै सल्लाह दिने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

गृहपतिपुत्र ! यिनै चार प्रकारका व्यक्तिलाई मित्रस्वरूपमा रहेका 'अमित्र' भनेर जान्नू ।

Downloaded from http://dhamma.digital

# (क) परवस्तु मात्रै लिने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले चार प्रकारले परवस्तु मात्रै लिने इच्छा गर्दछ-

**"अञ्ञदत्थु हरो मित्तो, अप्पेन बहुमिच्छति ।**
**भयस्स किच्चं करोति, सेवति अत्तकारणा ॥**

अर्थ- अञ्ञदत्थु हरो मित्तो=परवस्तु मात्रै लिने मित्रले; अप्पेन बहुमिच्छति=थोरै दिएर धेरै ताक्दछ । भयस्स किच्चं करोति=डरको कारणले काम गर्दछ; सेवति अत्तकारणा=आफ्नो स्वार्थको निंति संगत गर्दछ ।

सविस्तार भावार्थ-

(१) परवस्तु इच्छा गर्ने मित्रले मित्र अथवा कसैकहाँ गएर त्यसको प्रशंसा गरी 'अहा ! तपाईंको त बयान गरेर साध्यै छैन, तपाईंको स्वभाव, गुण देखेर म त मुग्ध छुं । धर्म, पुण्य गर्नमा त तपाईलाई कसैले सक्तैन आदि नाना तरहले गुण वर्णन गरी ठग्ने दाउ हेर्दछ ।

(२) थोरै दिएर धेरै ताक्ने मित्रले आफ्नो कम मोलको वस्तु दिएर परजनको मोलपर्ने वस्तु लिने इच्छा गर्दछ । अथवा पहिले आफूले थोरै मोल पर्ने वस्तु दिएर पछि मौका पारी बहुमूल्य वस्तु हातलागी गर्न विचार गर्दछ ।

(३) भयको कारण काम गर्ने मित्रले आफूलाई दु:ख आपतपरेको बखतमा मात्रै 'लौन साथी !' भन्दै मित्र बनाउन पुग्छ । फेरि तुरून्तै आफ्ना" आपत दु:ख तरेर गएपछि कहीं देखेपनि नदेखे झैं गरी हिंड्छ । 'यसले त मलाई यस्तो दु:खबाट तारिदिएको थियो' भनी गुण सम्झदैन ।

Downloaded from http://dhamma.digital

(४) स्वार्थ अर्थात् आफ्नो मतलब साध्यको निंति संगत गर्ने मित्रले आफूलाई काम परेको वखतमा मात्रै आफूलाई लाभ हुनेछ भने मात्रै, संगत गर्न आउँछ। आफ्नो काम पटियो कि त खोलो तऱ्यो लौरो बिर्स्यो गरेर हिंड्दछ।

गृहपतिपुत्र ! यति यी चार प्रकारले परवस्तु मात्रै ताक्ने ब्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर थाहा पाउँछन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (ख) वचनले मात्रै मित्रभाव देखाउने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले चार प्रकारले वचनद्वारा मात्रै (कामद्वारा होइन) मित्रभाव देखाउँछ-

**"अतीतेन पटिसन्धरति, अनागतेन पटिसन्धरति । निरत्थकेन संगण्हाति, पच्चुप्पन्नेसु किच्चेसु व्यसनंदस्सेति ॥"**

अर्थ- अतीतेन पटिसन्धरति=बितिसकेको मात्रै कुरा गर्छ; अनागतेन पटिसन्धरति=पछि हुने कुरा मात्रै गर्छ । निरत्थकेन संगण्हाति=नचाहिने सारहीन कुरामात्रै गरी मान गर्दछ; पच्चुप्पन्नेसु किच्चेसु व्यसनंदस्सेति=वर्तमान समयमा भने धेरै मद्दत उपकार गर्ने जस्तो कुरा गर्दछ, तर आखिरमा एउटा न एउटा निहुँ थापी आफ्नो दु:ख तथा असमर्थता देखाउँछ ।

सविस्तार भावार्थ :-

(१) कुनै एकजना साथी आई साथी ! मलाई तपाईंसित भएको फलानो वस्तु एकछिनको निंति चाहियो, दिनु हुन्छ कि भनी मागन आयो भने 'के गरूँ साथी' सान्है अपशोचछ हिजो पाल्नु भएको भए तपाईंलाई जति भनेपनि दिनसकिने थियो अहिले त जम्मै सिद्धिसक्यो- भनी अतीतको मात्रै कुरा गरी मित्रता देखाई पठाउँछ ।

(२) फेरि कुनै साथी आएर 'साथी, मलाई अलिकति धान (चामल) चाहियो, 'कृपा गर्नुहोला' भनी माग्नु आयो भने त्यस अमित्रले यसो भनेर फर्काएर पठाउँछ-

"अहो मित्र, क्षमा गर्नुहोला, तपाइंको त्यति सानो कुरा पनि मैले मौकामा पुऱ्याइदिन सकिन । नभएको पनि होइन, थियो पनि, तर भर्खर

Downloaded from http://dhamma.digital

मात्रै फलानो-फलानो काममा खर्च भयो। दिएन नभन्नु होला, दुइचार दिनैमा फेरी हुनेछ, त्यसबेला तपाईंलाई अवश्य टक्र्याउने छु।" यस प्रकारले भविष्यको मात्रै आशा देखाई मित्रता निभाएर पठाउँछ।

(३) चाहिने नचाहिने बेलामा खाली वचनले मात्रै मान देखाउँछ। कुनै साथी हाथी वा घोडा वा गाडी चढेर आएको देख्यो भने त्यस अमित्रले वचनले संग्रह गर्दछ- "आउनोस् साथी बस्नोस्! तपाईंलाई यो सवारी त असाध्य सुहाउँने रहेछ, तपाईं साँच्चै पुण्यवान हुनुहुन्छ।" यस प्रकारको खोक्रो वचनले मात्रै मान सत्कार देखाउँछ।

(४) कुनै साथी अगिल्तिरै भएको वस्तु एकछिनको निंति माग्न आयोभने त्यस अमित्रले तुरून्त भन्छ- "अहो साथी, यसमा फलानो एउटा चीज नभएर वा बिग्रेर कामै लिन नसकी त्यसै फालिराखेको छु। मलाई पनि यसबाट काम लिन नसकेर सान्है हर्जा भइरहेछ।" यसरी आफ्नो असमर्थता प्रकट गरी साथीलाई फर्काएर पठाउँछ।

गृहपतिपुत्र! यसरी चार प्रकारले वचनले मात्रै मित्रता देखाउने, काम भने केही नगरिदिने व्यक्तिलाई पनि मित्रस्वरूपमा रहेको अमित्र भनेर जान्नू।

❀

Downloaded from http://dhamma.digital

## (ग) मुखको अगिल्तिर मात्रै प्रशंसा गर्ने मित्र

गृहपतिपुत्र! मित्रस्वरूपमा रहेको अमित्रले मुखिन्जेल मात्रै साथीको प्रशंसा गर्दछ र पछिल्तिर पऱ्यो कि निन्दा गरेर हिंड्न थाल्दछ-

**'पापकंपिस्स अनुजानाति,**

**कल्याणम्पिस्स अनुजानाति ।**

**सम्मुखस्स वण्णं भासति**

**परम्मुखस्स अवण्णं भासति ॥'**

अर्थ- पापकंपिस्स अनुजानाति=पापकर्म गर्नमा पनि अनुमति दिन्छ; कल्याणम्पिस्स अनुजानाति=कल्याणकारी काम गर्नमा पनि अनुमति दिन्छ। सम्मुखस्स वण्णं भासति= मुखिन्जेल मात्रै वर्णना (प्रशंसा) गर्दछ; परम्मुखस्स अवण्णं भासति=मुख पछिल्तिर निन्दा गर्दछ ।

सविस्तार भावार्थ:-

(१) कुनै एकजना साथीले- 'साथी ! खसी काट्न जाऊँ हिंड, परस्त्री बिगार्न जाऊँ हिंड' भन्यो भने त्यो मित्र स्वरूपमा रहेको अमित्रले, 'राम्रो विचार गऱ्यो, हुन्छ हिंड'- भनेर कुकार्यमा रोक्ने विचार नगरी बरू प्रोत्साहन दिन्छ ।

(२) कुनै किसिमको कुशल कर्म वा परोपकार गर्ने काममा पनि 'हुन्छ हिंड' भनेर अनुमति दिन्छ ।

(३) अमित्रले मुखिन्जेल मात्रै 'तपाई' साऱ्है धर्मात्मा हुनुहुन्छ, गरीब उपर तपाईको दया प्रशंसनीय छ, तपाई जस्ता सत्पुरुष

Downloaded from http://dhamma.digital

लोकमा साँच्चैनै हुन गाऱ्हो छ' भनी नाना तरहले माथि पुऱ्याएर कुरा गर्न थाल्दछ ।

(४) परन्तु मुखको पछाडि पऱ्यो कि त 'फलानीले यस प्रकारले पर जनलाई ठग्यो, यस प्रकारले दुःखी गरीबहरूलाई चुस्यो, गरीब मारेर पैसा कमायो' आदि अनेक प्रकारले निन्दा अपमान गर्न बेर मान्दैन ।

गृहपतिपुत्र ! यसरी चार प्रकारले मुखिन्जेल मात्रै प्रिय वचन बोली प्रशंसा गर्दछ, पछिल्तिर पायो कि त निन्दा गर्न थाल्दछ । यस्तो व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

## (घ) कुकर्ममा मात्रै सहायता दिने मित्र

गृहपतिपुत्र ! मित्रस्वरूपमा रहेको अमित्रले चार प्रकारले कुकर्ममा मात्रै सहायता दिने काम गर्दछ-

(१) भट्टी आदिमा गई, वदमासी काम गरी हिंड्नुमा सहायता दिन्छ ।

(२) कुबेलामा गल्ली-गल्ली घुम्न जानुमा सहायता दिन्छ ।

(३) नाच, गान, आदि मन भुलाउने काममा सहायता दिन्छ ।

(४) जुवा, तास आदि अनेक बान्हमासे खेल्नमा उत्साहित भई सहायता दिन्छ ।

गृहपतिपुत्र ! यति चार प्रकारले धन नाश हुने कुकर्ममा सहायता दिने व्यक्तिलाई मित्रस्वरूपमा रहेको 'अमित्र' भनेर जान्नू ।

यति आज्ञा गरी भगवान्‌ले सिगालपुत्रलाई फेरि यस प्रकारले आज्ञा गर्नुभयो-

"अञ्ञदत्थु हरो मित्तो, योच मित्तो बची परमो ।
अनुप्पियञ्च यो आह, अपायेसुच यो सखा ॥
एते अमित्ते चत्तारो, इति विञ्ञाय पण्डितो ।
आरका परिवज्जेय्य, मग्गं पटिभयं यथा ॥"

Downloaded from http://dhamma.digital

अर्थ- परजनको वस्तु लिने मित्र, वचनले मात्रै मान गर्ने मित्र, मुखिन्जेल मात्रै प्रशंसा गर्ने मित्र, धन सम्पत्ति विनाश हुने काममा सहायता दिने मित्र- यति चार प्रकारका मित्रहरूलाई, मित्रस्वरूपमा रहेका 'अमित्रहरू' भनेर बुद्धिमान् गृहस्थीहरूले जानिलिनू। जसरी व्यापारीहरूले भययुक्त मार्ग छाडी निर्भययुक्त मार्ग समात्दछन् त्यसरी नै पण्डित विद्वान्हरूले पनि त्यस्ता अमित्र व्यक्तिहरूलाई छाडी सत्पात्रहरूलाई मित्र बनाउँछन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (उ) चार प्रकारका सत्‌मित्रहरू

गृहपतिपुत्र ! यी निम्न चार प्रकारका व्यक्तिहरूलाई असल चित्तका 'कल्याणकारी-मित्र' भनेर जान्नू ।

(क) आफूलाई उपकार गर्ने व्यक्तिलाई राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

(ख) सुख र दु:खमा समान रूपले उपकार गर्ने व्यक्ति राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

(ग) धन-सम्पत्ति, यश, कीर्ति, लाभ वृद्धि हुने काममा अर्ति तथा प्रोत्साहन दिने व्यक्तिलाई राम्रो चित्त भएको 'कल्याण मित्र' भनेर जान्नू ।

(घ) अनुकम्पा अर्थात् दया करुणा राख्ने व्यक्तिलाई राम्रो चित्तभएको 'कल्याण मित्र' भनेर जान्नू ।

गृहपतिपुत्र ! यति यी चार प्रकारका शुद्ध चित्त भएका व्यक्तिहरूलाई 'कल्याण मित्र' भनेर जान्नू ।

Downloaded from http://dhamma.digital

# (क) उपकार गर्ने मित्र

गृहपतिपुत्र ! चारप्रकारले उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) प्रमाद भइरहेकोलाई रक्षा गर्दछ अर्थात् कुनै साथी सुरापानको कारणले गर्दा अचेत भएर बाटाको बीचमा या कहीं गल्ली आदिमा परिरहेको देख्यो भने- "अहो, यो त मेरो साथी ! यस अवस्थामा मैले यसलाई बचाइन भने यसको शरीरमा रहेको वस्तु पैसा आदि अरूले लिएर जानेछ' भनी दया राखी त्यसको होश नआएसम्म रक्षा गरेर बसिरहन्छ ।

(२) प्रमादी भइरहेको व्यक्तिको धनसम्पत्ति रक्षा गर्दछ अर्थात् त्यस प्रकारले मद्यपानले बेहोश भइरहेको व्यक्तिको घर रक्षा गर्दछ । यानि घरमा चोर पस्लाभनी त्यसको होश नआएसम्म घरको रेखदेख गरिरहन्छ ।

(३) डराएको व्यक्तिलाई शरण दिई, भरोसा बाँधी निर्भय प्रदान गर्दछ । राजभय, चौरभय, भूतभय अथवा शत्रु भयले त्रसित भइरहेको व्यक्तिलाई विविध कुराले धैर्य्य बधाई, अनेक धर्मशास्त्रको प्रमाण देखाई, अनेक युक्तिद्वारा त्यसको मनलाई शान्ति प्रदान गरी भय हटाइदिन्छ ।

Downloaded from http://dhamma.digital

(४) कुनै आवश्यक काम कुरा गर्ने बखतमा फायदा हुने तरीकाले अर्ति बुद्धि दिन्छ। 'यसो गरे यसो हुनेछ, यसो गरे यसो हुनेछ' भनी अनेक विचारका कुरा गरी समयोचित अर्ति दिन्छ।

गृहपतिपुत्र ! यति यी चार प्रकारले उपकार गर्ने व्यक्तिलाई शुद्ध तथा राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू। यस्तै व्यक्तिलाई सुहृद्मित्र भन्दछन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (ख) सुख-दुःखमा उपकार गर्ने मित्र

गृहपतिपुत्र ! चार प्रकारले सुख दु:ख दुबैमा उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) विश्वास गरेर कुरा जम्मै बताउँछ, गुप्ती कुरा समेत जम्मै खोलेर बताउँछ । आफ्नै घरको पनि राम्रो नराम्रो जम्मै कुरा साथीलाई खोल्दछ ।

(२) साथीहरूको कुनै गुप्ती कुरा आफूलाई बताए पनि विश्वासीबनी मुखबाट कहीं बाहिर प्रकाश गर्दैन । अरू कसैलाई त परैजावोस् आफ्नै धर्मपत्नीलाई समेत भन्दैन् ।

(३) आफ्नो साथीलाई आपत-विपत[1] पर्दामा कहिल्यै पनि छाड्दैन । रोगभय, चोरभय, राजभय आदि अनेक प्रकारको भय पर्दामा साथीलाई छाडेर नभागी आफूले सकेको उपकार गर्दछ ।

(४) सुहृदय साथीले आफ्नो साथीको निंति ज्यान समेत परित्याग गर्दछ । जस्तो, दुइजना साथीहरू गइरहंदा एकजनालाई सर्पले लखेट्न आयो भने साथीलाई छोडेर आफू मात्रै भाग्दैन । वरू आफ्नो ज्यानै मायामारी साथीलाई बचाउने कोशिश गर्दछ । सुमित्रहरूले 'साथी मरे मरोस्, आफ्नो

---

१. आपत=सपनैमा नदेखे झैं अपर्झट आइपर्ने भय आदिलाई आपत भन्दछन् । विपत=कल्पनै नगरेको तरीकाले आफ्नो धनसम्पत्ति अपर्झटमा विनाश भएर जानुलाई विपत भन्दछन् ।

Downloaded from http://dhamma.digital

ज्यान त बचाऊँ, कहिल्यै भन्दैनन् । आफ्नै प्राण संकल्प गरेर भएपनि साथीको ज्यान बचाउने प्रयत्न गर्दछ । यस्ता व्यक्तिहरूलाई मात्रै लोकमा 'कल्याण मित्र' भन्दछन् ।

गृहपतिपुत्र ! यति चार प्रकारले सुख-दु:खमा उपकार गर्ने व्यक्तिलाई राम्रो शुद्ध चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (ग) बृद्धि हुने अर्ति दिने मित्र

गृहपतिपुत्र ! चार प्रकारले वृद्धि हुने अर्ति दिने व्यक्तिलाई राम्रो हृदयको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) पाप कर्ममा रोक्दछ । कसरी भने- यदि आफ्नो कुनै साथी पापी भएर प्राण हिंसा गर्ने, झूठो बोल्ने, चुकुली गरेर हिंड्ने अर्काको हृदयमा बिझ्ने कुरा गर्ने, परस्पर प्रेममा रहेका व्यक्तिहरूलाई फटाइ दिने काम गर्ने बानी भएको छ भने त्यसलाई यसप्रकारले अर्ति-बुद्धि दिन्छ -

"प्रिय मित्र ! तपाईं यस्तो यस्तो नचाहिने अकर्तव्यमा लाग्नुभयो । यो त हामी जस्तो सज्जन मानिसले गर्नु हुने काम होइन । यस्तो काममा लाग्नुभयो भने तपाईंलाई पछि दु:ख हुनेछ, शोक हुनेछ, पश्चात्तापमा पर्नु पर्नेछ । लोकले तपाईंलाई निन्दा गर्ने छन् ।"

यस प्रकारले अनेक तरहले वोधगरी अकुशल कर्मको आदिनव (दोष) देखाई साथीलाई असल बाटोमा ल्याउने कोशिश गर्दछ । कुकर्ममा नलाग्ने, झूठो नबोल्ने प्रतिज्ञा गराउँछ । अकुशल तथा कुकर्म छोडेपछि प्राप्त हुने आनिसंस (गुण, सुफल) को कुरा समेत देखाई पापबाट बचाउँछ ।

(२) असल कर्म कार्य्यमा साथीलाई नियुक्त गर्दछ । कल्याणकारी सुख, शान्ति प्राप्त हुने काममा लगाउँछ । असल कामबाट मुख मोडेको छ भने असल कामतिर मन खिचिने कुरा उपाय बताउँछ । बुद्ध वन्दना गर्न नजान्ने भए तथा मन नलागेको भए बुद्ध-वन्दना गर्न पट्टि मन फर्काइदिन्छ । अनेक प्रकारले बुद्धगुण बताई धर्मतिर प्रवृत्ति बढाइ दिन्छ । आफूले जाने सुनेजति

Downloaded from http://dhamma.digital

चूल सुभद्रादेवीले आफ्ना सासू ससुरालाई बुद्धको गुण-वर्णन गरी बुद्धप्रति श्रद्धा बढाईदिए झैं, आफ्ना मित्रको श्रद्धा बढाइदिन्छ । दान गर्ने प्रवृत्ति बढाइदिन्छ । शीलपालन नगरेको भए त्यतातिर पनि रूचि उत्पन्न गराइदिन्छ । यस प्रकारले सुमित्रले आफ्नो साथीलाई अनेक किसिमले बोध गराई यस लोक र परलोक दुवैमा सुख प्राप्ति हुने, वृद्धि हुने कुशल कार्य्यमा नियुक्त गरिदिन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चूलसुभद्राको कथा

भगवान् बुद्धको शासनकालमा कोशलराज्यको श्रावस्ती भन्ने नगरमा अनाथपिण्डिक नाम गरेका एकजना अत्यन्त धनी महाजन थिए। त्यही राज्यको अर्को नगर उग्ग भन्ने ठाउँमा पनि अर्को एकजना धनी थिए, उसको नाम उग्गसेठ थियो। ती दुबै सेठहरूको केटा-केटीमा सहपाठी थिए। तिनीहरूको बालक कालमा ठूलो मित्रता थियो। त्यो मित्रता परन्तुसम्म रहोस् भन्ने हेतुले ती दुबैजनाले एउटा कबूल गरे- "हाम्रा छोराछोरी भएभने, ती दुबैको परस्पर विवाह गरी दिनेछौं।"

ती दुबै ठूला भएपछि आफ्ना आफ्ना नगरका सेठ भए।

एकदिन उग्गनगरका महाजन उग्गसेठ पाँचसय गाडामा माल भरी, बीचबीचमा व्यापार गर्दै श्रावस्ती पुगेर अनाथ पिण्डिकको घरमा गए आफ्नो मीत त्यसरी आइपुगेको देखी अनाथपिण्डिकले आफ्नी छोरी चूलसुभद्रालाई डाकी भने- "तिम्रो मीत-बाबु आउनु भएकोछ। वहाँको हेरविचार तथा सेवा गर्ने काम तिम्रो भयो।"

चूलसुभद्राले पनि अलिकति पनि अल्सी नमानी आफ्नो मीत-बाबुको सेवा टहल गरिन्। त्यत्रा ठूलो महाजनकी छोरी भएर पनि आफ्नै हातले भोजन तयारपारी ख्वाइन्। नुहाउनको निंति पानी आदी ल्याइदिने काम पनि आफैले गरिन्। मीत-बाबुको सेवा टहलमा अलिकति पनि त्रुटि हुन दिइनन्। सुविनीत भावले आदर तथा मानराखी पाहुना सत्कारमा लागिन्।

चूलसुभद्राको स्वभाव देखेर उग्गसेठ साह्रै प्रसन्न भए। एकदिन अनाथपिण्डिक र उग्गसेठ कुशल वार्ता गर्दागर्दै सुभद्राको आचरणमा खुशी

Downloaded from http://dhamma.digital

भएका उग्गसेठले कुरा उठाए- "मीतज्यू हामी केटाकेटीबेलामा गरेको कबूल तपाईंलाई सम्झना छ ? तपाईंकी छोरी पनि त अब विवाह योग्य भइसकेकी रहिछन् ।"

अनाथपिण्डिकले केटाकेटीबेलाको कबुल सम्झिहाले र सोधे- 'तपाईंको छोराको विवाह नि ?'

बीचैमा कुरा काटेर उग्गसेठले भने- "त्यसैले त कुरो उठाउनु पऱ्यो !" यति भनी उग्गसेठ हाँसे ।

यस्ले छोरी माग्यो भन्ने कुरा अनाथपिण्डिकले बुझिहाले तर, हुन्छ हुन्न केही भनेनन् । कारण, उग्गेसेठ अबौद्ध थिए । अबौद्धलाई आफ्नी छोरी कसरी दिने भन्ने तिनलाई पऱ्यो । त्यसकारण भगवान् कहाँ गएर तिनले यो कुरा निवेदन गरे ।

भगवान्ले भन्नुभयो- "चूलसुभद्राको कारणले गर्दा पछि उग्गसेठको दृष्टि बद्लिने छ । सम्बन्ध जोड ।"

घर आई अनाथपिण्डिकले उग्गसेठलाई विवाहको अनुमति दिए । अनि आफ्नी धर्मपत्नी पुण्यलक्षण सित सल्लाह गरी कन्यादानको दिन तोकेर उग्गसेठलाई विदा दिएर पठाए ।

शुभदिन-शुभमुहूर्तमा उग्गसेठले जन्ति ल्याए। कन्यादानको दिनमा अनाथपिण्डिकले चूलसुभद्रालाई डाकी, धनंजय महाजनले विशाखा उपासिकालाई दिए जस्तो, उपदेश दिए-

"प्रिय पुत्री ! ससुरालीमा बस्ने केटीले (१) घरको आगो बाहिर कसैलाई दिनु हुन्न, (२) बाहिरको आगो घरभित्र हुल्नु हुन्न, (३) दिनेलाई मात्रै दिनु पर्दछ, (४) नदिनेलाई दिनुहुन्न, (५) दिनेलाई पनि नदिनेलाई पनि दिनु पर्दछ, (६) राम्ररी बस्नु पर्दछ, (७) राम्ररी खानु पर्दछ, (८) राम्ररी सुत्नु

Downloaded from http://dhamma.digital

पर्दछ, (९) अग्नि सत्कार गर्नुपर्दछ, (१०) अभ्यन्तर देवताहरूको नमस्कार गर्नुपर्दछ ।"

(यहाँ पाठकहरूको मनमा संदेह उत्पन्न हुनसक्दछ कि घरमा बसेर पनि विना आगोको बिउ नदिइकन या नलिइकन काम कसरी चल्न सक्दछ ?

उपर्युक्त उपदेशको मुख्य अर्थ यो हो भनी जान्नु पर्‍यो-

१. 'घरको आगो बाहिर दिनु हुन्न' भनेको मतलब साँच्चै नै चूलोको अथवा मकलको 'आगो' भनेको होइन। घरका सासू-ससुराको कुनैपनि दोष अथवा अगुण बाहिरका कुनै मानिसलाई नभन्नू भनेको हो । घरका मानिसको कुरा बाहिर भन्नु जस्तो आगो (खराब काम) अरू छैन। यसले घरै भस्माभूत पारिदिन सक्दछ ।

२. 'बाहिरको आगो घरभित्र हुल्नु हुन्न' भनेको मतलब पनि त्यस्तै हो। यदि कुनै विश्वासीले आफ्ना सासू, ससुराको दोष अथवा अगुण सुनाएर ल्यायो भने सबैकुरा घरका मानिस तथा सासू, ससुरालाई नभन्नू भनेको हो । यो जस्ता आगो (खराब काम) अरू छैन । यसले पनि गृहस्थीलाई भस्माभूत पारिदिन सक्दछ ।

३.'दिनेलाई मात्र दिनु पर्दछ' भनेको मतलब कुनै वस्तु पैंचो लिएर गएर फेरि फर्काई दिनेलाई मात्रै पैंचो दिनु योग्य छ भनेको हो ।

४. "नदिनेलाई दिनुहुन्न" भनेको मतलब कुनै वस्तु पैंचो लगेर फेरि फर्काई नदिनेलाई पैंचो दिनु योग्य छैन भनेको हो ।

५. 'दिनेलाई पनि नदिनेलाई पनि दिनुपर्दछ' भनेको मतलब, गरीब-गुरुवा अथवा श्रमण ब्राह्मण अथवा भिक्षु तथा ज्ञाति वन्धुहरूलाई आफ्नो गच्छेअनुसार दिनयोग्य छ भनेको हो ।

Downloaded from http://dhamma.digital

६. 'राम्ररी बस्नु पर्दछ' भनेको मतलब सासू, ससुरा तथा स्वामीको अगिल्तिर आसनबाट उठ्नु पर्ने बेलामा बसिनै रहनु हुन्न भनेको हो ।

७. 'राम्ररी खानु पर्दछ' भनेको मतलब, सासू ससुरा तथा आफ्नो स्वामीले खानुभन्दा अगाडि खानु हुन्न, तिनीहरूलाई नै पहिले खुवाई अरू जहानहरूले खाइसके कि सकेनन् भन्ने विचार गरी सबभन्दा पछाडि मात्रै आफुले खानु योग्य छ भनेको हो ।

८.'राम्ररी सुत्नु पर्दछ' भनेको मतलब, सासू, ससुरा सुत्नु भन्दा अगाडि नसुती तिनीहरूलाई गर्नु पर्ने सेवाटहल जम्मै गरिसकेपछि मात्रै सुत्नु पर्दछ भनेको हो ।

९. 'अग्नि सत्कार गर्नु पर्दछ' भनेको मतलब सासू ससुरालाई र स्वामीलाई अग्निको ज्वाला तथा नागराजा समान देख्नु पर्दछ । जसरी आगोको ज्वालालाई तथा नागराजालाई छुंदा अनर्थ हुन्छ त्यस्तै यिनीहरू उपर पनि केही गऱ्यो भने आफैलाई अनर्थ हुन थाल्दछ तथा पाप लाग्दछ ।

१०. 'अभ्यन्तर देवताहरूलाई नमस्कार गर्नुपर्दछ' भनेको मतलब सासू-ससुरा र आफ्ना स्वामीलाई देवता समान ठानी आदर सत्कार गरेर बस्नु पर्दछ भनेको हो ।)

यति उपदेश दिई, विशाखालाई जस्तै, अनेक श्रीसंपत्ति दाइजो सहित चूलसुभद्रालाई अनाथपिण्डिकले बिदा गरे । बुद्ध प्रमुख भिक्षु संघलाई पनि त्यसदिन महादान दिए ।

उग्ग नगर पुगेपछि सुभद्रालाई धेरै नागरिक महाजनहरू आएर लिनआए । सुभद्रा पनि आफ्नो श्रीसौभाग्य प्रकट गर्दै, विशाखा उपासिकाले जस्तै, आफूलाई सबैले देख्न सक्ने रथमा बसी नगर प्रवेश गरिन् ।

Downloaded from http://dhamma.digital

नागरिक महाजनहरूले दिन ल्याएका उपहार स्वीकार गरी पुनः ती जम्मै उपहार नागरिक जनताहरूलाई योग्यतानुसार वितरण गरिदिइन्। सकल नागरिकहरूलाई आफ्नो गुणद्वारा एकावद्ध गरिन्।

एकदिन उग्गसेठको महलमा मंगलोत्सव थियो। महाजनहरू तथा श्रमणहरू जम्मा भएका थिए। उग्गसेठले बुहारीलाई डाकेर भने- "हाम्रो यहाँको कुलानुसार श्रमणहरूको वन्दना गर्न जाऊ।"

चूलसुभद्रा गइनन्। किन कि त्यहाँका श्रमणहरू अचेलक (नांगा फकिरहरू) थिए। बारम्बार ससुराले भन्दा पनि लाज मानेर सुभद्रा वन्दना गर्न गइनन्। ए, ससुराले भनेको समेत नमान्ने, यस्ती बुहारी ! भनेर सेठ रिसाई दोषादोष निर्णय गर्ने नाइकेहरू बोलाउन पठाई सबै कारण बताई 'तिमीहरूकी छोरी फिर्ती 'लैजाऊ' भनेर झोक्किए। ती नाइकेहरूले कारणाकारण सबैबुझी सुभद्राको दोष छैन भन्ने ठहऱ्याए। अनि त्यो सेठले आफ्नी पत्नीलाई भने "हाम्रा श्रमणहरू निर्लज्जी भनेर सुभद्रा वन्दना गर्न गइनन्।"

यस्तोकुरा सुनेकी सेठकी पत्नीले, यिनीहरूका श्रमणहरू कस्ता छन् त ! भनी चूलसुभद्रासित यसरी प्रश्न गरिन्।

**"कीदिसा समणा तुय्हं बाल्हं खो ते पसंससि।**
**किं सीला किं समाचारा तं मे अक्खाहि पुच्छितो'ति ॥"**

अर्थ- हे सुभद्रे, तिमीले तिम्रा माइतीका श्रमणहरूको धेरै वयान गऱ्यो। तिनीहरू कस्ता छन् ? तिनीहरूको आचरण कस्तो छ ? शील स्वभाव कस्तो छ ? हामीलाई सुनाऊ त।

सासूको यस्तो कुरासुनी सुभद्राले भगवान् बुद्ध र श्रावकहरूका गुण वर्णन गर्दै यसरी भनिन्-

Downloaded from http://dhamma.digital

**"सन्तिन्द्रिया सन्त मानसा सन्तं तेसं गतं ठितं ।**
**ओक्खित्त चक्खू मितभाणी तादिसा समणा मम ॥"**

अर्थ- इन्द्रिय वहाँहरूको शान्त छ । वहाँहरूको मन शान्त छ । आवत जावत पनि वहाँहरूको शान्त छ । वहाँहरूको चक्षु संयम छ । हेर्नु हुने भनेर चारैतिर आँखा नडुलाई आफूलाई चाहिने जति मात्रै अधोदृष्टि गरी हेर्नु हुन्छ । कुरा पनि चाहिनेभन्दा बढ्ता गर्नु हुन्न । हाम्रा माइतीका श्रमणहरू त्यस्ता छन् ।

**"कायकम्मं सुचि तेसं वाचाकम्मं अनाविलं ।**
**मनोकम्मं सुविसुद्धं तादिसा समणा मम ॥"**

अर्थ- तीन प्रकारका कायिक-पाप नभएकाहरू भएको हुनाले वहाँहरूको काय-कर्म शुद्ध हुन्छ । चार प्रकारका वाचिक पाप नभएकाहरू भएको हुनाले वहाँहरूको वची-कर्म निर्मल छ । तीन प्रकारका मानसिक-पाप नभएकाहरू भएको हुनाले वहाँहरूको मन-कर्म सुपरिशुद्ध हुन्छ । हाम्रा श्रमणहरू त्यस्ता छन् !

**विमला संखमुत्ताभा सुद्धा अन्तर बाहिरा ।**
**पुण्णा सुद्धेहि धम्मेहि तादिसा समणा मम ॥**

अर्थ-निर्मल शंख, मोती आदि जस्तै वहाँहरू भित्र बाहिर दुबैतिर शुद्ध हुनुहुन्छ तथा वहाँहरू पवित्र धर्मले परिपूर्ण हुनु भएका छन् । त्यस्ता हाम्रा माइतीका श्रमणहरू हुन् ।

**"लाभेन उन्नतो लोको अलाभेन च ओनतो ।**
**लाभालाभेन एकट्ठा तादिसा समणा मम ॥"**

Downloaded from http://dhamma.digital

अर्थ- लाभ भयो भने माथितिर हेर्ने यस लोकका जनहरू, हानी भयो भने तलतिर हेर्ने यस लोकका जनहरू ! तर वहाँहरू लाभ र हानी दुबैमा समान भएर बस्नुहुन्छ । मेरा माइतीका श्रमणहरू त्यस्ता छन् !

**"यसेन उन्नतो लोको अयसेन च ओनतो ।**
**यसायसेन एकट्ठा तादिसा समणा मम ॥"**

अर्थ- यशद्वारा माथितिर हेर्ने यस लोकका जनहरू, अशयद्वारा तलतिर हेर्ने यस लोकका जनहरू ! यश र अशयमा समानरूपले वहाँहरू रहनु हुन्छ । त्यस्ता मेरा माइतीका श्रमणहरू हुन् ।

**"पसंसायुन्नतो लोको निन्दाय च ओनतो ।**
**समा निन्दा पसंसासु तादिसा समणा मम ॥"**

अर्थ- प्रशंसाद्वारा माथितिर हेर्ने यस लोकका जनहरू, निन्दाद्वारा तलतिर हेर्ने यस लोकका जनहरू ! निन्दा र प्रशंसामा समान रूपले रहने वहाँहरू हुन् । त्यस्ता मेरा माइतीका श्रमणहरू हुन् !

**"सुखेन उन्नतो लोको दुक्खेन च ओनतो ।**
**अकम्पा सुख दुक्खेसु तादिसा समणा मम ॥"**

अर्थ- सुख भएमा माथितिर हेर्ने यस लोकका जनहरू, दुःख भएमा तलतिर हर्ने यस लोकका जनहरू ! सुख र दुःखमा समान भएर रहने वहाँहरू हुन् । त्यस्ता मेरा माइतका श्रमणहरू हुन् ।

यी सातवटा श्लोकले भगवान् बुद्धको गुण वर्णन गरी सुभद्राले सासू ससुरालई सन्तुष्ट पारिन् ।

सासू, ससुराले सोधे- "सुभद्रे ! तिम्रा ती श्रमण्हरूको दर्शन हामीलाई गराउन सक्छयौ ?"

Downloaded from http://dhamma.digital

"सक्छु भनी सुभद्राले बुद्ध सहित महासंघलाई महादान दिने जोरजाम गर्न लगाई महलको कौसीमा बसी जेतवनतिर हेरी अत्यन्त भक्तिपूर्वक पञ्चाङ्ग प्रणाम गरी भगवान् बुद्धको गुण सम्झँदै, सुगन्ध धूप, पुष्पादिले पूजा गर्दै, 'यस लक्षणद्वारा भगवान्लाई मेरो निमन्त्रणा थाहा होस्' भनी जूही-फूल आठ मुठी आकाशतिर हुत्याएर पठाइन् ।

त्यो फूल गएर चतुपरिषद्हरूको[1] बीचमा धर्मोपदेश गरिरहनु भएका भगवान् बुद्धको शीरमाथि चँदुवा भएर रहन गयो । त्यसैबेला अनाथपिण्डिक पनि भगवान्लाई भोलिपल्टको निमन्त्रणा दिन गएका थिए । भगवान्ले उनलाई भने- "गृहपति ! भोलिको निमन्त्रणा मैले अर्कै एक ठाउँमा स्वीकार गरिसकेको छु ।"

अनाथपिण्डिक- "भन्ते ! सबभन्दा पहिले यहाँ आइरहने म हुँ। कसैले निमन्त्रणा दिन आएको त मैले देखिन ।"

भगवान्- "उपासक ! चूलसुभद्राले मलाई डाकिपठाइन् । मैले तिनको निमन्त्रणा भोलिको निंति स्वीकार गरिसकेको छु ।"

अनाथपिण्डिक- "यो कसरी हुन सक्दछ, भन्ते ! चूलसुभद्रा त यहाँदेखि एकसय बीस योजन टाढा बसेकी हैनन् र ?"

भगवान्- "गृहपति ! हो, तिनी टाढा बसिरहेकी छन् । तर सत्पुरूषहरू टाढै रहेतापनि हिमालय जस्तो टाढैबाट पनि देखिरहन्छ ।"

यति आज्ञा गरिसक्नु भएपछि भगवान् बुद्धले निम्न गाथा उच्चारण गर्नुभयो-

---

१. भिक्षु, भिक्षुणी, उपासक र उपासिका । यी चारलाई चतुपरिषद् भन्दछन् ।

Downloaded from http://dhamma.digital

**"दूरे सन्तो पकासेन्ति हिमवन्तोव पब्बतो ।**
**असन्तेत्थ न दिस्सन्ति रत्तिक्खित्तो यथा सरा'ति ॥"**

अर्थ- सत्पुरुषहरू हिमगिरी जस्तै टाढैबाट पनि देखि रहन्छन् । असत्पुरूषहरू रातमा हानेर पठाएको तीर झैं नजीकै बाट पनि देखिंदैन ।

भोलिपल्ट बिहान, भगवान् बुद्ध विशुद्ध क्षीणास्रवी भिक्षुहरू पाँचसयजति साथमा लिई आकाशमार्गबाट उग्गनगर चूलसुभद्राको घरतिर रवाना गर्नुभयो ।

चूलसुभद्राको कुरा सुनेका सासू ससुराहरू भगवान्को प्रतिक्षामा बसिरहेका थिए । भगवान् पनि भिक्षुसंघ सहित आकाशै जाज्वल्यमान् पार्दै त्यहा आइपुग्नु भयो । सुभद्राको सासू, ससुरा सहित सकलजहान साह्रै प्रशन्न भए । अनि तिनीहरू सबैले भगवानलाई स्वागत सत्कार गर्दै साष्टांग प्रणाम गरी महादान दिए । एक हप्तासम्म तिनीहरूले त्यस्तै प्रकारले दान दिइरहे । भगवान्को धर्मोपदेश सुनेर चूलसुभद्राको सासू, ससुरा प्रमुख चौरासी हजार नरनारीहरू बुद्धोपासक भए ।

यसप्रकारले कल्याण मित्रले आफ्नो साथीलाई असल कार्य्यमा नियुक्त गर्दछ ।

(३) कहिल्यै नसुनेको कुरा सुनाएर मनलाई प्रशन्न पारिदिन्छ । देश विदेशका राम्रा राम्रा आदर्शवत् कुराहरू बताउँछ । कहिल्यै नसुनेको गूढार्थ कुरा सुनाउँछ । नबुझेको कुरालाई बारम्बार दोहऱ्याई तेहऱ्याइ विस्तृत पारी छर्लंग हुने गरी बताउँछ । नानाविध धर्मशास्त्रका कुरा तथा यस लोक (सन्दिट्ठिक) र परलोक (सम्परायिक) मा सुख वृद्धि हुने, चित्त शान्ति हुने कुरा बताउँछ ।

Downloaded from http://dhamma.digital

(४) सुगति स्वर्गलोक प्राप्त हुने कुरा बताउँछ। दानादि शीलपालन गरे भने कामावचर स्वर्गलोकमा जान पाइन्छ, समाधि गरेभने रूपावचर ब्रह्मलोकमा जान पाइन्छ भनी अनेक प्रकारले स्वर्गादि ब्रह्मलोकको मार्ग देखाउँछ ।

गृहपतिपुत्र ! यति यी चारप्रकारले बुद्धि हुने अर्ति-बुद्धि दिने व्यक्तिलाई असल चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# (घ) अनुकम्पा राख्ने मित्र

गृहपतिपुत्र ! चार प्रकारले अनुकम्पा राख्ने मित्रलाई शुद्ध चित्तको 'कल्याण मित्र' भनेर जान्नू ।

(१) त्यो आफ्नो साथीको हानी नोक्सानी देखेर वा सुनेर खुशी हुँदैन । आफ्नो साथीका छोराछोरीलाई रोगादि दुःख कष्ट भएको देखेर त्यसको मनमा साह्रै पीरपर्न थाल्दछ । साथीको धनसम्पत्ति आगोले खायो वा नदीले लग्यो वा राजाले सर्वस्व लग्यो वा लुटाहाहरूले लुटेर लगे भन्नेकुरा सुनेर त्यसको चित्तमा दुःख डाह हुन थाल्दछ ।

(२) आफ्नो साथीलाई लाभ भयो भन्नेकुरा सुन्न पाउँदा या देख्न पाउँदा त्यो साह्रै खुशी हुन्छ । साथीलाई राजाले कुनै उच्चपद दिए भन्ने वा कहींबाट धन लाभ भयो भन्ने या यस कीर्ति सुमंगल प्राप्त भयो भन्नेकुरा सुन्न पायो भने त्यो साह्रै हर्षित हुन्छ ।

(३) त्यसले आफ्नो साथीको बारेमा नराम्रो कुरा गरिरहेको सुन्यो भने त्यस्तो कुरा गर्न दिंदैन । कसैले आफ्नो साथीको बारेमा 'फलानो त साह्रै बेइमान' त्यसको स्वभाव साह्रै राम्रो छैन, 'शील भनेको त छदैछैन' भनेर नाना तरहले कुरा गरिरहेको सुन्यो भने त्यसले यसप्रकारले त्यहाँ भन्दछ- "हे भाइहरू हो, तपाईंहरूले किन फलानोको बारेमा त्यस्तो अवगुणको कुरा गर्नुभएको ? त्यो त त्यस्तो व्यक्ति होइन, त्यो साह्रै दयालु छ, शीलवान् पनि हो । त्यसले आमाबाबुको सेवामा कुनै त्रुटि हुन दिएको छैन । नाताकुटुम्ब तथा इष्टमित्रहरूको उपकार गरेको छ, धर्म आचारण पनि राम्रो गर्दछ। फेरि दुःखीहरू उपर पनि त्यसको सहानुभूति छ। सबैसित

Downloaded from http://dhamma.digital

प्रेम व्यवहार गर्दछ। त्यस्ता सुपेसल शिक्षाकामी, परहितैषीलाई त्यस्तो भन्नु योग्य छैन। त्यो मान्छे त साह्रै गुणवान् छ।"

यस प्रकारले आफ्नो साथीको सत्य गुण प्रकाश गरी अगुण हटाइदिन्छ।

(४) कसैले आफ्नो साथीको गुण वर्णन गरिरहेको देख्यो भने त्यसले त्यस व्यक्तिको प्रशंसा गर्दछ। जस्तो कुनै व्यक्तिले, "फलानोको शीलस्वभाव अहा! कति राम्रो जोसित पनि मिलेर मानमिजास गरी बस्दछ। मिठो बचनले कुरा गर्दछ। आफ्ना आमाबाबुप्रति भक्ति पनि उत्तिकैछ।" भनेर कुरा गरिरहेको सुन्यो भने त्यसले त्यस व्यक्तिलाई ठीक भन्नुभो! तपाईंहरूले साँचै नै गुणीजनको गुण चिन्नु भएको रहेछ। साँच्चै नै त्यो मानिस संगत गर्न लायकको छ भनी त्यसले भनेकोमा पनि अझ एक दुइवटा बढ्ता गुण वर्णन गरिदिन्छ।

यस प्रकारले आफूलाई थाहा भएजति गुण वर्णन गरिदिन्छ।

गृहपतिपुत्र! यी यति चार प्रकारले अनुकम्पा राख्ने राम्रो हृदयको व्यक्तिलाई 'कल्याण मित्र' भनेर जान्नू।

यस प्रकारले कल्याण मित्रहरूको स्वभाव वर्णन गरिसक्नु भएपछि भगवान् तथागतले उपयुक्त उपदेश जम्मै एकै ठाउँमा संग्रह गर्नुभई निम्न गाथा आज्ञा गर्नुभयो-

**"उपकारो च यो मित्तो, सुख दुक्खे च यो सखा।**
**अत्थक्खायि च यो मित्तो, यो च मित्तानु कम्पको॥**
**एते पि मित्ते चत्तारो, इति विञ्ञाय पण्डितो।**
**सक्कच्चं पयिरुपासेय्य, माता पुत्तं व ओरसं॥**
**पण्डितो सीलसम्पन्नो, जलं अग्गीव भासति।**
**भोगा संहरमानस्स, भमरस्सेव इरीयतो।**
**भोगा संनिचयं यन्ति, वम्मिकोवूपचीयति॥**

Downloaded from http://dhamma.digital

अर्थ- उपकार गर्ने मित्र, सुख र दुःखमा समानता राख्ने मित्र, वृद्धि-उन्नति हुने कुरा बताउने मित्र, दया करूणा भएको मित्र- यी चार प्रकारका मित्रहरूलाई 'कल्याण मित्र' भनेर बुद्धिमान पण्डितहरूले जान्नू। आमाबाबुले एक्लो छोरोलाई अनन्य प्रेम गरे झैं उपर्युक्त चार प्रकारले उपकार गर्ने मित्रलाई अनन्य मित्र सम्झी प्रेमपूर्वक सतसंगत गर्नू।

जसरी माहुरीले फूलको वर्ण नबिगारी रस लिएर आई क्रमशः चाका बनाउँछ, त्यसरी नै कसैको चित्त नदुखाई सद्‌चित्तले कमाइ गर्ने व्यक्तिको श्रीसम्पत्ति महाराशी भएर चिरस्थायी हुन्छ। जसरी उपचिका धमिराहरूले क्रमशः माटोको थुप्रो बनाउँछ, त्यसरी नै उपर्युक्त नियममा आचरण गर्ने व्यक्तिले धन जम्मा गर्दछ।

यस प्रकारले धनसम्पत्ति कमाई धार्मिक शीलवान र पण्डित भई दानादि पुण्यकर्म गरे भने संध्या समयमा पर्वतशिखरमा बलिरहेको अग्निस्कन्ध जस्तै तेजवान् भएर सुगृहको वास प्राप्त हुन्छ।

पुनश्चः

**एवं भोगे समागम्म, अलमत्तो कुले गिहि।**
**चतुधा विभजे भोगे, सवे मित्ता बन्धति॥**
**एकेन भोगं भुञ्जेय्य, द्वीहि कम्मं पयो जये।**
**चतुत्थञ्च निधापेय्य, आपदासु भविस्सती'ति॥**

अर्थ- माथि भने मुताबिक धनसम्पत्ति कमाई, त्यो कमाएका सम्पत्तिलाई चार भाग गरी काम-काज गरे भने मित्रहरू धेरै प्राप्त हुन्छन् र घरमा पनि श्रीशुभले बास गर्दछ।

चार भागको मतलब यसरी-एक भाग आफ्नो खान लाउनमा खर्च गर्नु, दुइ भाग आफ्नो कामकाज (व्यापार आदि) मा लगाउनु, एक भाग आपत-विपतको निंति ढुकुटीमा जम्मा पारी राख्नु।

Downloaded from http://dhamma.digital

उपर्युक्त अनुसार धन कमाई उचित तरीकाले खर्च गरेन भने वृद्धिको बदला बिग्रेर जाने सम्भावना हुन्छ । त्यसकारण गृहस्थीहरूले इष्टमित्रहरूसित मेलजोल बढाई आनन्दपूर्वक गृहस्थी चलाउन धनको सुरक्षा र सुप्रयोग गर्न जान्नु पर्दछ । माथि भनेको आम्दानीबाट चार भागमा एकभाग खान लाउनको निंति राखेको जुन छ, त्यसबाट अलिकति झिकी इष्टमित्रहरूको सत्कार गर्नू । नोकर चाकरलाई तलब तथा दानादि पुण्यकर्म पनि त्यसैबाट गर्नू । रोजगारमा लागेको धन सकेसम्म छुनुहुन्न । चौथो भाग चाहिं राजभय, शत्रुभय, अग्निभय, जलभय, चौरभय अनि अनेक भय आउने अवस्थाको निंति सुरक्षित राख्नु पर्दछ । गृहस्थीहरूलाई यस्ता भय बराबर आउने संभव छ ।

यति नियम पालन गरेर बसे भने गृहस्थाश्रममा धेरै इष्टमित्रहरू भएर आउँछ । गृह व्यवहार चलाउन पनि सुविस्ता हुन्छ । धन चिरस्थायी हुन्छ । आम्दानीभन्दा खर्च कम हुन्छ । रोजगार तथा काम-काज पनि सुविस्तापूर्वक चल्दछ । धर्मानुकूल जीविका हुन्छ ।

हे गृहपतिपुत्र ! आर्य्यश्रावकहरूले चार प्रकारका अकुशल छाडी, छः प्रकारका सम्पत्ति विनाश हुने कारण छाडी, सोन्ह प्रकारका कुमित्रहरू त्यागी, सोन्ह प्रकारका सुमित्रहरू ग्रहण गरी आनन्दपूर्वक गृहस्थी चलाउँछन् । स्त्री, पुत्रीपुत्रादि तथा नोकर चाकरहरूको राम्ररी भरण पोषण गर्दछ । यस्ता गृहस्थी देव मनुष्यहरूको बीचमा अग्निस्कन्ध जस्तै देदीप्यमान भइरहन्छ ।

यस प्रकारले सिगालपुत्रलाई त्याग्नु पर्ने त्यागन लगाई, ग्रहणगर्नु पर्ने ग्रहण गर्न लगाई, नमस्कार गर्नुपर्ने छ वटा दिशाको कुरा पुनर्वार भगवान्ले आज्ञा गर्नुभयो ।

Downloaded from http://dhamma.digital

# नमस्कार गर्नुपर्ने छवटा दिशा

गृहपतिपुत्र ! भय अर्थात् निन्दा भन्ने वस्तु मानिसलाई छ:तिरबाट आउँछ । ती छ:तिर अर्थात् छ:दिशाबाट आउने भयलाई प्रतिच्छादित (रोकी) गरिराख्नु पर्दछ । छ:तिरबाट आउने निन्दादि भय नआउने गरी आचरण गर्नुपर्दछ । निन्दादि भय नआउने गरी आचरण गर्नुलाई नै 'प्रतिच्छादन' भनिन्छ ।

यहाँ पहिले छ:दिशाको[1] अर्थ केही बताउँछु सुन-

(१) पूर्वदिशाको मतलब 'मातापिता' हो ।

(२) दक्षिणदिशाको मतलब 'आचार्य्य गुरूजन' हो ।

(३) पश्चिमदिशाको मतलब 'पत्नी पुत्र-पुत्रीहरू' हो ।

(४) उत्तरदिशाको मतलब 'हितचिन्तक मित्रहरू' हो ।

(५) अधोदिशाको मतलब 'नोकर चाकरहरू' हो ।

(६) उर्द्धदिशाको मतलब 'श्रमण ब्राह्मणहरू' हो ।

आमाबाबुलाई पूर्वदिशा भनेको मतलब- छोराछोरीभन्दा पूर्व (पहिले) यस लोकमा भएका हुनाले हो । र छोराछोरीलाई सबभन्दा पहिले (पूर्व) उपकार गर्ने व्यक्तिहरू हुनुभएको हुनाले हो ।

आचार्य्य गुरुजनहरूलाई दक्षिणदिशा भनेको मतलब- दक्षिणा प्रदान गर्न योग्य व्यक्ति भएको हुनाले हो । 'दक्षिणा' को अर्थ कर्म (गर्नुपर्ने काम)

---

१. पूर्वदिशा=आफ्नो अगिल्तिर । दक्षिणदिशा=दाहिनेतर्फ । पश्चिमदिशा=पछिल्तिर । उत्तरदिशा=देब्रेतर्फ । अधोदिशा=तलतिर । उर्द्धदिशा=माथितिर ।

Downloaded from http://dhamma.digital

र कर्मफल (कामको फल) हुन्छ भन्ने विश्वास गरी श्रद्धापूर्वक दिने जुनसुकै दान प्रदानलाई भनिन्छ। साँच्चै नै हातमा तील र कूश लिई संकल्प वाक्य उच्चारण गर्न लगाई दाम, पैसा, चामल आदि राखेर दिनेलाई 'दक्षिणा' भनेको होइन ।

यस प्रकारले विधिपूर्वक दक्षिणा ग्रहण गर्न योग्य हुनु भएका, फेरि कुमार-कुमारीहरूलाई द्वितीय अवस्थामा शिक्षाउपदेश दिई उपकार गर्ने हुनु भएका, दाहिने हात जस्तो हुनु भएका हुनाले आचार्य्य गुरूजनहरूलाई 'दक्षिणदिशा' समान सम्झनुपर्ने हो । अर्थात् आर्य्यहरूको धर्मविनयमा आचार्य गुरूजनहरूलाई नै 'दक्षिणदिशा' भनिन्छ ।

आफ्नो पछिपछि लाग्नेलाई 'पश्चिमदिशा' (पछिल्तिरको) भनिन्छ। आफ्ना स्त्री, पुत्र-पुत्री, नाति-नातिनी आदिलाई 'पछिल्तिरको दिशा' भनिन्छ। किनभने, यिनीहरू आमाबाबुको पछि मात्रै जन्मेका र आमाबाबुकै पछिपछि लाग्ने हुन्छन् । अर्थात् आमाबाबुको अर्ति सुन्ने तथा उनीहरूले गरेर गएका सदाचारको अनुगमन गर्ने हुनाले आर्य्यहरूको धर्मविनयमा स्त्री, पुत्र-पुत्री आदिलाई 'पश्चिमदिशा' भनेको हो ।

आपत-विपतमा, दु:ख कष्ट परेको बखतमा सहायता गरी दु:खकष्टबाट तारिदिने कल्याण मित्रलाई 'उत्तर दिशा' भनिन्छ ।

दाहिने हात कमजोर भएको बेलामा देब्रे हातले काम दिन्छ त्यस्तै आवश्यक अवस्थामा सहायता दिने व्यक्ति भएको हुनाले आर्य्य विनयमा कल्याण मित्रलाई 'उत्तरदिशा' भनेको हो ।

'अधोदिशा' को मतलब सेवक हो । तिनीहरू लोकनीति अनुसार मालिकले अऱ्हाउँदा-पऱ्हाउँदा आज्ञा तामेल गरी निचासनमा बस्दछन् । त्यसैले तिनीहरूलाई 'अधोदिशा' भनेको हो ।

Downloaded from http://dhamma.digital

पूजनीय श्रमण ब्राह्मण भिक्षुहरूलाई 'उर्द्धदिशा' भनिन्छ। "पापानं बाहितत्ताति ब्राह्मणो" अर्थात् अकुशलादि पापकर्म जम्मै निर्मूल पारिसकेकालाई 'ब्राह्मण' भनिन्छ । "समितत्ताति समणो" अर्थात् संसारमा प्रवाहित गर्ने संस्कारलाई शान्ति गरिसकेकालाई 'श्रमण' भनिन्छ। "संसार भयं इक्खतीति भिक्खु" अर्थात् संसार भयबाट निस्कने, मुक्तहुने इच्छा गर्नेलाई 'भिक्षु' भनिन्छ इत्यादि प्रकारका ब्राह्मण, श्रमण, भिक्षुहरूलाई गृहस्थाश्रममा बसिरहेकाहरूले मान आदर पूजा सत्कार गर्न योग्य भएको हुनाले र शीलादि सदाचार धर्ममा साधारण मानिसहरू भन्दा उच्चस्थ भएका हुनाले वहाँहरूलाई 'उर्द्धदिशा' भनेको हो ।

Downloaded from http://dhamma.digital

# आमाबाबुप्रति छोराछोरीको कर्त्तव्य

गृहपतिपुत्र ! पाँच प्रकारले छोराछोरीले पूर्व दशा समानका आमाबाबुको प्रत्युपष्ठान (=सेवा भक्ति) गर्नु पर्दछ-

(१) मलाई आमाबाबुले बालकावस्थादेखि दूध ख्वाई भरण पोषण गरे। अतएव मैले पनि मेरा आमाबाबुलाई भरण पोषण तथा सेवाटहल गर्नु पर्दछ। जन्म भएकै बेला देखिन् आमाबाबुले दूध ख्वाई, तेल घसी, अलिकति पनि घीन नमानी मलमूत्र सफा गरी, स्याहार-संभार गरी मेरो पालन गरे। अलि ठूलो भएपछि पनि विद्या पढाई शिल्पादि शास्त्र सिकाई, लाउने-खाने वस्तु दिई विद्वान् बनाइदिए। 'मेरो छोरा, मेरी छोरी' भनी माया गरेर काखैमा सुताई हुर्काइदिए। मैले पनि वहाँहरूको प्रत्युपष्ठान् (=सेवा) गर्नु पर्दछ' भन्ने मनमा लिई वहाँहरूको वृद्धावस्थामा, हेला नगरी जीवनभर सेवा सुश्रूषा गर्नु पर्दछ। आमाबाबुलाई नुहाउन न्यानो पानी चाहिए न्यानो पानी, चिसो पानी चाहिए चिसो पानी ठीक गरिदिनु पर्दछ। विरामी पर्दा वैध बोलाई राम्रो औषधि गरी दिनु पर्दछ। नियमित समयमा औषधी सेवन गराउन पर्दछ। ख्वाउनु-बर्नु काममा भक्तिपूर्वक लाग्नु पर्दछ। खुट्टा मिच्नु पर्दछ भने खुट्टा पनि मिचिदिनु पर्दछ। वृद्धावस्थाका आमाबाबुलाई कुनै प्रकारको दु:ख मनमा उत्पन्न नहुने गरी सेवाटहलमा लाग्नु पर्दछ। आफुले जानेसुने जति धर्मको कुरा गरी धर्ममा प्रवृति बढाइदिनु पर्दछ। आफूलाई थाहा नभए जाने सुनेका भिक्षुहरूलाई डाकी धर्मका कुराहरू सुन्नदिने काम गर्नु पर्दछ।

(२) आमाबाबुलाई आइपरेका तथा आइपर्ने सरकारी कामकाज जम्मैको भार आफुले बोकिदिनु पर्दछ।

Downloaded from http://dhamma.digital

(३) आमाबाबुको बिडो थाम्न सक्नु पर्दछ। कुलवंश स्थीर गर्न सक्नुपर्दछ। सदाचार, कुलाचरणको परम्परालाई ग्रहण गर्नं सक्नु पर्दछ। आमाबाबुको कमाइ राखेको धन सम्पत्ति अर्थात् खेत-बारी, ज्वाहारात, आदि विनाश नगरी दानादि गर्ने कुशल चर्य्यालाई रक्षा गर्नु अर्थात् कुलवंश रक्षा गर्न सक्नु पर्दछ।

यदि आमाबाबुले प्राणी हिंसा गर्ने काम, अर्काको धन चोर्ने काम, व्यभिचार गर्ने काम, झूठो बोल्ने काम, जाँड रक्सी आदि पिउने काम र शुद्ध बौद्ध गृहस्थहरूले गर्न नहुने पाँच प्रकारका व्यापार[1] गरिराखेका छन् भने, त्यस्ता अकुशल आचरणलाई छाडी धर्मानुकूलको काम गरी धन कमाई आमा बाबुले भन्दा बढ्ता उन्नति गर्न कोशिश गर्नुपर्दछ। यस प्रकारले सदाचार, सद्व्यवहारको रक्षा गरी दुराचार दुर्व्यवहारलाई त्याग्नु नै कुलवंशको रक्षा गर्नु हो।

यदि आमाबाबुले हरेक महीनामा एकपटक वा दुइपटक वा तीनपटक दान गर्ने नियम गरिराखेका रहेछन् भने त्यसलाई नमास्नू र सके झन् बढाउनु। यस प्रकारले वृद्धि गरेर लैजानुलाई 'कुलवंश स्थीर गर्नु' भन्दछन्।

(४) छोरा भएर जन्मेपछि आमाबाबुको 'अंश लिन योग्य' हुनु पर्दछ। अंशलिन योग्य भनेको मतलब यही हो कि त्यसबेलाको युगमा आमाबाबुको आज्ञा नमान्ने, कुलमा कलंक लगाउने दुर्वच अशिक्षित भएकोलाई 'तिमी मेरो कुलपुत्र होइन, निस्कि' भनेर अंश नदिने चलन र हेछ। आमाबाबुको आज्ञा मान्ने, कुलवंशको उन्नति गर्ने, इज्जत थाम्ने, आमाबाबुको कुरा सुनी रोजगार गर्ने, सुवच भई शिक्षित भएर बस्नलाई

---

१. प्राणी बेच्ने, शस्त्र बेच्ने, विष बेच्ने र मासु बेच्ने।

Downloaded from http://dhamma.digital

मात्रै अंश लिई घरको मालिक बनाइराख्ने रहेछ । त्यसकारण वर्तमान समयमा पनि पुत्रवर्गले यथारीति योग्य छोरा भएर अंशलिन योग्य' भएर रहनु पर्दछ ।

(५) परलोक भैसकेका आमाबाबुहरूको नाममा दानशील-भावनामय पुण्य-कार्य गरी, आफूलाई प्राप्त भएको पुण्य सम्पत्ति वहाँहरूलाई प्राप्त होस् भनी मैत्रीपूर्वक पुण्यदान गर्नु पर्दछ। इहलोक छाडी परलोक गइसकेकाहरूलाई पुण्य बाहेक अरू थोक दिने कुरो केही नभएको हुनाले तिनीहरूको सम्झनामा वस्तुदान र धर्मदान दिने गर्नुपर्दछ। परलोक भइसकेका भनी आमाबाबुको गुणलाई बिर्सिदिनु हुन्न । त्यस्ता बिर्सनेलाई 'असत्पुरूष' भन्दछन् । अतएव तिनीहरूको नाममा पुण्यकार्य गरेर बस्नु उचित छ, जुन कार्यले गर्दा आफूलाई समेत पुण्य प्राप्त हुन्छ । यस प्रकारले आमाबाबुको नाममा पुण्यकार्य गर्नेलाई 'सत्पुरूष' भन्दछन् । परलोक प्राप्त आमाबाबुहरूको गुण सम्झी कृतज्ञता प्रकाश गर्नको निंति बौद्ध सदाचार अनुसार परलोक भएका तेश्रौं दिनदेखि भिक्षुसंघलाई संघदान दिनु पर्दछ। बखत-बखतमा कुनै भिक्षुलाई डाकी परलोक भएकाको नाममा धर्मोपदेश गराउने गर्नू । यस्तै प्रकारले धर्मग्रन्थहरू लेखाई तथा छपाई प्रकाश गर्नू । अथवा कुनै धर्मशास्त्रको पुस्तक प्रकाशनार्थ यथाशक्य सहायता दिनू। मृतकका नाममा पाठशाला बनाइ दिनू। धर्म प्रचार गर्न लाउनू। दु:खी गरीबहरूलाई उपकार गर्नू। यस प्रकारले गरिने धर्मकर्म जम्मै आमाबाबुको नाममा अर्पण गर्ने गर्नू। दिवंगतहरूको नाममा पुण्य गरी तिनीहरूलाई पुण्यदान गर्नू, गृही-धर्मानुसार दशपुण्य क्रियामध्ये 'पत्तिदान' नामक पुण्य पनि प्राप्त हुन्छ। केही गरी दिवंगतहरू अभव्य स्थानमा परिरहेका छन् भने, यसप्रकारले मैत्री पूर्वक अर्पण गरेको पुण्यको प्रभावले तिनीहरू त्यस अभव्य स्थानबाट मुक्त भई भव्यस्थानमा पुग्दछन्। यस प्रकारको चर्य्यालाई 'ज्ञाति धर्म' भन्दछन् ।

Downloaded from http://dhamma.digital

यस गृही-धर्मलाई भगवान् शाक्यमुनिले अनेक स्थानमा प्रशंसा गर्नु भएको छ। अतएव प्रत्येक बौद्धजनले यस बौद्ध रीतिलाई जानी राख्नु पर्दछ।

फेरि भगवान्ले एक स्थानमा यस्तो आज्ञा गर्नु भएको छ कि गृहस्थीहरूले जे निहुँ थापेर भएपनि पुण्य गर्न पट्टि लाग्नु पर्दछ।

अतएव उन्नतिको आशा गर्ने हरेक व्यक्तिले अकुशल संचय हुने प्रथा छाडी कुशल संचय हुने प्रथा ग्रहण गर्नु पर्दछ।

गृहपतिपुत्र ! यसप्रकारले पूर्वदिशा समानका आमाबाबुलाई छोराछोरीहरूले पाँच प्रकारले प्रत्युपष्ठान अर्थात् सेवा टहल, भाव-भक्ति गर्नु पर्दछ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# छोराहरूप्रति आमाबाबुको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवाभक्ति गर्ने छोराहरूप्रति पूर्व दिशा समान भइरहेका आमाबाबुहरूले निम्न पाँच प्रकारले अनुकम्पा देखाउँछन्-

(१) नराम्रो बानी बसाल्न दिँदैन । प्राणीघात आदि पञ्च दुश्शील कर्म गर्न दिँदैन । त्यस्तो दुश्शील काम गरेर हिंड्नेलाई अनेक प्रकारले अकुशल-कर्मको दुःख विपाकको कुरा बताई, अनेक पापको दृष्टान्त दिई, उदाहरण देखाई धर्मोपदेश गर्दछन् । यसप्रकारले छोराहरूलाई पाप कर्मबाट बचाई पुण्यपथमा ल्याउँछन् ।

(२) असल असल काम कुरोमा लगाउँछन् । उत्तम उत्तम साधु महात्माहरूको सत्संगत गराउँछन् । सुपेसल शिक्षाकामी भिक्षु तथा गुरूहरूको आश्रयमा राख्दछन् । घरानी कुलीनहरू संगत गर्न लगाउँद छन् । अनाथपिण्डिक महाजनले झैं आफ्ना छोरालाई पैसा दिई फकाई फुलाई भिक्षु श्रमणहरूको आश्रयमा राखी सुशिक्षित गराउँछन्, आचारी तथा सदाचारी शीलवान् बनाउँछन् ।

Downloaded from http://dhamma.digital

# अनाथपिण्डिक पुत्र

भगवान् बुद्धको समयमा श्रावस्ती नामक नगरमा अनाथपिण्डिक भन्ने एकजना महाजन थिए। तिनको काल भन्ने एकजना छोरो थियो। भगवान्का अनन्य भक्त अनाथपिण्डिकको छोरो भए तापनि कालकुमारको भगवान्प्रति श्रद्धा शून्यमात्रै होइन, उल्टो भगवान्का तथा भिक्षु श्रमणहरूलाई गाली गरेर हिंड्थ्यो। भगवान् आफ्नै घरमा पनि कहिलेकाँही आउनु नै भएता पनि नमस्कारसम्म गर्ने विचार पनि त्यो गर्दैनथ्यो धर्मकथा आदि सुन्ने इच्छा पनि त्यसको थिएन। आमाबाबुको कुरा कुनै सुन्दैनथ्यो। भगवान्मा श्रद्धा भक्ति राख्न पर्दछ भन्ने बाबुको उपदेशलाई त्यो टेर्दै टेर्दैनथ्यो। बाबु भएका अनाथपिण्डिकको मनमा भने "यो छोरो कस्तरी मिथ्या दृष्टि भएको ? यस्तै भयो भने यो केटो दुर्गतिमा पर्नेछ। म छँदाछँदै यसलाई मिथ्यादृष्टि गरी दुर्गतिमा खस्न दिनु त उचित हैन। "अदन्तं दमनं दानं" अर्थात् जस्तैसुकै अदम्य पुद्गलहरूलाई दानद्वारा दमन गर्न सकिन्छ, विनीत गर्न सकिन्छ भनेर लेखेको छ भने देखुन् यो केटो एकजनालाई मैले विनीत गर्न नसकुंला र ? यसलाई म दानद्वारा दमन गर्दछु।" भन्ने विचार उत्पन्न भइरहेको थियो छोरालाई डाकी तिनले भने- "प्रिय पुत्र ! विहारमा गई अष्टशील पालन गरेर आयौ भने तिमीलाई म एक हजार दाम दिन्छु।"

"साँचै दिनु हुने हो ?"

"साँच्चै दिन्छु।"

यस प्रकारले बाबुलाई कराल गराई त्यो कालकुमार शील ग्रहण गर्न बिहारतिर हिंड्यो। शील ग्रहण पनि गर्‍यो। शील ग्रहण गरेपछि बेलुका

Downloaded from http://dhamma.digital

धर्म-कथादि सुन्नु पर्दछ भन्ने कुरा त्यसलाई केही विचार भएको होइन। त्यो त बेलुका हुनासाथ एक कुनामा गई रातभरि मस्तसित सुती भोलिपल्ट बिहान सबेरै उठी घरतिर हिंड्यो।

घर आएको छोरालाई देख्नासाथ बाबुचाहिंले, हिजो ब्रत बसेको भोक लागेको होला भनी, पहिले खाने कुराको थाल परोसी दियो। तर, खाने कुरो वास्ता नगरी हिजो दिन्छु भनेको एकहजार दाम पहिले माग्यो। अनि बाबुले पनि छोराको जिद्दी देखेर दाम ल्याएर दिइदियो। दामको पोको पाएपछि मात्र कालकुमारले पनि खाने कुरो खायो।

फेरि, एकदिन अनाथपिण्डिकले छोरालाई डाकी भने- "प्रिय पुत्र! तिमी फेरि एकपटक भगवान् कहाँ गई वहाँले आज्ञा गर्नुभएको धर्म-पद एक लाइन् सम्झेर मलाई सुनाउन सक्यौ भने अर्को एकहजार दिनेछु।"

बाबुको यस्तो कुरा सुनी त्यो कालकुमार दाम पाउने लोभमा सार्है खुसी हुँदै विहारमा गई भगवान्ले धर्मोपदेश गरिरहेको ठाउँमा गएर बस्यो। एकाग्र चित्तले सुनिरह्यो पनि।

कालकुमार त्यहाँ आएको कारण बुझी भगवान्ले आफ्नो ऋद्धिवलको प्रभावले धर्मोपदेशको एक अक्षर पनि त्यसले सम्झिराख्न नसक्ने गरिदिनु भयो।

कुमारले पनि भगवान्को उपदेशको एक लाइन् सम्झिराख्न खूब कोशिश गऱ्यो, तर एक शब्द पनि स्मृतिपटमा अडाइ राख्न सकेन। माथिको पद नसके तलको पद त ग्रहण गरूँ भनी खूब कोशिशले एकाग्र चित्त गरी धर्मोपदेश सुनिरह्यो।

जुन व्यक्तिले 'धर्मपद सम्झिराख्नु पर्दछ' भनी एकचित्त गरी धर्मश्रवण गर्दछ त्यस व्यक्तिले अवश्यमेव श्रोतापत्ति आदि मार्ग-फल प्राप्त गर्दछ। कालकुमार पनि त्यस्तै दृढ भएर धर्मोपदेश सुनिरह्यो। भगवान्ले

Downloaded from http://dhamma.digital

भने आफ्नो ऋद्धिबलले छोपि राख्नु भएकै थियो तैपनि त्यो कुमारले आफ्नो उत्साह र उद्योगलाई झनझन् बढाउँदै थियो। 'यो नभए अर्को, अर्को नभए अझ अर्को सम्झूं' भन्दा भन्दै रातभर ध्यानपूर्वक धर्मोपदेश श्रवण गर्दा त त्यसको चित्त स्रोतापत्ति फलमा प्रतिष्ठित भयो। यति भएपछि त्यो कालकुमार भोलिपल्ट बिहान भगवान प्रमुख सकल भिक्षुसंघलाई साथमा लिई आफ्नो घरतिर हिड्यो।

अनाथपिण्डिकले आफ्नो छोराको मुख देखेपछि यस्तो विचार मनमा उब्जाए- "आज त मेरो छोराको मुख प्रसन्न छ मन पनि प्रफुल्ल देखिन्छ।"

कालकुमारको मनमा भने अर्कै त्रास उत्पन्न भइरहेको थियो- "आज मलाई अस्ति जस्तो दामको पोको दिन नल्याउनु भए हुने थियो!"

कालकुमारको मनमा यस्तो बिचार उठेको कारण के थियो भने बाबुले दामको पोका अगिल्तिर राख्न ल्याउनु भयो भने यसले शीलपालन गरिरहेको त दामको पोका हाथलागी गर्न पो रहेछ 'भनी सबैले थाहा पाउँछन्' भनेर हो। किन्तु भगवान्‌बाट यो कुरा लुकेकै पनि कहाँ हुन्थ्यो र!

अनाथपिण्डिकले आफ्ना छोरा सहित भगवान् प्रमुख सकल भिक्षु संघलाई भोजन गराए।

पहिले-पहिले भए दामको पोका अगिल्तिर नराखी खान्दै नखाने केटोले आज त्यसको वास्ता किस्तानै नगरी चूप लागी सुरूसुरू खान थाल्यो।

भगवान्‌को भोजन सकिएपछि अनाथपिण्डिक महाजनले दामको पोका छोराको अगिल्तिर राख्दै भने- "कालकुमार शीलपालन गरेर आएपछि

Downloaded from http://dhamma.digital

दिन्छु भनेको पोका यही हो, लौ लेऊ ।"

भगवान्को अगिल्तिर बाबुले त्यसरी दामको पोका राख्न ल्याएका देखेर कालकुमारलाई साह्रै लाज लागेर आयो । त्यसले भन्यो- "पिताजी ! दाम फिर्ता लैजानुहोस्, मलाई चाहिन्दैन ।"

बाबु चाहिंले दामको पोको नलगी त्यहीं अगिल्तिर राखि छोडे । भगवानलाई पञ्चांग प्रणम गर्दै निवेदन गरे- "भन्ते ! आज पुत्र कुमारको मुख प्रसन्न छ, मनपनि अति प्रफुल्ल देखिन्छ ।"

भगवान्- "किन, के भएर हो ?"

महाजन- "भन्ते ! यसलाई मैले पहिले पहिले विहारमा पठाउनलाई मात्रै पनि दामको पोका हातमा राखिदिनु पर्दथ्यो । दाम हातमा नपरी खानसम्म खान्दैनथ्यो । तर, आज शीलपालन गरेर आएको छ भनी दामको पोको दिंदा 'मलाई चाहिंदैन' भनी त्यो दामको पोका छुंदासम्म पनि छोएन ।

भगवान्- "भो अनाथपिण्डिक ! आज तिम्रो छोरा कालकुमारले चक्रवर्ती-राज्य भन्दा पनि उत्तम, देवलोक ब्रह्म लोकको श्रीसम्पत्ति भन्दा पनि श्रेष्ठ वस्तु स्रोतापत्ति-फल प्राप्त गरेको छ । अब त्यसलाई यस्तो लौकिक धन चाहिन्दैन ।

यति आज्ञा गरी भगवान्ले पुन: निम्न श्लोक आज्ञा गर्नुभयो-

"पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा ।
सब्ब लोकाधिपच्चेन, सोतापत्तिफलं वरं'ति ।"

अर्थ- चक्रवर्ती-राज्य र स्वर्गलोकको सुखभोग भन्दा समस्त संसारकै अधिपति भएर बस्नु भन्दा पनि स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम छ ।

किनभने- उपर्युक्त राज्यादि सुखभोग गरेर बसेपनि दुर्गति नरकमा पर्ने सम्भावना हुन्छ । स्रोतापत्ति फलमा पुगेपछि त्यस्तो नरकादिको भय

Downloaded from http://dhamma.digital

हुँदैन । स्रोत्तापन्न भइसकेको व्यक्तिको धर्म जस्तैसुकै बलियो नभएपनि त्यसले संसारमा सातपटक भन्दा बढ्ता जन्म लिनु पर्दैन । सातौं पटकको जन्ममा सम्पूर्ण क्लेशादि निरोध हुन्छ र जन्ममरणको दुःखबाट मुक्त भई शान्त प्रणीत निर्वाण-पद प्राप्त गर्दछ । स्रोतापत्ति फल निर्वाणाधिकारी भएको हुनाले पूर्वोक्त स्वर्ग-सुखभन्दा यसलाई उत्तम श्रेष्ठ भन्दछन् ।

यसप्रकारले आमाबाबुले आफ्ना सन्तानलाई अनेक उपायद्वारा सुविनीत तथा सुशिक्षित गर्न कोशिश गर्दछ ।

(३) आफ्नो कुलमा चलेर आएको शिल्प विद्याको अतिरिक्त अर्को किसिमको शिल्प विद्या पनि सिकाइ दिन्छन् । शास्त्रविद्या, शिल्पविद्या तथा नीतिविद्या राम्ररी निपुण हुने गरी सम्झाई सिकाइ दिन्छन् ।

(४) यौवन अवस्थामा पुगेपछि, शीलवती, विद्यावती तथा आफ्नो जातिकुलमा मिल्ने कुलीन कन्या विवाह गरिदिन्छन् ।

(५) समय समयमा आवश्यकतानुसार खर्च गर्न पैसा दिन्छन् । यहाँ समयको अर्थ दुइटा छ (१) नित्य-समय; (२) काल तथा बेला बखत ।

नित्य समयमा दिने खर्च यसरी-

प्रतिदिन आमाबाबुले छोराहरूलाई, तिमीहरूलाई खर्च गर्न यति, दानपुण्य गर्न यति, गरीब गुरूवाहरूलाई दिन यति भनी तोकेर दिन्छन् ।

कालसमयमा दिने खर्च यसरी-

कुनै बेलाबखतमा, चाडवाडमा, विवाह आदि मङ्गल समयमा, मन्दिर तथा विहारादिको उत्सवको समयमा दिने खर्चलाई कालसमय खर्च भन्दछन् । फेरि, मृत्यु शय्यामा परिरहेको बखतमा 'तिम्रो के के धर्म गर्न इच्छा छ गर' भनी दिने खर्चलाई पनि कालसमय खर्च अर्थात् बेला बखतमा दिने खर्च भन्दछन् ।

Downloaded from http://dhamma.digital

गृहपतिपुत्र ! पूर्वदिशा समान भइरहेका आमाबाबुलाई सेवा टहल, उपष्ठान गर्ने छोरालाई आमाबाबुले उक्त पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

पुत्र भइरहेकाहरूले पूर्वदिशाबाट आउने निन्दादि भय नआउने गरी प्रतिच्छादित (ढाक्ने काम) गरिराख्नु पर्दछ । आमाबाबुहरूले पनि त्यस्तै गरेर रहन जान्नु पर्दछ ।

जुन कुलपुत्रले आमाबाबुको सेवा सुश्रूषा नगरी कुलभ्रष्ट काममा लाग्दछ तथा आमाबाबुको सदुपदेश पालन गर्दैन, त्यस्तो छोरालाई लोकमा सबैले निन्दा तथा धिक्कार गर्दछन् । आमाबाबुको सदुपदेशलाई उल्लंघन गरी, अनाचार गरी पराइले निन्दा धिक्कार गराई बस्नुपर्ने कुरोलाई नै "पूर्वदिशाबाट आउने भय" भन्दछन् । त्यस्तो छोरोलाई आमाबाबुले यस्तो वचन प्रयोग गर्दछन्- "यसलाई हामीले जन्मेदेखि कति दुःख कष्ट भोगी पालनपोषण गरी हुर्कायौं, यसले अलिकति पनि गुण सम्झेको होइन न कुरै सुन्दछ । यस्तो. छोरो पनि छोरो हो र, यस्तोलाई त कुपुत्र भनिन्छ ।"

यसलाई पनि पूर्वदिशाबाट आउने भय भन्दछन् ।

आमाबाबुहरूले पनि सन्तानहरू प्रति गर्नुपर्ने कर्तव्यद्वारा उपकार गर्नु पर्दछ । खालि खान र लाउन दिँदैमा सन्तानप्रति आमाबाबुको कर्त्तव्य पूरा हुँदैन । बालककालदेखि विद्या र शिल्प सिकाउनु पर्दछ । सदुपदेशद्वारा शिक्षा दिनु पर्दछ । चरित्रको सुधार गर्न ल्याउनु पर्दछ । बालकहरूको स्वभाव देखासिखी गर्ने हुनाले आफ्नो चरित्र पनि राम्रो पार्नु पर्दछ । सुसंगतमा लगाउनु पर्दछ । शास्त्र-विद्याद्वारा पूर्णज्ञान प्राप्त गराउनु पर्दछ । छोरालाई राम्ररी विद्या पढ्न दिएन भने आमाबाबु निन्दाका पात्र बन्दछन् । छोरामाथि अनुकम्पा राखी दूरदर्शी हुनसकेन भने आमाबाबुलाई पनि भय आउँछ । छोराहरूले 'मेरा आमाबाबुले मलाई मानिसलाई चाहिने

Downloaded from http://dhamma.digital

शास्त्रादि विद्या केही नसिकाई खाली साँढेलाई ख्वाउने जस्तो गरी ख्वाइमात्रै राखे' भनी निन्दा गर्दछन् । त्यसको निंति आमाबाबुहरूले पनि सन्तानहरूतर्फबाट भय नआउने गरी कर्त्तव्य पालन गर्न सक्नु पर्दछ । आफ्नो छोरो भन्दैमा आफ्नो स्वार्थको निंति छोराबाट मनपरी काम लिनु पनि उचित छैन ।

गृहपतिपुत्र ! तिम्रो बाबुले तिमीलाई लोकमा व्यवहृत 'पूर्वादि दिशाको नमस्कार गर' भनेको होइन, परन्तु पूर्वादि दिशा समानका आमाबाबुलाई 'नमस्कार गर' भनेको हो । अतएव गृहपतिपुत्र ! पूर्वादि दिशा भनेको तिम्रा आमाबाबु नै हुन् । यही अर्थ सम्झी तिमीले नमस्कार गर्ने गर्नू ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आचार्य प्रति शिष्यको कर्तव्य

गृहपतिपुत्र ! शिष्यहरूले आफ्ना आचार्य अर्थात् गुरुहरूलाई दक्षिणदिशा समान ठानी पाँच प्रकारले सेवाभक्ति गर्नुपर्दछ ।

(१) आशनबाट उठी आदर गौरव राख्नु पर्दछ । आफ्ना आचार्यहरू आइरहेका देखे भने आफू बसिरहेको आसनबाट उठी आदर स्वागतमा लाग्नु पर्दछ । आचार्यको हातमा रहेको पात्र, छाता आदि वस्तु आफूले बोकी, आचार्यलाई उच्चासनमा बसाली पात्र छाता आदि यथायोग्य स्थानमा राखिदिनु पर्दछ । गर्मीको समयमा भए आदरपूर्वक पंखा हम्कि दिनु पर्दछ ।

(२) उपस्थान (सेवा) गर्नु पर्दछ । यहाँ उपस्थानको मतलब आचार्य कहाँ बरोबर जानु हो । बरोबर आचार्य कहाँ जानुको मतलब विद्या पढ्न जानुको अतिरिक्त दिनको तीनपटक जति गई यथासमयमा सेवा-टहल गर्नुपर्ने काम गरिदिनु हो ।

(३) सुश्रूषा (सुस्सुसा) गर्नु पर्दछ । 'सुश्रूषा'को मतलब एकाग्र चित्त गरी विद्याध्ययन गर्नु हो । नबुझेसम्म गुरुसित सोधी हृदयंगम गर्नु । एकाग्र चित्तले विद्या अध्ययन गरेन भने विशेष ज्ञान प्राप्त गर्न सकिंदैन । त्यसकारण गुरुजनले दिएको विद्या ध्यानपूर्वक सुन्नु पर्दछ । आफूले नबुझेको ठाउँमा आदरपूर्वक प्रश्न गरी राम्ररी ध्यान गर्नु पर्दछ ।

(४) यी बाहेक अरू बाँकि भएका सानातिना कामहरू गरेर सेवा गर्नु पर्दछ ।

शिष्यजनले गुरुजनलाई बिहान मुख धुन, तातोपानी चाहिने बेलामा तातोपानी, चीसोपानी चाहिने बेलामा चिसो पानी तथा दतिवन आदि

Downloaded from http://dhamma.digital

यथायोग्य सामान ठीक पारी दिनु पर्दछ । भोजन बेला भएपछि, खाने पानी अगिल्तिर राखिदिई भोजन परोसी दिनु पर्दछ अनि दण्डवत् गरी एक छेउमा बसिरहनु पर्दछ । गुरुको बस्त्रादि मैलिएको रहेछ भने 'भन्ते ! कृपया त्यो मैलो लुगा फुकाली दिनुहोस् भनी नम्रतापूर्वक प्रार्थना गर्नु पर्दछ । भक्तिपूर्वक त्यो लुगा सफासित धोइदिने काम गर्नु पर्दछ फेरि, साँझको बेला भएपछि स्नान गर्नलाई पानी ठीक पारी 'गुरुवर ! स्नान गर्न पानी ठीक भो' भनी निवेदन गर्नु पर्दछ । गुरुलाई सञ्चो नहुने बेलामा आफ्नो कामकुरो छाडेरै भएपनि गुरुलाई चिकित्सा आदि गराउने प्रबन्ध गराउन सक्नु पर्दछ । प्रब्रजित भइरहेका शिष्यहरूले पनि 'आचरियवत्त' जम्मै सुविनीतपूर्वक गर्न जानिराख्नु पर्दछ । यसप्रकारले गुरुजनको सेवा-टहल गर्दा शिष्यजन प्रति गुरुजनको चित्त मृदु हुन थाल्दछ, आफूलाई पनि पुण्य प्राप्त हुन्छ ।

(५) सत्कारपूर्वक शिल्पविद्या सिकी गुरुको सेवा गर्नु पर्दछ । यहाँ 'सत्कार' को अर्थ गुरुले दिएको पाठ बारम्बार घोंकी कण्ठस्थ पार्नु हो । एउटै पाठ मात्रै भएपनि परिशुद्ध हुने गरी पढ्नु तथा हृदयंगम गर्नु पर्दछ । यसप्रकारले विद्या हासिल गर्नुलाई 'गुरु सेवा गर्नु भन्दछन्' ।

गृहपतिपुत्र ! यसरी पाँच प्रकारले दक्षिणदिशा समान भइरहेका आचार्यजनहरूको शिष्यहरूले सेवा भक्ति गर्नुपर्दछ ।

Downloaded from http://dhamma.digital

# शिष्यप्रति आचार्यको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवा भक्ति गर्ने शिष्यप्रति दक्षिणदिशा समानका आचार्यहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्दछन्-

(१) सुविनीत हुने गरी सम्झाइ-सिकाइ दिन्छन् यस प्रकारले रहनु पर्दछ, यस प्रकारका संगत गर्नु पर्दछ, समाज सेवा यस रूपले गर्नुपर्दछ आदि कुरा सिकाइदिन्छन् । जे कुरामा पनि धैर्य्य राख्नु पर्दछ भनी सिकाइदिन्छन् । आफ्नो उन्नति हुने अर्ति-बुद्धि दिने श्रमण ब्राह्मण तथा कल्याणमित्रहरूको सेवा टहल कुन प्रकारले गर्नुपर्दछ भन्ने कुरा सिकाइदिन्छन् । प्राणीघात आदि पञ्चदुश्शील कार्य्य गर्नु हुन्न, सभा समाजमा तथा परिषद् आदिमा यस प्रकारले बोल्नु पर्दछ, अरूले आफूलाई केही भन्नासाथ एकदम जरंग रिसाउनु हुन्न भन्ने कुरा आचार्यजन हुनेले सिकाइदिन्छन् । आमाबाबुको प्रतिदिन आदरपूर्वक वन्दना गर्नुपर्दछ, आफूभन्दा पाको उमेरका व्यक्तिहरूलाई मान मर्यादा राख्नु पर्दछ, सबैसित मेल मिलाप गरेर बस्नु पर्दछ भन्ने कुरा सिकाइदिन्छन् ।

यस प्रकारले आचार-विचार, चारित्र-वारित्रादि सभ्यताको बारेमा शिक्षा दिई प्रेमपूर्वक योग्य सम्झाउने-सिकाउने गरिदिन्छन् ।

(२) पढाएको विद्याको पद र अर्थ राम्ररी छुत्याई, सन्धि भेद देखाई सविस्तार हृदयंगम हुने गरी सिकाइदिन्छन् । 'यसको शब्दार्थ यसरी, यसको पदार्थ यो, भावार्थ यो, यसको पद व्यञ्जन यसप्रकारले हुन्छ, यो शब्द यस सूत्रले यस प्रकारले बनिरहेको छ, यस शब्दको अर्थ यस्तो ठाउँमा यस्तो

Downloaded from http://dhamma.digital

हुन्छ, यस्तो ठाउँमा यस्तो हुन्छ,' भनी अनेक प्रकारले अर्थ, प्रमाण, उदाहरण तथा उपमा आदि दिई हृदयंगम हुने गरी सिकाइ दिन्छन् ।

(३) शिल्प सम्बन्धी हरेक विद्या र धर्म सम्बन्धी हरेक विषय पनि सम्झाइबुझाइ दिन्छन् । 'यस शिल्पले यो हुन्छ । यस विद्याले यस्तो हुन्छ । यस धर्मले यस्तो फल हुन्छ, यस्तो पुण्य प्राप्त हुन्छ । यस्तो कर्म गरेमा यस्तो पाप लाग्दछ, यस्तो कर्म गरेमा यस्तो पुण्य प्राप्त हुन्छ । यस प्रकारको विद्या धर्म तथा सिद्धान्त यस्ता यस्ता व्यक्तिले जानिराख्नु पर्दछ । यस सिद्धान्तको निंति यो काम त्याग्नु पर्दछ र यसको निंति यो कार्य ग्रहण गर्नु पर्दछ आदि सल्लाह दिन्छन् । यस्तो काम गरे यस्तो सुफल प्राप्त हुन्छ र यस्तो काम गरे यस्तो कुफल मिल्दछ, यस्तोलाई कुशल कार्य्य र यस्तोलाई अकुशल कार्य्य भन्दछन्' भनी बुझाइदिन्छन् । यस प्रकारले आचार्यजनले आफ्ना शिष्यलाई अनेक तरहले सम्झाइ बुझाई शिक्षा दिन्छन् ।

(४) बन्धुवर्गको अगिल्तिर आफ्नो शिष्यको गुणवर्णन गरी उनीप्रति विश्वास उत्पन्न गराइदिन्छन । 'यो मेरो अत्यन्त विद्वान् शिष्य-रत्न हो । मैले जाने जति यसले जानिसकेको छ । कामकाजमा पनि सार्है प्रवीण छ । अनेक प्रकारका बहुश्रुत पनि छ । यस्ता बहुश्रुतहरूलाई सर्वसाधारण सबैले चिनिराख्नु योग्य छ' भनी सकल वन्धुवर्गलाई आफ्नो शिष्यको परिचय दिन्छन् ।

(५) आचार्यजनले आफ्नो शिष्यको, दिशा विदिशाबाट आउने, भयलाई परित्राण (हटाउनु) गरिदिन्छन् । गुरुजनहरूले सिकाइदिएका शास्त्रादि शिल्प विद्या नै शिष्यहरूको भय निवारण गर्ने अस्त्र हो । विद्या अध्ययनबाट पारंगत भइसकेका व्यक्तिले जहाँसुकै पनि लाभ-सत्कार-मान पाउँछन् । यी जम्मै कुरा गुरुकै कृपाले प्राप्त हुने हुन् । किनभने त्यस व्यक्तिले

Downloaded from http://dhamma.digital

पाएको सत्कार मान-लाभ आदि त्यसका गुरुले दिइराखेको शिक्षाकै नतिजा हो ! लोकजनले त्यसको प्रशंसा गर्दा त्यसले सबभन्दा पहिले आफ्नै गुरुको प्रशंसा गर्दछन् । "फलानो आचार्यको शिष्य साह्रै बुद्धिमान् अति विद्वान्, अति सुविनीत" भनी प्रशंसा गर्दा गुरुकै कृपाले यी जम्मै कुरा भएका हुन् भन्दछन् । यी बाहेक, सर्पादि विषधर जीवजन्तुद्वारा कुनै प्रकारको भय उत्पन्न हुँदा त्यस भयबाट मुक्त हुने मन्त्र विद्यादि सिकाइदिईराखेको हुनाले गुरुलाई 'भयत्राता' पनि भन्दछन् । कुनै शिष्यले दिएको उत्तरमा संदेह भई प्रश्नकर्ता त्यस शिष्यको गुरुकहाँ गएर उही प्रश्न सोध्यो भने गुरुले यस प्रकारले उत्तर दिन्छन्- 'उपासक ! त्यसले भनेको कुरा ठीक हो त्यो मानिस मेरो निपुण शिष्य हो । यसमा तपाईंले कुनै संशय मान्नु पर्दैन । त्यसले भन्ने कुरा फरक हुँदैन । त्यस्ता व्यक्तिहरूको सतसंगत गरे हुन्छ ।"

यस प्रकारले आचार्यजनले हानी हुन आउने कुरालाई पनि लाभमा परिणत गरी सत्कार प्राप्त गरिदिन्छ, उपकार गरिदिन्छ । त्यसकारण गुरुजनलाई 'भयत्राता' भनेका हुन् ।

गृहपतिपुत्र ! दक्षिण दिशा समानका आचार्य्यहरूलाई सेवा-टहल उपष्ठान गर्ने शिष्यको प्रति आचार्यहरूले यसरी पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

Downloaded from http://dhamma.digital

# स्त्रीप्रति पुरुषको कर्तव्य

गृहपतिपुत्र! पति (लोग्ने भइरहेकोले पश्चिमदिशा समानकी आफ्नी पत्नी (स्वास्नी) प्रति पाँच प्रकारले उचित व्यवहार गर्नुपर्दछ।

(१) पतिले पत्नीसित सम्मान पूर्वकको व्यवहार गर्नु पर्दछ, आफ्नो पत्नीलाई सम्बोधन गर्दा असभ्य अर्थात् हेलाको वचन प्रयोग गर्नु हुन्न। प्रेमपूर्वक 'देवी' वा 'प्रिये' वा 'आत्मिनी' भनेर बोलाउनु पर्दछ। अर्थात् जसरी बोलाउँदा पत्नीको हृदयरूपी पोखरीमा स्नेहरूपी कमल फुल्दछ, त्यस्तै किसिमले बोलाउनु पर्दछ।

(२) पतिले पत्नीको अपमान गर्नु हुन्न। आफ्नी पत्नी भयो भन्दैमा नराम्रो वचनले गाली गर्नु हुन्न। आफ्नी पत्नीलाई दुःख सुखको एकमात्र मित्र सम्झी व्यवहार गर्नु पर्दछ। आफ्नी अर्द्धाङ्गिनी सम्झी केवल पत्नीले गर्न योग्य काम मात्रै अऱ्हाउनु पर्दछ। पत्नी भयो भन्दैमा जस्तोसुकै काम गराई दासी जस्तै सम्झनु ठूलो भूल हो। पत्नीले यसमा ठूलो अपमान सम्झन्छ।

(३) आफ्नी पत्नी बाहेक अरू स्त्रीजन गमन गर्नु हुन्न। सत्य पुरुष अर्थात् सज्जन पतिले आफ्नी स्त्री बाहेक अरू स्त्रीको कल्पनासम्म पनि गर्दैन। आफ्नी स्त्रीलाई 'आत्मिनी' सम्झी पत्नीब्रत धर्मपालन गरेर बस्नु पर्दछ।

(४) पत्नीको जिम्मामा पतिले घरको धनसम्पत्ति आदि जम्मै छोडिदिनु पर्दछ। यहाँ धन सम्पत्ति आदि ऐश्वर्यको अर्थ साधारण लोकले लाउने अर्थ होइन। कुलीन स्त्रीजातिलाई घरको धन सम्पत्ति जम्मै जिम्मा

Downloaded from http://dhamma.digital

दिई नाना प्रकारका गहना तथा राम्रा राम्रा लुगा आदि दिई ऐश आराममा राखिछोडे पनि भान्छाको अधिकार नदिएसम्म सन्तुष्ट हुँदैनन् । त्यसकारण स्त्रीलाई सन्तुष्ट पार्न भान्छाकै सम्पूर्ण अधिकार दिनुपर्दछ । भान्छाको अधिकार दिनुनै ऐश्वर्य दिनु हो । यस प्रकारले पतिले आफ्नी पत्नीलाई घरको ऐश्वर्यको जिम्मालाई दिनुपर्दछ ।

(५) गहना तथा वस्त्रादि दिनु पर्दछ, तर आफ्नो शक्ति अनुसार मात्रै । पतिले आफ्नी पत्नीलाई आफ्नो कमाइ अनुसार गहना तथा वस्त्र दिएन भने पत्नीले गृह लक्ष्मी भएर गर्नुपर्ने काममा शिथिलता ल्याउँछे । तर, दिनु पर्दछ भनेर आफ्नो शक्तिले नभ्याउने गरी ऋणै लाग्ने गरी दिनु उचित होइन । (बरू पतिलाई ऋण लागेको छ भने पत्नीले आफ्नो माइतीबाटै दिएको गहना भएपनि बेचेर पतिलाई ऋणबाट मुक्त गरिदिनु पर्दछ ।) आफ्नो स्तर तथा कमाइलाई नसुहाउने गरी गहना लाएर हिंड्नु पनि योग्य छैन । अर्काको देखासिखी गर्नु हुन्न । आफ्नो नोक्सान नहुने गरी तथा गृहस्थाश्रम चिरस्थायी हुने गरी पत्नीलाई लगाउन लाउन दिनुपर्दछ ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले पश्चिमदिशा समानकी पत्नीप्रति पुरुषले योग्य व्यवहार गर्नुपर्दछ ।

Downloaded from http://dhamma.digital

# पुरुषप्रति स्त्रीको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले योग्य व्यवहार गर्ने पुरुषप्रति पश्चिमदिशा समानकी स्त्रीले निम्न पाँच प्रकारले सेवा गर्दछः-

(१) गर्नुपर्ने काम यथा समयमा गर्दछे, ढीलो गरिरहन्न । चूल्हा-चौका अर्थात् भान्छा घरको काम गर्न अल्सी मान्दिन । 'मेरो धर्म नै यही हो' भनी पतिको निंति गर्नु पर्ने जम्मै काम ध्यान दिएर गर्दछे ।

(२) इष्टमित्र तथा छरछिमेकीहरूलाई संग्रह गर्दछे । आफ्ना लोग्नेतिरका नाता कुटुम्ब तथा आफ्नै माइतीतिरका नाता कुटुम्बहरूलाई बेला बखतमा निमन्त्रणा गरी यथायोग्य उपहार दिन्छ तथा ख्वाउने वर्ने गर्दछे । आगन्तुकहरूको पनि राम्रो आदर सत्कार गर्दछे । स्वामीको इज्जतलाई सकेसम्म बढाउने कोशिश गर्दछे ।

(३) सपनामा पनि पर-पुरूषको कल्पना गर्दिन । गृहस्थाश्रममा रहेकी गृहलक्ष्मीले आफ्नो स्वामी एकजना बाहेक अन्य पुरूषको आशा गर्दिन । पतिब्रता धर्म पालन गरी अनन्य पुरुष भक्ति गर्दछे । आफ्नो पतिब्रता-धर्मको बलले, बोधिसत्वकी स्त्रीले मार्न लगेको आफ्नो पतिलाई बचाए झैं आफ्नो पतिलाई अनेक आपत विपतबाट बचाउँछे ।

★

Downloaded from http://dhamma.digital

# बोधिसत्वकी स्त्रीको कथा

परापूर्वकालमा गंगाजीको किनारमा वाराणसी भन्ने एउटा उन्नतिशील नगर थियो । त्यहाँ ब्रह्मदत्त नाम गरेका राजा राज्य गर्दथे । उनैको राज्यकालमा त्यही वाराणसी (काशी) को आसपासमा बोधिसत्वको पनि जन्म भएको थियो । बोधिसत्वले युवावस्था भएपछि वाराणसीका एउटी कुलकन्या विवाह गरेका थिए । ती कन्याको नाम सुजाता थियो । सुजाता अप्सरा जत्तिकै सुन्दरी थिइन् । तिनको शील स्वभाव पनि उत्तिकै राम्रो थियो । पतिब्रता थिइन् । तिनको रूपसित तिनको गुण मिल्दथ्यो । अर्थात्, असाध्य गुणी तथा धर्मात्मा थिइन् । जति भक्ति र स्नेह बोधिसत्वप्रति तिनको थियो, त्यतिकै भक्ति र स्नेह तिनीप्रति पनि बोधिसत्वको थियो । यस प्रकारले दुबैजना प्रेमको डोरीले बाँधिएर शरीर भिन्न भएपनि हृदय त एउटै गरेर बसेका थिए ।

एकदिन सुजाताले आफ्नो माइतमा आमा बाबुको दर्शन गर्न जाने इच्छा प्रकट गरिन् । बोधिसत्वले पनि पत्नीको इच्छा बुझेर बाटाको सामल सब ठीक गर्न लगाई बैल गाडामा आफू अगिल्तिर बसी सुजातालाई पछिल्तिर राखी वाराणसी तर्फ रमाना भए ।

केही समयपछि तिनीहरू वाराणसी नगरको समीप पुगे । त्यहाँ गाडाबाट वर्ली नुहाइधुवाइ गरी खान-पान पनि गरे । घरबाट लाएरआएको लुगा मैलिसकेको हुनाले उनीहरूले अर्को लुगा फेरे । घर आइपुग्यो भनी सुजाता पनि सिंगारिएर गाडा पछिल्तिर बसिन् । माइत घर हेरेर गाडा फेरि हिंड्यो । गाडा नगरभित्रबाट हिंड्न थाल्यो । त्यसैबेला त्यहाँका राजा ब्रह्मदत्त हात्तीमा बसी नगर परिक्रमा गर्न आइरहेका रहेछन् । उनले

Downloaded from http://dhamma.digital

सुजातालाई पनि देखे। सुजाताको रूप देखेर राजा मोहित भएर मनमा पाप पनि चिताए। एउटा दूतलाई पठाई त्यस युवतीको लोग्ने छ कि छैन बुझ्न पठाए। दूत आएर राजालाई त्यस युवतीको लोग्ने छ र त्यो फलानो गाउँको भनेर बताए। तैपनि राजाले आफ्नो रागचित्तलाई जित्न सकेनन् र क्लेशको दास भएर राजाले यस्तो विचार गरे- "कुनै उपायद्वारा यसको लोग्नेलाई मारेर यी युवती आफ्नी गराउनु पर्‍यो।"

यस्तो मनमा लिई राजाले एउटा कर्मचारीलाई बोलाई भने- "भणे ! तिमी यो चूडामणि एउटा लिएर गई त्यस गाडामा नदेखिने गरी राखेर आऊ।"

त्यो कर्मचारी गई बोधिसत्वको गाडामा चूडामणि (रत्न) राखेर आयो।

राजाले 'मेरो चूडामणि हरायो' भनी हल्ला फैलाई दियो। चूडामणि हरायो भन्ने सुनेका सबै नगरवासीहरू आत्तिए। राजाले, नगरको जम्मै ढोका बन्दगरी चोर पत्ता लगाऊ भनी हुकूम दिए। राजपुरुषहरू यत्रतत्र छरिए। नगर भरी खैलाबैला भयो। एउटा दूत, अरू चार पाँचजना सिपाहीं साथमा लिएर आई बोधिसत्वको गाडामा खोजतलास गरे। आफूले अघि राखेर आएको स्थानबाट मणि झिकी 'चोर यही हो' भनी पिट्दै घिसार्दै बोधिसत्वलाई राजाको अगिल्तिर लग्यो। राजाले पनि तुरुन्तै 'यसको टाउको काट्नू' भनी हुकुम दिए।

बोधिसत्वलाई कोर्राले पिट्दै नगरको दक्षिणतिरको ढोकाबाट बाहिर लगे। सुजाता पनि छाती पिट्दै बोधिसत्वको पछिपछि लागिन्। राजपुरुषहरूले, नगर बाहिर पुगेपछि, बोधिसत्वलाई बाँधी टाउको काट्न राँगो लडाए झैं लडाए। त्यसैबेला सुजाताले आफ्नो शीलगुण अनुस्मरण गर्दै, 'यस लोकमा शीलवान् सदाचारीहरूलाई कष्ट पीडा दिने

Downloaded from http://dhamma.digital

अत्याचारी दुराचारीहरूलाई रोक्न सक्ने देवगणहरू कोही छैन कि कसो । !' भन्दै निम्न गाथा उच्चारण गरिन्-

नसन्ति देवा पसवन्ति ।
नहिनून सन्ति इध लोकपाला ॥
सहसा करोन्तांनमसञ्ञकानं ।
नहिनून सन्ति पटिसंधितारो'ति ॥

अर्थ- यस लोकमा शीलवान्हरूलाई देख्न सक्ने र पापीहरूलाई हटाउन सक्ने देवताहरू नभएका रहेछन् । अथवा यस्तो (दृश्य) हेर्नुपर्ला भनी उनीहरू देवलोकैमा बसिरहेका होलान् । शीलवान्हरूलाई रक्षा गर्ने लोकपाल देवताहरू तथा श्रमण ब्राह्मणहरू पनि यस लोकमा रहेनछन् । यस प्रकारले साहसिक कार्य्य गरी अत्याचार गर्नेहरूलाई निषेध गर्ने पनि यस लोकमा कोही रहेनछन् ।

यस प्रकारले विलाप गर्दै ती शीलवती सदाचारी सुजाता रोएकी हुँदा, तिनको शीलगुणको प्रभावले इन्द्रको सिंहासन तातिएर आउन थाल्यो । 'मेरो सिंहासन कसले ताक्यो' भनी ध्यानदृष्टिले हेर्दा इन्द्रले कारण थाहा पाए । 'पतिब्रता सुजातालाई बचाउन जांनु मेरो कर्तव्य हो' भनी इन्द्रमहाराज देवलोकबाट तुरुन्तै पृथ्वीतलमा झरे । अनि आफ्नो देवानुभावले हात्ती चढेका राजालाई, बोधिसत्व उत्तानो पारीराखेको अचानोमा ल्याई राखे, र वोधिसत्वलाई राजवस्त्रले सिंगारी हात्तीमाथि पारिदिए । राजदूतहरूले वोधिसत्व नै भन्ने ठानी राजाको टाउको काटिदिए । काटिसकेपछि यो त राजाको टाउको पो रहेछ भन्ने थाहा पाए ।

अनि पछि शक्रदेव इन्द्रले आफ्नो दिव्यदेह सबैलाई देखाई वोधिसत्वलाई राज्याभिषेक दिए । सुजातालाई अग्रमहारानी बनाइ दिए ।

Downloaded from http://dhamma.digital

मन्त्री, राजकर्मचारी, ब्राह्मणादि गृहस्थहरू सबैले इन्द्रदेखि खुसी भएर यस्तो वाक्य भने- "अधार्मिक राजाको अन्त्य भयो। अब हामीलाई इन्द्रदेवले दिएका धार्मिक राजा लाभ भयो।"

इन्द्रले पनि आकाशैबाट भनेर ल्याए "भो महाजनहरू, आजदेखि इन्द्रले दिएको राजाले तिमीहरूको पालन गर्ने छन्, राज्य-शासन गर्नेछन्। राजा अधर्मी भयो भने बेलामा पानी नपरी कुबेलामा पर्दछ। क्षुधाभय, रोगभय, शस्त्रभय यी तीन प्रकारका भय हरहमेशा भइरहन्छ। प्रजाहरूमा प्रकोप उत्पन्न हुन थाल्दछ। राजा सिंहासनबाट च्यूत हुन्छ। चाँडै नै नाश हुन्छ।"

यति भनी इन्द्रले निम्न गाथा पनि पढेर सुनाए-

**अकाले वस्सति तस्स, काले तस्स न वस्सति।**
**सग्गा च चवतिट्ठाना, ननु सो तावता हतो'ति॥**

अर्थ- त्यसको (पापी राजाको) राज्यमा समयमा पानी पर्दैन। कुसमयमा पानी पर्दछ। स्वर्गबाट च्यूत हुन्छ, अर्थात् मनुष्य भावले च्यूत भई नरकमा पर्दछ। यस प्रकारले त्यसको पतन चाँडैनै हुन्छ। मरिसके पछि पनि चिरकालसम्म नरकको भोग गर्नु पर्नेछ।

यस प्रकारले वाराणसी वासीहरूलाई उपदेश दिई इन्द्रदेव आफ्नो भवन फर्के। बोधिसत्व तथा सुजाता पनि धर्मानुसार राज्य चलाई अन्तमा स्वर्गपरायंण भए।

(४) पतिले कमाएर ल्याएको धनसम्पत्तिको रक्षा गर्दछे। 'मेरा स्वामीले खेती गरी, व्यापार गरी अथवा कुनै शिल्प देखाई रातदिन नभनी पसिना बहाई दुःख कष्ट भोगी कमाएर ल्याएको धन, नचाहिने वाइहात काममा खर्च गर्नु उचित छैन' भनी आवश्यक काममा मात्रै उचित रूपले खर्च गर्दछे। खर्च गरी बाकीरहेको धन राम्ररी संचित गरी राख्दछे।

Downloaded from http://dhamma.digital

(५) गृह विज्ञानमा अर्थात् घरको सफाइ गर्नमा दक्ष हुन्छे, चूल्हाको काममा पोख्त हुन्छे। अल्सी भनेको कति पनि मान्दैन। यस संसारमा अनेक प्रकारका आइमाईहरू छन्। कुनै केटाकेटीदेखि अल्सी भएर कुनै काम-काज नगर्ने किसिमका छन्। कुनै आफ्नो रूप देखाई लोग्नेमान्छे नचाउने हुन्छन् कुनै आफ्नो लोग्नेको कमाइ बलिया नभएपनि 'ऋणै काढेर भएपनि गहना बनाइ देऊ' भनी रीस देखाई माइती गइरहने हुन्छन्, कुनै चार पाँचजना साथीहरू जम्मा भई चाहिने नचाहिने गफ गरिरहने हुन्छन्, कुनै आफ्नो स्वामीले केही भन्यो कि निहू झिकी झगडा गरी बोल्दै नबोली मुख फुलाएर रहने हुन्छन्। तर शीलवती गृहलक्ष्मी आइमाई माथि भनेको स्वास्नीमानिस झैं कहिल्यै हुँदैनन्। आफ्नो स्वामीको अनुमति बिना माइतसम्म पनि जान्दैनन्। उद्योगी भएर स्वामीको हरेक काममा सहयोग गर्दछन्। स्त्रीले जान्नु पर्ने हरेक शिल्प जानीराख्दछन्। यस प्रकारले गृही-विनय राम्ररी जानेका स्त्री-रत्नहरू भएको घरमा जन्म भएका पुत्रपुत्रीहरू समेत गृही-विनयमा निपुण हुन्छन्।

गृहपतिपुत्र! पश्चिमदिशा समानका स्त्रीहरूलाई पाँच प्रकारले योग्य व्यवहार गर्ने स्वामीलाई, गृहलक्ष्मी पत्नीले उपरोक्त पाँच प्रकारले सेवा गर्दछन्।

Downloaded from http://dhamma.digital

# मित्रप्रति कुलपुत्रको कर्तव्य

गृहपतिपुत्र ! उत्तरदिशा समानका मित्रहरूको, कुलपुत्रहरूले पाँच प्रकारले उपष्ठान (सेवा) गर्नु पर्दछ ।

(१) दानद्वारा सेवा गर्नुपर्दछ । दान दिएर सेवा गर्नुको मतलब यो हो कि समय समयमा उपकारी मित्रलाई आफूसित भएको, आफूले दिन सक्ने वस्तु दिई सेवा गर्नुपर्दछ ।

(२) प्रियवादी हुनुपर्दछ । मित्रको चित्त दुख्ने गरी कुरा गर्नु हुन्न । 'चित्त दुख्ने गरी कुरा नगर्नु' को मतलब यो हो कि मनमा एकथोक मुखमा एकथोक कदाचित् गर्नु हुन्न । कुनै अवस्थामा पनि ढाँटेर कुरा गर्नु ठीक छैन । आफ्नो चित्त पनि शुद्ध होस्, मित्रको चित्त पनि आनन्द रहोस्- यस तरीकाले कुरा गर्नु पर्दछ ।

(३) हित हुने तथा सुख वृद्धि हुने काम गरिदिनु पर्दछ । मित्रलाई फायदा हुने काम गरिदिनु पर्दछ । मित्रले नजानेको कुनै कुरा छ भने सिकाई-सम्झाई दिनु पर्दछ । नराम्रो बानी छोड्न लगाई राम्रो बानी बसाल्न लाउनु पर्दछ ।

(४) आफू जस्तै ठान्नु पर्दछ । खान लाउन नपाउने बेलामा आफूलाई जस्तो दुःख हुने हो, मित्रलाई पनि त्यस्तै हुँदो हो भन्ने सम्झी हेरविचार गर्नु पर्दछ । प्रेमपूर्वक नङ र मासु झैं मिलेर बस्नु पर्दछ ।

(५) सत्य वचन बोल्नु पर्दछ । मित्रको अगिल्तिर कहिल्यै ढाँटी-छली कुरा गर्नु हुन्न । मनमा छलकपट राखी ढाँटेर गरेको कुराले मित्रको कदापी सेवा हुन्न ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले उत्तरदिशा समानका मित्रहरूको कुलपुत्रहरूले सेवा गर्नु पर्दछ ।

Downloaded from http://dhamma.digital

# कुलपुत्रप्रति मित्रको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले सेवा गर्ने कुलपुत्रहरूमा, उत्तर दिशा समानका मित्रहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्नु पर्दछ ।

(१ सुरापान गरेर बेहोश (प्रमाद) भइरहंदा मित्रको रक्षा गर्नु पर्दछ ।

(२) प्रमाद (बेहोश) मा परिरहेको बखतमा मित्रको धन सम्पत्ति रक्षा गरिदिनु पर्दछ ।

(३) भय आपत परी आफ्नो शरणमा आउने अवस्थामा कदाचित अपमान गर्नु हुँदैन । शरण दिई धैर्य्य दिलाई आफूले सकेको सहायता भित्री हृदयदेखि दिनु पर्दछ ।

(४) आपत-विपतमा विशेष ध्यान राखी उपकार सहायता गर्नु पर्दछ ।

(५) आफ्नो मित्रको छोराछोरी आदि वंश परिवारलाई समेत मान राखी उचित व्यवहार गर्नु पर्दछ ।

गृहपतिपुत्र ! उत्तरदिशा समानका मित्रहरूको सेवा गर्ने कुलपुत्रहरूले यी पाँच प्रकारको अनुकम्पा राख्नु पर्दछ ।

Downloaded from http://dhamma.digital

# नोकर-चाकरप्रति मालिकको कर्तव्य

गृहपतिपुत्र ! अधोदिशा समानका नोकर-चाकरलाई मालिकहरूले पाँच प्रकारले उचित व्यवहार गर्नु पर्दछ ।

(१) नवयुवकलाई गराउनु पर्ने काम बूढो भइसकेकोलाई गराउनु ठीक छैन । लोग्ने मान्छको काम स्वास्नी मान्छेलाई गराउनु हुँदैन । स्वास्नी मान्छेले गर्ने काम लोग्ने मान्छेलाई गराउनु उचित छैन । ठूलो मान्छेको काम केटाकेटीलाई गराउनु हुँदैन । केटाकेटीको काम ठूलो मान्छेलाई गराउनु हुँदैन । काम गर्ने व्यक्तिको शक्ति, परिमाण विचार गरेर, उमेर अवस्था हेरेर मात्रै काम अऱ्हाउनु जान्नु पर्दछ ।

(२) बेला बखतमा खाने-लाउने कुरो दिन जान्नु पर्दछ । काम अनुसार पारिश्रमिक पनि दिन जान्नु पर्दछ । केवल कामै मात्र गराएर खाने-लाउने कुरोमा हेर विचार गरेन भने नोकरले अन्त गएर मालिकको निन्दा गर्न थाल्दछ । अतएव मालिकहरूले यस विषयमा राम्ररी विचार पुऱ्याई नोकरचाकरहरू तर्फबाट निन्दा, भय नआउने गरी व्यवहार गर्नुपर्दछ ।

(३) मालिकले नोकर बिरामी हुँदा औषधी गरेर उपकार गर्नु पर्दछ । रोगी भएका नोकरचाकरप्रति बेवास्ता गर्नु मालिकको धर्म होइन । सेवकप्रति दयाभाव देखाई औषधी गराई उपकार गर्ने मालिकको कीर्ति लोकमा चल्दछ । जीउले नसकेपछि वास्ता नै गरेन- यो सार्‍है निन्दनीय काम हो । नोकर बिरामी हुँदा, 'यसले हाम्रो सेवा-टहल धेरै गरेको छ' भनी त्यसको उपकार गर्नु पर्दछ ।

Downloaded from http://dhamma.digital

(४) आफूले खाने वस्तु धेरथोरै भएपनि किन नहोस् बाँडिचुँडी ख्वाउनु पर्दछ। कहीं देश-विदेशबाट कुनै चीज आउँदा, नोकरै त हो नि, भनी हेला गरी आफूहरूले मात्रै खानु हुन्न। केही अलिकति मात्रै भएपनि तिनीहरूलाई बाँडीदिनु पर्दछ। यस प्रकारले आचार र सद्व्यवहार भएको मालिकप्रति नोकरको पनि सद्भावना र भक्ति आदर रहन्छ।

(५) समय समयमा बिदा पनि दिनु पर्दछ। सँधै कामैमा मात्र जोताइराख्नु हुन्न। यहाँ समयको दुइ अर्थ छ- (१) नित्यसमय र (२) कालसमय। यी दुबै समयमा बिदा दिन जान्नु पर्दछ।

सँधै काममा मात्रै जोताइराख्नु उचित छैन। बीच बीचमा आराम लिनको निंति छुट्टी पनि दिनु पर्दछ। नित्यसमयको बिदा भनेर यसैलाई भन्दछन्। विधि-व्यवहारमा, चाडबाड आइपर्दा दिने बिदालाई कालसमयको बिदा भन्दछन्। त्यसबेला मालिकले नोकरको आवश्यकता हेरी केही चीजबीज तथा केही खर्च पनि दिन जान्नु पर्दछ।

यस प्रकारले समयमा बिदा दिने दस्तूर गरिराख्नु पर्दछ।

गृहपतिपुत्र! यी पाँच प्रकारले मालिकहरूले पश्चिमदिशा समानका नोकर चाकरसित उचित व्यवहार गर्नु पर्दछ।

Downloaded from http://dhamma.digital

# मालिकप्रति नोकरको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले उचित व्यवहार गर्ने मालिकप्रति अधोदिशा समानका नोकर-चाकरहरूले निम्न पाँच प्रकारले सेवा गर्दछन् ।

(१) बिहान मालिक उठ्नु भन्दा अगाडि नै उठिसक्छन् । धेरैबेर सुत्नु पर्ने नोकरहरू मालिकको प्रियपात्र हुन सक्तैनन् । मालिकलाई खुसी पार्न सकेन भने नोकर जीवनले धन कमाउन सक्दैन, अतएव, नोकर-चाकरले मालिक भन्दा पहिले नै उठी बिहानको काम-धन्दा सिध्याइ सकिराख्नु पर्दछ ।

(२) बेलुका पनि मालिकभन्दा पहिले कहिल्यै सुत्दैनन् । मालिकहरूको सुत्नुभन्दा अगाडि सुते भने मालिकहरूले कुनै काम अऱ्हाउँन बोलाउँदा अगाडि भएनन् भने नोकर-चाकरप्रति मालिकहरूको मन मरेर आउँछ । अतएव नोकर-चाकरप्रति मालिकभन्दा पछि मात्रै सुत्ने बानी गर्नुपर्दछ ।

(३) नोकर-चाकरले कुनै पदार्थ पनि मालिकले दिएपछि मात्र लिनु पर्दछ । मालिकले नदिइकन कुनै पदार्थ पनि लिनु हुँदैन । इमान्दार सेवकलाई नै मालिकले भर पत्यार गर्दछ । इमान्दार व्यक्तिले जहाँ गएपनि काम पाउँछ, र त्यसलाई जीविका चलाउन मुश्किल पर्दैन । अतएव नोकरी गरी जीवन निर्वाह गर्नुपर्ने व्यक्तिले कुनै वस्तुमा पनि लोभ नगरी इमान्दार भएर रहनु पर्दछ ।

(४) जुनसुकै काम पनि अधूरो छोड्नु हुँदैन, काम तामेल गरिदिनु पर्दछ । नोकरीमा लागेका व्यक्तिले मालिकको काममा विशेष ध्यान दिई

Downloaded from http://dhamma.digital

काम गर्न जान्नु पर्दछ । जुनसुकै काम पनि सफा सुघर हुने गरी गर्न जान्नु पर्दछ अलसी मानेर अधकल्चो काम गऱ्यो भने आफूलाई कहिल्यै जस हुन्न, सदा मन खिन्न राखेर बस्नु पर्ने हुन्छ । त्यसकारण सेवकहरूले हडबड नगरी अति सुविनीत तथा निपुणतापूर्वक काम गर्नु पर्दछ ।

(५) असल नोकर मालिकहरूको गुण प्रशंसा गर्ने हुन्छ । मेरा मालिकहरू जस्ता दयावान् कमै हुन्छन् हामी नोकर-चाकरलाई कहिल्यै कडा वचन लाउनु हुन्न । हामीलाई आजसम्म पनि 'हामी नोकर' भन्ने भावना आएको छैन । जहिले पनि हामीसित समान व्यवहार गर्नु हुन्छ । भेदभाव कहिल्यै राख्नुहुन्न । बाहिरबाट केही खानेकुरो ल्याउनु भएपनि नोकरचाकरसम्मलाई पनि बाँडीचुँडी खानुहुन्छ । असल नोकरहरूले यस प्रकारले मालिकहरूको गुण बखान गरेर हिंड्छन् ।

गृहपतिपुत्र ! अधोदिशा समानका नोकर-चाकरप्रति उचित व्यवहार गर्ने मालिकहरूको यी पाँच प्रकारले नोकर-चाकरहरूले सेवा टहल गर्दछन् ।

Downloaded from http://dhamma.digital

# श्रमण-ब्राह्मणप्रति कुलपुत्रको कर्तव्य

गृहपतिपुत्र ! उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूप्रति कुलपुत्रहरूले पाँच प्रकारले सेवाभक्ति गर्नु पर्दछ ।

(१) मैत्रीपूर्वक काय-कर्म गर्नु पर्दछ । श्रमण ब्राह्मणहरूको काम गर्दा मैत्रीभावले गर्नु पर्दछ । मैत्रीपूर्वक निमन्त्रणा गर्नु पर्दछ । यस्तो कामलाई 'मैत्री-काय-कर्म' भन्दछन् ।

'श्रमण'-को अर्थ भिक्षु हो । 'ब्राह्मण' को अर्थ क्षीणास्रव व्यक्ति हो । 'बाहित पापोति ब्राह्मणो, समितत्ताति समणो'- यस उक्तिको अनुसार पाप क्षय भइसकेकालाई 'ब्राह्मण', र यथार्थानुसार चर्य्या गर्ने शान्त प्रकृतिलाई 'श्रमण' भन्दछन् । यस सिद्धान्त अनुसार यो 'ब्राह्मण' यो 'श्रमण' भन्ने थाहा हुन्छ ।

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥**

अर्थात्- जन्मले चाण्डाल हुने होइन, जन्मले ब्राह्मण हुने होइन । कर्मैले चाण्डाल हुने हो, कर्मैले ब्राह्मण हुने हो ।

यस उपरोक्त श्लोकमा कर्मको अर्थ 'आफूले गरेको काम' हो ।

यस्ता श्रमण- ब्राह्मण भएका बिहारमा गएर कुलपुत्रहरूले उनीहरूलाई निमन्त्रणा गर्नु पर्दछ । परिस्सावनं अर्थात् पानी छान्ने कपडा बनाइदिनु पर्दछ । स्नान आदि गर्न पानी राखिदिनु पर्दछ । तातोपानी चाहिए तातोपानी तयार गरिदिनु पर्दछ । बिरामी हुँदा औषधी आदि ख्वाई सेवा-टहल गर्नु पर्दछ । जीउ मिच्नु पर्दछ भने त्यो काम पनि गर्नु पर्दछ । यसरी मैत्री-काय-कर्मद्वारा उपष्ठान गर्नु पर्दछ ।

Downloaded from http://dhamma.digital

(२) मैत्रीयुक्त वचनले कुरा गर्नु पर्दछ। भिक्षुहरू भिक्षाटन गर्न आउँदा भिक्षा दिन नजानेकाहरूलाई यसरी भिक्षा दिनु पर्दछ भनी सिकाईदिनु पर्दछ। भिक्षाटन गर्न आएको नदेखेकाहरूलाई सूचना दिनु पर्दछ। आदर पूर्वक भिक्षा दिन नजानेकाहरूलाई आदर राख्ने विधि सिकाइदिनु पर्दछ। यस्तो कामलाई 'मैत्री-वची-कर्म' अर्थात् मैत्री युक्त वचीकर्म भन्दछन्। धर्मकथा सुन्दा हरेक अध्यायको अन्त्यमा भक्तिपूर्वक हातजोडी साधुकार दिनु पर्दछ। चारजनाको अघिल्तिर श्रमणहरूको गुण वर्णन गर्नु पर्दछ।

(३) मनमा मैत्रीभाव राख्नु पर्दछ। श्रमण-ब्राह्मणहरूको अभिवृद्धिका कामना गर्नु पर्दछ। तिनीहरू उपर मैत्रीभाव राख्नु पर्दछ। निरोगी होउन्, सुखी होउन् भनी चिताउनु पर्दछ। श्रमण-ब्राह्मणहरूको दुःख, कष्ट देखेर मनमा करुणा जगाई उपकारमा लाग्नु पर्दछ।

(४) श्रमण-ब्राह्मणहरूको निंति (अनावट्ट द्वार) सदा ढोका खुल्ला राख्नु पर्दछ। ढोका खुल्ला राख्नुको अर्थ साँच्चै नै खुल्ला राख्नु होइन। त्यसको मतलब यही हो कि श्रमण-ब्राह्मणहरू भिक्षा लिन आउँदा अविलम्ब भिक्षा दिनु पर्दछ। जुन व्यक्तिले भिक्षा आदि श्रमण-ब्राह्मणको नित्य भोजन, आसन, चीवर तथा औषधी (चतुप्रत्यय) आदिले सेवा गर्दछ, त्यसैले श्रमणहरूको निंति सदा ढोका खोलेको ठहरिन्छ। कहिलेकाहीं आउने श्रमणहरूलाई राम्ररी सत्कार गर्न नसके तापनि आफुसित भएको सामग्रीले 'छैन, सक्दिन' नभनी आफ्नो गच्छे अनुसार दान प्रदान गर्ने व्यक्तिको घरमा ढोका लाइराखे पनि 'खुलेको-ढोका' भनिन्छ।

(५) कुलपुत्रले श्रमण-ब्राह्मणहरूलाई ख्वाउनेवर्ने कामले पनि सेवा गर्दछ। विहानको समय भए अष्टमण्डल (क्वाति) जलपान आदि प्रदान गर्नु पर्दछ। बान्ह बज्नुभन्दा अगाडि दिउँसो भए दिवा भोजन प्रदान गर्नुपर्दछ। बान्ह बजिसकेको भए आठ प्रकारका फल-फूलको शरबत मध्ये

Downloaded from http://dhamma.digital

जुनसुकै भएपनि बनाएर प्रदान गर्नुपर्दछ। जुनसुकै समयमा भिक्षु-श्रमणहरू आएपनि यथासमय स्वागत सत्कार गर्नुपर्दछ।

गृहपतिपुत्र ! यी पाँच प्रकारले कुलपुत्रहरूले उर्द्धदिशा समानका श्रमण ब्राह्मणको सेवा भक्ति गर्दछन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# कुलपुत्रप्रति श्रमण-ब्राह्मणको कर्तव्य

गृहपतिपुत्र ! पूर्वोक्त पाँच प्रकारले उपष्ठान गर्ने कुलपुत्रहरूप्रति उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूले निम्न पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

(१) पाप गर्नबाट रोक्दछ । नराम्रो संगत गर्न दिँदैन । मिथ्यादृष्टि धारण गर्न दिँदैन ।

(२) असल कर्ममा लगाउँछ । पञ्चशील, अष्टशील पालन गराउँछ । दान, शील, भावनाको उपदेश दिन्छ ।

(३) मित्री हृदयले अनुकम्पा राख्दछ । सकल दाताहरूको सुख, हित, वृद्धिको कामना गर्दछ । निरोगी होस्, दु:खी नहोस्, शत्रु नाश होस् भन्ने मैत्रीपूर्वक आशिका दिन्छ । आशीर्वाद दिन्छ । आफ्ना दाताहरूको घरमा आफूभन्दा जानेका विद्वान, प्रज्ञावान् श्रमण-ब्राह्मणहरू लगी धर्मोपदेश गराउँछ । दाताहरूलाई ज्ञान-चक्षु प्राप्त हुने यत्न गरिदिन्छ ।

(४) कहिल्यै नसुनेको कथाकुरा सुनाउँछ । आचरण, चारित्र-वारित्र, शील तथा रीतिथिति आदि कर्तव्य सिकाइदिन्छ । नाना प्रकारका नयाँ नयाँ कुरा सुनाई अतिबुद्धि दिन्छ । अर्थात् हरेक प्रकारले उपकार गर्दछ ।

(५) सुगति स्वर्गलोक प्राप्त हुने मार्ग शास्त्रानुसार देखाइदिन्छ । काम र त्यसको फल देखाई उपदेश दिन्छ । प्राणीघात आदि पञ्चदु:शील-कर्म गरेमा अवश्य पनि दुर्गतिमा प्राप्त हुन्छ, पञ्चसुशील-कर्म गरेमा निश्चय पनि सुगति-स्वर्ग प्राप्त हुन्छ भनी कुशल-मार्गमा आरूढ गराउँछ ।

Downloaded from http://dhamma.digital

गृहपतिपुत्र ! उर्द्धदिशा समानका श्रमण-ब्राह्मणहरूको सेवाटहल गर्ने कुलपुत्रहरूलाई श्रमण-ब्राह्मणहरूले यी पाँच प्रकारको अनुकम्पा राख्दछन् ।

यस प्रकारले तथागत शाक्यमुनिले सिगालपुत्रलाई उपदेश गरिसक्नु भएपछि पुनः निम्न गाथा आज्ञा गर्नुभयो ।

**"माता पिता पुब्बा दिसा, आचरिया दक्खिणा दिसा ।**
**पुत्त-दारा दिसा पच्छा, मित्ता मच्चा च उत्तरा ॥**
**दास-कम्मकरा हेट्ठा, उद्धं समण ब्राह्मणा ।**
**एसा दिसा नमस्सेय्य, अलमत्थ कुले गिहि ॥**
**पण्डितो सीलसम्पन्नो, सण्हो च पटिभाणवा ।**
**निवातवुत्ति अत्थद्धो, तादिसो लभते यसं ।"**

अर्थ- आमाबाबु पूर्वदिशा, आचार्य्य दक्षिणदिशा, स्त्री-पुत्र-पुत्रीहरू पश्चिमदिशा, साथी भाइहरू उत्तरदिशा, नोकरचाकरहरू अधोदिशा, श्रमण-ब्राह्मणहरू उर्द्धदिशा हुन् । यति छःदिशा नमस्कार गरिरहने गृहस्थीलाई हरएक प्रकारको अर्थ सिद्ध हुन्छ । पण्डित (विद्वान) भएर नरम वचन प्रयोग गरी निरहंकारी तथा निहतमानी भएर गृहवास गर्ने व्यक्तिलाई यश लाभ हुन्छ ।

**उट्ठानको अनलसो, आपदासु निसेधति ।**
**अच्छिन्न वुत्ति मेधावी, तादिसो लभते यसं ॥**
**संगाहको मित्तकरो, वदञ्ञू वीतमच्छरो ।**
**नेता-विनेता-अनुनेता, तादिसो लभते यसं ॥**

अर्थ-वीर्यवान्, आपद आइपरे पनि हरेस नखाई धैर्य्य बाँधी आपतलाई टार्ने, अटूटरूपले आफ्नो कर्तव्य पालन गर्ने स्थानोचित प्रज्ञा भएको व्यक्तिलाई यश प्राप्त हुन्छ । चार प्रकारको संग्रह वस्तु संग्रह गर्ने,

Downloaded from http://dhamma.digital

मित्र लाभ गरेर हिंड्ने, याचकले (माग्नेले) भनेको बुझ्नसक्ने (वदञ्ञू) स्वभाव भएको, अर्थ देखाइदिने, कारण सहित अर्थ प्रकाश गर्ने, बारम्बार अर्थ सिद्ध हुने मार्गमा लैजाने व्यक्तिलाई यश लाभ हुन्छ ।

(कुनै व्यक्ति साथीको घरमा गई चीज माग्ने विचार गर्दछ । माग्न नसकी अर्थौंकै कुरा गर्न थाल्दछ, तर सुनिरहने साथीले त्यसको कुरा गराइको छाँट हेरी यसलाई त फलानो वस्तु चाहिएको रहेछ भन्ने बुझी सो वस्तु दिएर साथीको इच्छा पूर्ण गरिदिन्छ । यस प्रकारले अर्काको मनको इच्छालाई आफ्नो अनुमान बुद्धिले बुझिलिनुलाई 'वदञ्ञू' भन्दछन् ।)

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चारवटा लोकसंग्रह वस्तु

**"दानञ्च पियवाचञ्च, अत्थचरिया च या इध ।**
**समानत्तता च धम्मेसु, तत्थ तत्थ यथारहं ॥**
**एते खो संगहा लोके रथस्साणिव यायतो ।**
**एते चे संगहा नस्सु, न माता पुत्त कारणा ॥**
**लभेथ मानं पूजं वा, पिता वा पुत्त कारणा ॥**
**यस्मा च संगहे एते, समवेक्खन्ति पण्डिता ।**
**तस्मा महत्तं पप्पोति, पासंसा च भवन्तिते'ति ॥"**

अर्थ- (१) दान दिनु, (२) प्रिय वचनले कुरा गर्नु, (३) परजनको हित हुने, लाभ हुने काम गरिदिनु, (४) स्थानानुसार जोसुकैसित पनि समानात्मता राखेर हिंड्नु तथा 'म ठूलो' भन्ने अभिमान नराख्नु । यी चार कारणलाई 'लोकसंग्रह वस्तु' भन्दछन् ।

जस्तो धूरीको भरोसामा रथको पांग्रा घुम्दछ त्यस्तै गृहस्थरूपी रथको पाँग्रा पनि यही चार प्रकारका संग्रह वस्तुको भरोसामा घुम्दछ । अर्थात् उपर्युक्त चारवटा संग्रह वस्तु भएका गृहस्थीको गृह-धर्म वृद्धि हुन्छ । यी चारवटा संग्रह-वस्तु भएनभने न आमाबाबुबाट पुत्रपुत्रीको, न पुत्रपुत्रीबाट आमाबाबुको आदर सत्कार हुन्छ ।

पण्डितजनले यी चार संग्रह वस्तुको राम्ररी विचार गरी काम गर्ने हुनाले, उनीहरूको विशेषरूपले महान् वृद्धि हुने हो । तथा, उनीहरू प्रशंसाका पात्र हुने पनि त्यसैकारणले हो ।

Downloaded from http://dhamma.digital

यस प्रकारले भगवान्‌ले छ:वटा दिशा नमस्कार गर्ने विधि आज्ञा गरिसक्नु भएपछि सिगालपुत्रले, अत्यन्त सन्तोष भई भगवानलाई बिन्ति गरे- "धन्य ! धन्य ! भन्ते ! घोप्टी राखेको भाँडोलाई ठाडो पारिदिंदा, छोपी राखेकोलाई खोलि दिंदा, बाटो बिराएकोलाई बाटो देखाइ दिंदा, अन्ध्यारोमा तेलको बत्ती बालीदिंदा, जस्तो आँखा भएको व्यक्तिले रूपादि वस्तु देख्दछ, त्यस्तै तपाईंले मलाई अनेक प्रकारले धर्मोपदेश गरी अन्धा समानको व्यक्ति मलाई ज्ञानरूपी आँखा प्राप्त गराइदिनु भयो । अब म तपाई बुद्धको शरणमा, धर्मको शरणमा र संघको शरणमा आउँछु । आजदेखि मलाई तपाईंले शरणमा आएको उपासक भनी आश्रयमा लिनुहोस् ।

गृहपतिपुत्र ! तिम्रा बाबुले तिमीलाई 'छ:वटा दिशा नमस्कार गर्नू' भनेर गएको यही आमाबाबु इत्यादि छ: प्रकारका दिशाको बारेमा हो ! लोकले व्यवहार गर्ने बाहिरका छ:वटा दिशाको बारेमा होइन । बाबुको आज्ञा यदि तिमीले पालन गर्ने हो भने त्यही पूर्वोक्त छ:वटा दिशा प्रतिदिन नमस्कार गर्ने गर ।

यति उपदेश आज्ञा गरी भगवान बुद्ध भिक्षाटनको निंतिं राजगृह नगरभित्र जानु भयो ।

सिगालपुत्र पनि सन्तोष हुँदै त्रिरत्नको शरणमा गए । आफ्नो चालीस करोड धनसम्पत्ति पनि बुद्ध शासनको निंतिं परित्याग गरे । त्यसपछि सिगालपुत्रले गृही-विनयानुसार गृहस्थाश्रम चलाई अन्तमा स्वर्ग परायण भएर गए ।

**सिगालोवाद सूत्र समाप्त**

Downloaded from http://dhamma.digital

भिक्षु- उपासक ! तथागतले सिगालपुत्रलाई आज्ञा गर्नु भएको गृहस्थीहरूले गर्नुपर्ने गृही-विनयको कुरा बताए। यो उपदेश-शिक्षानुसार गृहस्थीहरूले गर्नु योग्य छ । यो उपदेशानुसार आचरण गरे भने गृहस्थाश्रममा रहेका व्यक्तिहरूलाई यसलोक र परलोकमा सुख आनन्द प्राप्त हुनेछ ।

उपासक- भन्ते ! यस्तो अमूल्य कुरा बताउनु भएकोमा तपाईंलाई सहश्र धन्यवाद छ। हाम्रो निंतिं त यो 'गृही-विनय परमावश्यक छ। भगवान् बुद्धको यस सिद्धान्त र सदुपदेश हामीले ग्रहण गर्नुपर्ने नै हो । यस प्रकारले तपाईं भिक्षुहरू जस्ताले हामी जस्ता अज्ञानीहरूलाई बराबर यसरी उपदेश दिइरहनु भयो भने नेपाली बौद्धमार्गीहरूको मात्रै होइन, सकल नेपाली मात्रको पनि होइन, अझ संसारका सकल मानिसको चरित्र र समाजको सुधार हुनेछ ।

भिक्षु- उपासक, तपाईंको कुरा ठीक हो। तर उद्योग विना कुनै काम पनि हुँदैन। हाम्रो समाजमा सुधारका प्रेरकहरू धेरै हुन सक्छन्। तर, 'छँदै छैन' भनी चूप लागेर बसेर केही हुँदैन। बिना खोजीले कुनै कुरो पनि प्राप्त हुँदैन । कुनै एकजना पण्डितले भनेको पनि छ-

**"धिक्कार धिक्कार तिमी निरबुद्धिलाई,**
**खोजी बिना केही हुँदैन भाइ !"**

कुनै श्रमण-ब्राह्मण तथा भिक्षुहरूले उपदेश दिएको ग्रहण गर्ने हामीलाई चासो छैन भने हाम्रो सुधार कसरी हुन्छ। सनातनदेखि चलेर आएको कुल-धर्म तथा रीतिथिति बुझ्ने वास्ता नै हामीमा छैन। धर्मशास्त्र, विद्या, शिल्प, कला तथा साहित्य-सुधार पट्टि हामीले ध्यान दिएनौं भने हाम्रो अवनति हुन्छ, हुन्छ। साँच्चै भनू भने हाम्रो समाजले यस दिशातिर उत्तिको ध्यान दिएको देखिदैन ।

Downloaded from http://dhamma.digital

उपासक- त्यसै त भन्नुपऱ्यो अब के गरूँ !

भिक्षु- फेरि 'के गरूँ !'- उही नैराश्यको बादल ! के गरूँ भनिरहेर हाम्रो सुधार कहिल्यै हुँदैन । 'गृही-विनय' को आदेशानुसार आचरण गर्ने यत्न गर्नु पर्दछ । अनि मात्रै हाम्रो सुधार सम्भव हुन्छ ।

गृहस्थीहरूको सुधार हुने विधि र उपदेश शिक्षा वर्णन गरिराखेकोले यस ग्रन्थलाई 'गृही-विनय' भनेको हो । यो सिगालोवाद सूत्रको अनुसार आचरण गर्ने व्यक्तिको सुधार र अभिवृद्धि बाहेक असुधार र अवृद्ध कदाचित्त हुँदैन । त्यसकारण यस गृही-विनयको शिक्षालाई ग्रहण गरी घरलाई स्वर्गतुल्य बनाउनु पऱ्यो । धार्मिक जीविका गरिरहने व्यक्तिलाई यस लोकमा पनि परलोकमा पनि शान्ति प्राप्त हुन्छ । यस्तै प्रकारले धर्मचर्य्या वृद्धि गरेर लग्यो भने त्यस व्यक्तिले क्रमशः जन्म मरणबाट मुक्त भई निर्बाण प्राप्त गर्न सकिनेछ ।

उपासक- साधु ! साधु ! साधु !

Dhamma Digital

Downloaded from http://dhamma.digital

# गृही सुख हुने उपदेश

भगवान् बुद्धको पालामा कोलिय जनपदको कक्करपत्त भन्ने निगममा दीर्घजाणु कोलियपुत्र (दीघजाणु कोलिय पुत्त) बस्दथे।

एक समय भगवान् गौतम बुद्ध त्यस निगममा आउनु भएको थियो। अनि दीर्घजाणु कोलियपुत्र भगवान् बसिरहनु भएको ठाउँमा गई गृहस्थीहरूको इहलौकिक र पारलौकिक हित र सुख हुने कुरा बताउनुहोस् भनी प्रार्थना गर्दा वहाँले अङ्गुत्तरनिकायको अट्ठकनिपातमा उल्लिखित दीघजाणु सूत्रको उपदेश सुनाउनु भयो। सूत्र यसप्रकार छ-

"एक समय भगवान् कोलिय (जनपद) को कक्करपत्त[1] भन्ने कोलियहरूको निगममा बसिरहनु भएको थियो।[2]

"अनि दीघजाणु (=दीर्घजानु=लामोखुट्टा) कोलियपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका दीघजाणु कोलियपुत्रले भगवान्संग यस्तो बिन्ति गरे-

---

१. कोलिय जनपदको यो 'कक्करपत्त' भन्ने निगम हाल लुम्बिनी अञ्चलको लुम्बिनी नजिक भारतीय सीमानाको 'ककरहवा' हुनसक्छ भन्ने विचार भरतसिंह उपाध्यायले आफ्नो बु भा. भू. पृ. ३११ मा उल्लेख गरेका छन्।

२. अं. नि-८, पृ. ३७५: दीघजाणुसुत्तं, गोतमीवग्गो, अ. क. II पृ. ७७८।

Downloaded from http://dhamma.digital

"भन्ते ! हामी गृही कामभोगी व्हौं जो केटाकेटीहरूको झंझटमा परी घरबारमा सुतेर बस्छौं र हामी काशीको चन्दन लगाउँछौं, मालागन्धविलेपन धारण गर्छौं तथा सुनचाँदी सेवन गर्छौं। भन्ते ! भगवान्ले हामीलाई त्यस्तो धर्मोपदेश गर्नुहोस् जो हामीहरूको निमित्त यसै जीवनमा हित र यसै जीवनमा सुख तथा पारलौकिक हित र पारलौकिक सुख हुन सकोस् ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चार सम्पदा

"इहलौकिकसुख- ब्यग्घपज्ज[१] ! (=व्यघ्रपदच) चार कारणले कुलपुत्रको यसै जीवनमा हित र यसै जीवनमा सुख हुन्छ। कुन चार भने ? (१) उट्ठानसम्पदाद्वारा, (२) आरक्षासम्पदाद्वारा, (३) कल्याणमित्रताद्वारा र (४) समानजीविकाद्वारा।

"(१) "ब्यग्घपज्ज ! उट्ठानसम्पदा भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र जुन कामद्वारा जीविका गर्छ- चाहे त्यो कृषि कर्म होस्, व्यापार होस्, गौपालन होस्, धनुषविद्या होस्, नोकरी होस् अथवा कुनै शिल्पविद्या होस्- त्यहाँ (त्यस काममा) चलाक हुन्छ, निरालसी हुन्छ उपाय- कौशल्यताले युक्त विचार पुऱ्याई काम गर्ने र कामकाज गर्नमा र कामकाज संविधान गर्नमा सक्षम हुन्छ। ब्यग्घपज्ज ! यसैलाई 'उट्ठानसम्पदा' भन्दछन्।

(२) "ब्यग्घपज्ज ! आरक्षासम्पदा भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रका भोगसम्पत्तिहरू हुन्छन् जो उट्ठानवल- वीर्यद्वारा, बाहुवलद्वारा पसिना बगाई धर्मपूर्वक कमाएका । ती भोगसम्पत्तिहरू गुप्तरूपले रक्षा गरेको हुन्छ- 'यी भोगसम्पत्तिहरू राजाले हरण गर्न नसकुन्, चोरले चोर्न नसकोस्, आगोले भस्म पार्न नसकोस्,

---

१. 'ब्यग्घपज्ज' (=व्यघ्रपथ्य) भनिएको कोलियहरूको परम्परागत खान्दानी नाम हो । कोलियका पूर्वजहरू ब्यघ्रपथमा जन्मेका थिए। त्यसैले उनीहरूलाई 'ब्यग्घपज्ज' भनिएको हो भनी मनो. र. पृ II पृ ७७८: दीघजाणुसुत्तवण्णनाले उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital

पानीले बगाउन नसकोस् र अवांछनीय पुरुषको हातमा नपरोस्' भनी गुप्तरूपले आरक्षा गरेको हुन्छ । ब्यग्घपज्ज ! यसैलाई 'आरक्षासम्पदा' भन्दछन् ।

(३) "ब्यग्घपज्ज ! कल्याणमित्रता भनेको कस्तो हो ? ब्यग्घपज्ज ! जुन गाउँ वा निगममा कुलपुत्र बस्दछ त्यस ठाउँमा जो गृहपति वा गृहपतिपुत्र तरुण वा वृद्ध, वृद्ध वा वृद्धस्वभावका, श्रद्धासम्पन्न, शीलसम्पन्न, त्यागसम्पन्न र प्रज्ञासम्पन्न हुन्छन् तिनीहरूसंग बस्छ कुरा गर्छ, छलफल गर्छ र सत्संगत गर्छ । जसरी उनीहरू श्रद्धासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू शीलसम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू त्यागसम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ, जसरी उनीहरू प्रज्ञासम्पन्न भए त्यसरी नै आफू पनि सिक्छ र उनीहरूसँग बस्छ, कुरा गर्छ, छलफल गर्छ र सत्संगत गर्छ । ब्यग्घपज्ज ! यसैलाई "कल्याणमित्रता" भन्दछन् ।

(४) "ब्यग्घपज्ज ! समजीविका भनेको कस्तो हो ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी भोगसम्पत्तिको व्ययलाई पनि बुझी समानरूपले जीविका गर्छ- न अति धेरै न अति थोरै (खर्च गर्छ)- 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ, (भनी खर्च गर्छ) । ब्यग्घपज्ज ! जस्तै कुनै तुलाधर वा तुलाधर अन्तेबासिकले तुला समात्दा जान्दछ कि- 'यतिले यो कम छ वा यतिले यो बढी छ ।' ब्यग्घपज्ज ! त्यस्तै गरी यहाँ कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि जानी भोगसम्पत्तिको व्ययलाई पनि जानी समानरूपले जीविका गर्छ- 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ' (भनी खर्च गर्र्छ) ब्यग्घपज्ज ! यदि यो कुलपुत्रले कम आय भएर धेरै खर्च गरी जीविका गर्छ भने- उसलाई यस्तो भन्ने हुन्छन्- 'यो कुलपुत्रले

Downloaded from http://dhamma.digital

उदुम्बर (=डुम्री) खाए झैं भोगसम्पत्ति खान्दै छ।' ब्यग्घपज्ज ! यदि यो कुलपुत्रले धेरै आय भएर पनि कष्टपूर्वक जीविका गर्छ भने- उसलाई यस्तो भन्ने हुन्छन्- 'यो कुलपुत्र बूढो हुन नपाउँदै मर्नेछ।' ब्यग्घपज्ज ! जब कुलपुत्रले भोगसम्पत्तिको आयलाई पनि बुझी- न अति धेरै न अति थोरै (खर्च गर्छ)- 'यसरी मेरो आय, व्ययभन्दा बढी हुनेछ न कि आयभन्दा व्यय बढी हुनेछ' (भनी खर्च गर्छ)। ब्यग्घपज्ज ! यसैलाई 'समजीविका' भन्दछन्।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# विनाशका चार कारणहरू

“ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका विनाशका कारणहरू (अपाय मुखानि) चारवटा हुन्छन्- (१) स्त्रीधूर्त, (२) सुराधूर्त, (३) अक्षधूर्त (=जुवाडी) र (४) पापमित्र (=खराब साथी) पापसहाय पापविश्वासी। ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (=पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (=पानी जाने मुखहरू) हुन्छन्। अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू बन्द गर्छ र जो ती पानीजाने मुखहरू हुन् तिनीहरू खोलिदिन्छ र मुसलधारा पानी पनि पर्दैन । ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी सुकेर नै जाने सम्भावना हुन्छ बढेर आउने सम्भावना हुन्न । ब्यग्घपज्ज ! यस्तैगरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा विनाशका कारणहरू हुन्छन्- स्त्रीधूर्त, सुराधूर्त, अक्षधूर्त र पापमित्र पापसहाय पाप विश्वासी ।

“ब्यग्घपज्ज ! यसरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू (=अभिवृद्धिका कारणहरू) हुन्छन्- (१) स्त्रीधूर्त हुन्न, (२) सुराधूर्त हुन्न, (३) अक्षधूर्त हुन्न र (४) कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ । ब्यग्घपज्ज ! जस्तै कुनै ठूलो तलाउका चारवटा आयमुखहरू (=पानी आउने मुहानहरू) र चारवटा अपायमुखहरू (=पानी जाने मुखहरू) हुन्छन्। अनि सो पुरुषले जो ती पानी आउने मुहानहरू हुन् तिनीहरू खोलिदिन्छ र जो ती पानीजाने मुखहरू हुन् तिनीहरू बन्दगर्छ र मुसलधारा पानी पनि पर्दछ । ब्यग्घपज्ज ! यस्तो अवस्थामा त्यो ठूलो तलाउको पानी बढेर आउने नै सम्भावना हुन्छ र घटेरजाने सम्भावना

Downloaded from http://dhamma.digital

हुन्न । ब्यग्घपज्ज ! यस्तैगरी भोगसम्पत्तिद्वारा सुसम्पन्न हुनेका चारवटा आयमुखहरू हुन्छन्- स्त्रीधूर्त हुन्न, सुराधूर्त हुन्न, अक्षधूर्त हुन्न र कल्याणमित्र कल्याणसहाय कल्याणविश्वासी हुन्छ । ब्यग्घपज्ज ! यी चार कारणले गर्दा यसै जीवनमा कुलपुत्रको हित र सुख हुन्छ ।

पारलौकिक सुख- "ब्यग्घपज्ज ! चार कारणले गर्दा कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ । कुन चार भने ?- (१) श्रद्धासम्पदा, (२) शीलसम्पदा, (३) त्यागसम्पदा र (४) प्रज्ञासम्पदा ।

(१) "ब्यग्घपज्ज ! श्रद्धासम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र श्रद्धावान् हुन्छ, तथागतको बोधिमा यसरी श्रद्धा राख्छ- 'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ, विद्याचरणसम्पन्न हुनुहुन्छ, सुगत (=असल ठाउँमा पुग्नु भएको) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता हुनुहुन्छ तथा बुद्ध भगवान् हुनुहुन्छ ।' ब्यग्घपज्ज ! यसैलाई 'श्रद्धासम्पदा' भन्दछन् ।

(२) "ब्यग्घपज्ज ! शीलसम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र (१) प्राणीघातबाट अलग रहन्छ, (२) अदिन्नादानबाट (=चोरीबाट) अलग रहन्छ, (३) काममिथ्याचारबाट अलग रहन्छ, (४) मृषावादाबाट अलग रहन्छ र (५) सुरामेरयमद्य प्रमादस्थानबाट अलग रहन्छ । ब्यग्घपज्ज ! यसैलाई "शीलसम्पदा' भन्दछन् ।

(३) "ब्यग्घपज्ज ! त्यागसम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र निर्लोभी भएर, त्यागी भएर, शुद्ध हातले दानकार्यमा अग्रसर भएर, याचकपात्र भएर तथा दानसंविभाजनमा रत भएर घरमा बस्छ । ब्यग्घपज्ज ! यसैलाई 'त्यागसम्पदा' भन्दछन् ।

(४) "ब्यग्घपज्ज ! प्रज्ञासम्पदा भनेको कस्तो हो त ? ब्यग्घपज्ज ! यहाँ कुलपुत्र प्रज्ञावान् हुन्छ, उदयास्तगामिनी प्रज्ञाले सुसम्पन्न

Downloaded from http://dhamma.digital

हुन्छ तथा आर्यनिर्वेधिक सम्यक् दु:खक्षयगामिनी प्रज्ञाले सम्पन्न हुन्छ। ब्यग्घपज्ज ! यसैलाई 'प्रज्ञा सम्पदा' भन्दछन्। व्यग्घपज्ज ! यी चार कारणले कुलपुत्रको पारलौकिक हित र पारलौकिक सुख हुन्छ।

(यति भन्नु भएपछि पुन: निम्न गाथाहरू भन्नुभयो)

१. **"उट्ठाता कम्मधेय्येसु, अप्पमत्तो विधानवा।**
**समं कप्पेति जीविकं[1], सम्भतं अनुरक्खति ॥**

२. **"सद्धो सीलेन सम्पन्नो, वदञ्ञू वीतमच्छरो।**
**निच्चं मग्गं विसोधेति, सोत्थानं सम्परायिकं ॥**

३. **"इच्चेते अट्ठ धम्मा च, सद्धस्स "धरमेसिनो।**
**अक्खाता सच्चनामेन, उभयत्थ सुखावहा ॥**

४. **"दिट्ठधम्महितत्थाय, सम्परायसुखाय च।**
**एवमेतं गहट्ठानं, चागो पुञ्ञं पवड्ढती'ति ॥"**

अर्थ-

"१– कामकाजमा वीर्यवान् हुने, अप्रमादी, व्यवधान सम्पन्न गर्ने, समानरूपले जीविका गर्ने र प्राप्त धनको रक्षा गर्ने;

"२– श्रद्धावान्, शीलसम्पन्न, भनेको कुरा बुझ्ने, मात्सर्य रहित र हरबखत मार्ग शोधन गरी पारलौकिक-हितको निमित्त काम गर्ने;

"३– यसरी श्रद्धापूर्वक घरमा बस्ने गृहस्थीलाई सत्यको नाममा भनिएका यी आठ गुणधर्महरूद्वारा उभयार्थ सुखावह हुन्छ।

"४– यसरी गृहस्थीको निमित्त त्यागले पुण्य बढ्छ र इहलोकको निमित्त हित र परलोकको निमित्त सुख पनि हुन्छ।"

---

१. स्याममा: 'जीवितं'।

Downloaded from http://dhamma.digital

# गृहस्थीहरूले विशेष ध्यानमा राख्नु पर्ने कारणहरू

यदि कुनै गृहस्थीहरूको भोगसम्पत्तिहरू अचिरस्थायी हुन्छन् भने ती निम्न चार कारणहरूबाट वा अरू कुनै त्यस्तै कारणहरूबाट हुन सक्तछन् भनी अङ्गुत्तरनिकायको चतुक्क निपातमा भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ । जस्तै-

(१) हराएको वस्तु खोजी नगर्नाले ।

(२) पुरानो भएर जीर्ण-सीर्ण भएको वस्तुको पुनः जीर्णोद्धार नगर्नाले ।

(३) प्रमाण भन्दा भित्र रही खान-पान गरी लुगाफाटा लगाई मोजमज्जा गर्नाले ।

(४) दुश्शील असंयमी स्त्री वा पुरुषलाई ढुकुटीको वा भण्डारको अधिपति बनाउनाले ।

यदि कुनैं गृहस्थीहरूको भोगसम्पत्तिहरू चिरस्थायी हुन्छन् भने ती निम्न चार कारणहरूबाट वा अरू कुनै त्यस्तै कारणहरूबाट हुन सक्तछन् भनी भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ । जस्तै-

(१) हराएको वस्तु खोजी गर्नाले ।

(२) पुरानो भएर जीर्ण-सीर्ण भएको वस्तुको पुनः जीर्णोद्धार गर्नाले ।

(३) आफ्नो प्रमाण भित्र रही खान-पान गरी लुगा फाटा लगाईं मोजमज्जा गर्नाले ।

(४) शीलवान् संयमी स्त्री वा पुरुषलाई ढुकुटीको वा भण्डारको अधिपति बनाउनाले । (अं. नि-४ पृ. २६४: कुलसुत्तं)

Downloaded from http://dhamma.digital

# उपासकले गर्न नहुने व्यापार

निम्न पाँचवटा व्यापारहरू त्रिशरणमा गएका उपासकहरूले गर्नु र गराउनु उचित छैन भनी अङ्गुत्तरनिकायको पञ्चकनिपातमा भगवान् बुद्धले उपदेशको रूपमा भन्नु भएको छ । जस्तै-

(१) काट-मार गर्ने शस्त्र-अस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रयविक्रय गर्न र गर्न लगाउनु हुन्न ।

(२) सत्वप्राणीहरू खासगरी मानिसहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

(३) मांस क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

(४) अमल लाग्ने कुनै पनि मादक पदार्थहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

(५) कुनै प्रकारको विषालु पदार्थ बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गराउनु हुन्न ।

उपरोक्त क्रय-विक्रयद्वारा उपार्जित धनसम्पत्तिद्वारा जीविका गर्नेको जीवनलाई अधार्मिक जीवन भनी भन्दछन् । अतः शुद्ध उपासकले त्यस किसिमको जीविकाबाट दूर रहन सक्नुपर्छ । (अं. नि.- ५ पृ. ४५४: वणिज्जसुत्तं)

Downloaded from http://dhamma.digital

# प्रज्ञा वृद्धि हुने कारण

निम्न चार कारणबाट मानिसको प्रज्ञावृद्धि विकाश हुनसक्छ भनी अङ्गुत्तरनिकायको चतुक्कनिपातमा भगवान् बुद्धले प्रकाश पार्नु भएको छ । जस्तै-

(१) आफूभन्दा ठूला घरानी बुद्धिवान् सत्पुरुषको सत्संगत गर्नाले ।

(२) समय समयमा सद्धर्मको श्रवण गर्ने बानी बसाल्नाले ।

(३) कुनै काम-कुरा गर्दा राम्ररी विचार पुऱ्याई, राम्ररी होस् राखी सचेत भई काम-कुरा गर्ने बानी बसाल्नाले ।

(४) कसैको हानी नहुने, कसैलाई हिंसा नहुने गरी धर्मानुकूल काम-काज गर्ने बानी बसाल्नाले ।

मानिसहरूको निमित्त उक्त चार कारणहरू बहुपकारी पनि हुन्छन् । (अं. नि. ४ पृ. २६० : पञ्ञावुद्धिसुत्तं)

Dhamma.Digital

**भिक्षु अमृतानन्दद्वारा प्रणीत तथा**
**केशवलाल कर्माचार्यद्वारा अनुदित**

## 'गृही-विनय'

**समाप्त**

Downloaded from http://dhamma.digital

२५. बुद्धकालीन प्रेतकथा (अप्राप्य) ..................... रू. १०/-
२६. बुद्धकालीन विमानकथा (अप्राप्य) ..................... रू. १२/-
२७. जातक संग्रह भाग-१ (अप्राप्य) ......................... रू. १०/-
२८. जातक संग्रह भाग-२ ................................. रू. ८/-
२९. जातक संग्रह भाग-३ ................................. रू. १३/-
३०. जातक संग्रह भाग-४ ................................. रू. १२/-
३१. जापान भ्रमणको डायरी ................................. रू. ४/-
३२. विषय सूची भाग-१ ................................. रू ५/-
३३. नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास (अप्राप्य)
३४. संक्षिप्त कथा सहित धम्मपद भाग-१ (दोस्रो सं) ............... रू. १५/-
३५. बोधि राजकुमार (अप्राप्य) ............... रू. ४/-
३६. त्रिरत्न वन्दना र पाठचकम (४०) (अप्राप्य) ............... रू. ४/-
३७. जातकमाला (नेवारी) भाग-१ (तेस्रो संस्करण) ............ रू. ४/-
३८. पालिपाठमञ्जरी भाग-२ ............... रू. ६/-
३९. संक्षिप्त बुद्धजीवनी (चतुर्थ संस्करण नेवारी) ............... रू. १५/-
४०. धम्मपदट्ठकथा (नेवारी) (द्वि.सं) भाग-१ ..................... रू. १२/-
४१. धम्मपदट्ठकथा (नेवारी) भाग-२ ..................... रू. १०/-
४२. धम्मपदट्ठकथा (नेवारी) भाग-३ ..................... रू. १८/-
४३. आनन्दकुटी विहार गुठीको प्रकाशन (सूचि) ..................... रू. २/-
४४. न्ह्यसःया लिसः (४५) ............................... रू. ३/-
४५. A Short History of Theravada Buddhism
in Modern Nepal (Third Edi.) ..................... रू. २२/-
४६. The Story of Prince Sddhartha ..................... रू. २५/-
४७. Kings of Buddha's Time (अप्राप्य) ..................... रू. १९/-
४८. Buddhism at a Glace ..................... रू. ६/-
४९. A Brief Biography of Ven. Bhikkhu
Amritananda of Nepal (५२) ..................... रू. ८/-
५०. Buddhism of Nepal (५३) ..................... रू. १२/-
५१. (एक ब्राम्हण) भिक्षुको जीवनी ..................... रू. २/-

Downloaded from http://dhamma.digital

५२. यशोधरा (५१) ...................... रु. ११/-

५३. मेरो जीवन यात्रा (४५) (अप्राप्य) ...................... रू. २/५०

५४. विषय सूची (२०४४) भाग-२ ...................... रू. १०/-

५५. महाकश्यप महास्थविर (नेवारी) ...................... रू. २०/-

५६. उभयपातिमोक्ख (उभयप्रातिमोक्ष, नेवारी) ...................... रू. २०/-

५७. माँ-बौ सेवा (अप्राप्य) ...................... रू. ३/-

५८. सोलुखुम्बू यात्राको डायरी ...................... रू. ५/-

५९. धर्म-ज्योति (अप्राप्य) ...................... रू. १३/-

६०. वेस्सन्तर जातक ...................... रू. १२/-

६१. न्हापायापिं प्रसिद्ध बज्राचार्यपिं ...................... रू. ५/-

६२. धम्मपद (नेवारी) चतुर्थ संस्करण ...................... रू. ८/-

६३. गृही-विनय (तेस्रो संस्करण) ...................... रू. १९/-

६४. धम्मपद (नेपाली, तेस्रो संस्करण) ...................... रू. १०/-

६५. के बुद्धधर्म हिन्दुधर्मको शाखा हो र ? ...................... रू. ६/२५

६६. Awake ! Buddhists of Nepal ...................... रू. ८/-


मुद्रक : नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, फोन: २२ १० ३२

Downloaded from http://dhamma.digital